# गाउँ शिक्षा क्षेत्र योजना

## (२०८१/०८२-२०८५/०८६)

## घिरिङ गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### पोखरीछाप, तनहुँ
### गण्डकी प्रदेश, नेपाल

# गाउँ शिक्षा क्षेत्र योजना

(२०८१/०८२-२०८५/०८६)

## घिरिङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पोखरीछाप, तनहुँ,

गण्डकी प्रदेश, नेपाल

२०८१

**प्रकाशक** : घिरिङ गाउँपालिका, तनहुँ
सर्वाधिकार : प्रकाशकमा सुरक्षित
प्रकाशन मिति : २०८१
मुद्रण : आदर्श अफ्सेट प्रिन्टर्स, पोखरा

पत्र संख्या / Reference No.: २०८१।०८२
चलानी नं/Dispatch No

## अध्यक्षको भनाई



गाउँपालिकाको सामाजिक, आर्थिक, सांस्कृतिक, पूर्वाधार र वातावरणीय विकासलाई सन्तुलित र योजनाबद्ध ढङ्गले गरिनुपर्छ । सस्कार र सम्पदा भावी पुस्ताकालागि समेत उपयोग गर्ने वातावरण बनाइनुपर्छ । यसका लागि गाउँपालिकाको शिक्षालाई समय सापेक्ष उच्च गतिमा सञ्चालन गर्नु आवश्यक छ । नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि **विद्यालय शिक्षा क्षेत्र योजना** कार्यान्वयनमा रहेको छ । सोही अनुरुप गाउँपालिकाले हाम्रो जस्तो सीमित स्रोत साधन मार्फत बढी उपलब्धि प्राप्त गर्न, शैक्षिक सेवा प्रभावकारी रूपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवम् शिक्षामा पँहुच, गुणस्तर, सहभागिता र समता सुनिश्चित गर्नका लागि पाँच वर्षे गाउँ शिक्षा योजना निर्माण गरेको छ

गाउँपालिकाको आधारभूत तथा माध्यामिक शिक्षालाई दिगो, सन्तुलित र समावेशिता सहित समयसापेक्ष उच्चतम प्रविधिको पहुँचमा पुर्याउन यस योजनाले महत्वपूर्ण भूमिका खेल्नेछ । यो पाँचवर्षे योजनाले गाउँपालिकाको समग्र शिक्षामा उच्चतम लक्ष्य प्राप्त गर्नकालागि घिरिङ गाउँपालिकाले लिएका पहलकदमी र योजनाबारे विस्तृतमा जानकारी दिने र नेपाल सरकार स्थानीय तहको शिक्षा योजना निर्माणसम्बन्धी मार्गदर्शन, २०८१ले दिएका लक्ष्य तथा सूचक हासिल गर्न सहयोग पुग्ने विश्वास लिएको छु ।

विशेष गरि USAID प्रारम्भिक कक्षा सिकाई कार्यक्रमलाई सम्झन चाहन्छु, जसले हामीलाई यो योजना निर्माण गर्न सुरुवाती चरण देखि अन्त्य सम्म प्राविधिक सहयोग गरेको छ | अब यो बनेको योजनालाई पूर्ण रुपमा कार्यान्बयन गर्ने र आवश्यक श्रोतको व्यवस्थापन गर्ने कुराको प्रतिबद्धता पनि ब्यक्त गर्दछु | पक्कै पनि यो पाँच वर्षे शिक्षा योजनाले हाम्रो पालिकाको समग्र विकास र सम्बृद्धिमा टेवा पुग्नेछ | यस योजना निर्माण सम्पन्न गर्न प्रत्यक्ष र अप्रत्यक्ष सहयोग गर्नुहुने सम्पूर्ण सरोकारवालाहरुलाई हार्दिक धन्यवाद सहित आभार व्यक्त गर्दछु |

धन्यवाद!

होम बहादुर थापा

घिरिङ गाउँपालिका
**Ghiring Rural Municipality**
गाउँ कार्यपालिकाको कार्यालय
**Office of the Rural Municipal Executive**
पोखरीछाप, तनहुँ
**Pokharichhap, Tanahan**

गण्डकी प्रदेश, नेपाल
**Gandaki Province, Nepal**

पत्र संख्या / Reference No.: २०८१।०८२
चलानी नं/Dispatch No

## उपाध्यक्षको भनाई



शैक्षिक सेवा प्रभावकारी रूपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवम् शिक्षामा पँहुच, गुणस्तर, सहभागिता र समता सुनिश्चित गर्नका लागि शिक्षा योजनाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनमा रहेको छ। त्यसै गरी प्रदेश स्तरमा पनि शिक्षा क्षेत्रको योजना निर्माण भई कार्यन्वयनमा छन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भएपश्चात् आधारभूत तथा माध्यमिक शिक्षाका कार्यक्रम स्थानीय तह मार्फत कार्यान्वयन भइरहेका छन्। अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा हासिल गर्नका लागि ७५३ ओटै स्थानीय तहले सङ्घीय र प्रदेश सरकारका योजनालाई आधार मानी आफ्ना आवश्यकतालाई प्राथमिकतामा राखी स्थानीय तह स्तरीय शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ ।यसै आवश्यकतालाई मध्यनजर गर्दै घिरिङ गाउँपालिकाले यो पाँच वर्षे शिक्षा योजना निर्माण गरेको हो |

यस योजना निर्माण सम्पन्न गर्न विभिन्न तह र तप्का बाट प्रत्यक्ष र अप्रत्यक्ष सहयोग गर्नु हुने सम्पूर्ण सरोकारवाला हरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु | विशेष गरि USAID प्रारम्भिक कक्षा सिकाई कार्यक्रमलाई सम्झन चाहन्छु, जसले हामीलाई यो योजना निर्माण गर्न सुरुवाती चरण देखि अन्त्य सम्म प्राविधिक सहयोग गरेको छ |

अब यो बनेको योजनालाई पूर्ण रुपमा कार्यान्वयन गर्ने र आवश्यक श्रोतको व्यवस्थापन गर्ने कुराको प्रतिबद्धता पनि व्यक्त गर्दछु | पक्कै पनि यो पाँच वर्षे शिक्षा योजनाले हाम्रो पालिकाको समग्र विकास र समृद्धिमा टेवा पुग्नेछ | फेरि पनि अन्त्यमा सबै प्रति हार्दिक आभार व्यक्त गर्दछु |

धन्यवाद।

राधादेवी अधिकारी

"कृषि पर्यटन ऐतिहासिक धरोहर समृद्ध घिरिङ निर्माणमा हाम्रो सरोकार"
Email: ghiringgaupalika@gmail.com, Website: ghiringmun.gov.np

घिरिङ गाउँपालिका
**Ghiring Rural Municipality**
गाउँ कार्यपालिकाको कार्यालय
**Office of the Rural Municipal Executive**
पोखरीछाप, तनहुँ
**Pokharichhap, Tanahan**

गण्डकी प्रदेश, नेपाल
**Gandaki Province, Nepal**

पत्र संख्या / Reference No.: २०८१।०८२
चलानी नं/Dispatch No

## प्रमुख प्रशासकीय अधिकृतको भनाई



मुलुक संघीयतामामा रूपान्तरण भइसके पश्चात् आधारभूत र माध्यमिक तहसम्मको शिक्षाको अधिकार संविधानले स्थानीय तहलाई प्रत्यायोजित गरेको छ। तसर्थ विद्यालय शिक्षामा सबैको सरल सहज र समतामूलक पहुँच सुनिश्चित गरी शिक्षालाई सर्वव्यापी जीवन उपयोगी प्रतिस्पर्धी एवं गुणस्तरीय तुल्याउन स्थानीय तहलाई चुनौतीपूर्ण अवसर प्राप्त भएको छ। यसै सिलसिलामा घिरिङ गाउँपालिकाको समग्र शिक्षाको शिक्षा क्षेत्रको सुधार तथा विकासका लागि बनेको शिक्षाको पाँच वर्षे सोंच सहितको स्थानीय शिक्षा योजना (२०८०/८१-२०८५/०८६) एउटा महत्त्वपूर्ण दस्तावेजका रूपमा रहेको छ।

गाउँपालिकाको शैक्षिक क्षेत्रमा सबैको समतामूलक पहुँच प्रभाव र प्रतिनिधित्व स्थापित गर्दै असल, अनुशासित, सिपयुक्त, दक्ष, प्रतिस्पर्धी एवं उत्पादनशील जनशक्ति उत्पादनमा सहयोग पुगोस् भन्ने हेतुले यो स्थानीय शिक्षा योजना निर्माण गरिएको हो। शिक्षा योजना निर्माण गर्न मार्गदर्शन गर्नुहुने गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष तथा वडा अध्यक्ष लगायत का सबै जनप्रतिनिधिहरू र राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरूलाई विशेष धन्यवाद दिन चाहन्छु। योजना निर्माण समितिका सबै पदाधिकारीहरू, कार्यालयका सबै कर्मचारीहरु, गाउँपालिकाभित्र रहेका सबै विद्यालयका प्रधानध्यापक तथा शिक्षकहरू लगायत प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग, समन्वय तथा सहकार्य गर्नुहुने सबै सबैप्रति हार्दिक धन्यवाद सहित कृतज्ञता व्यक्त गर्दै यस योजना कार्यान्वयनका लागि हार्दिक अनुरोध गर्दछु।

कृष्णप्रसाद ढकाल

"कृषि पर्यटन ऐतिहासिक धरोहर समृद्ध घिरिङ निर्माणमा हाम्रो सरोकार"
Email: ghiringgaupalika@gmail.com, Website: ghiringmun.gov.np

## शिक्षा, युवा तथा खेलकुद शाखाको भनाई



शैक्षिक योजनाका रूपमा सरोकारवालाहरूको सहभागिता अपनत्व स्रोत र साधनको अधिकतम परिचालन र उपयोग शैक्षिक गुणस्तर सुधार आदिलाई महत्त्वपूर्ण विशेषताको रुपमा लिनुपर्दछ। संघीयतामा प्रवेश गरिसकेपछि स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहलाई आवधिक योजनाका साथसाथै विषयगत योजनाहरुको निर्माण गरी कार्यान्वयन गर्नुपर्ने कुरालाई नीतिगत रुपमा व्यवस्था गर्नु महत्वपूर्ण उपलब्धि हो ।त्यसैको प्रतिफल यस गाउँपालिकाले अगाडि बढ्ने तयारीमा छ । यस गाउँ शिक्षा योजना मार्फत योजनाबद्ध शैक्षिक गतिविधि सञ्चालन भई गुणस्तर अभिवृद्धिमा ठोस योगदान पुग्ने छ ।

घिरिङ गाउँ-पालिकाले समग्र पालिकाको शिक्षा क्षेत्र बिकासको लागि दिर्घकालिन सोंच सहित ५ बर्षे शिक्षा नीति निर्माण गरेको हो | नेपाल सरकार शिक्षा मन्त्रालय, प्रदेश सामाजिक विकास मन्त्रालयको लक्ष्य अनुसारनै पालिकाले आफ्नो शिक्षा अन्तर्गत आगामी कार्यक्रम तथा लक्ष्य निर्धारण गरेको छ | मुख्य उद्देश्य भनेको सबै बालबालिकाको शिक्षा पाउने अधिकारको सुनिश्चितता गर्नु नै यस योजनाको मुख्य ध्येय हो | गुणस्तरीय, समावेशी सहितको शिक्षा आजको आवश्यकता हो | यस योजना निर्माण गर्न विभिन्न सरोकारवाला र सङ्घ संस्थाको सहयोग रहेको छ | विशेष गरि USAID प्रारम्भिक कक्षा सिकाई कार्यक्रम मार्फत यो योजना निर्माणका लागि प्राविधिक सहयोग भएको छ | सबै प्रति शिक्षा, युवा तथा  शाखा कृतज्ञ छ | निर्माण भएको यो योजनालाई लागु गर्न हामी सबैको हातेमालो आवश्यक भएको हुँदा, सबैले आ-आफ्नो क्षेत्रबाट सहयोग गर्नुहुनेछ भन्नेमा पूर्ण बिश्वास गर्दछु |

कृष्ण प्रसाद सुवेदी
शिक्षा अधिकृत

# विषय सूची

*प्रमुखको भनाइ*

*उप-प्रमुखको भनाइ*

*प्रमुख प्रशासकीय अधिकृतको भनाइ*

*शिक्षा युवा तथा खेलकुद शाखाको भनाइ*

**परिच्छेद एक: परिचय**

१.१ पृष्ठभूमि 7

१.२ परिचय 8

१.२.३ पालिकाको सामाजिक तथा सांस्कृतिक अवस्था 11

१.२.४ पालिकाको शैक्षिक अवस्था 11

१.२.४.१ विद्यालयगत विवरण 11

१.२.४.१ विद्यार्थी विवरण 13

१.२.४.२ शिक्षक विवरण 15

१.२.४.३ पालिकाको शैक्षिक सूचक र वर्तमान अवस्था 15

१.३ मुख्य समस्या तथा चुनौतीको विश्लेषण 18

१.४ शिक्षा क्षेत्रका चुनौतीको SWOT विश्लेषण 19

१.३.१ शिक्षा क्षेत्रका मुख्य समस्याहरू 20

१.३.२ शिक्षा क्षेत्रका मुख्य चुनौतीहरू 21

१.३.३ विद्यालय शिक्षा क्षेत्रका अवसरहरू 21

१.३.४ शिक्षा योजनाले समेट्ने पक्षहरू 22

**परिच्छेद दुई: दुरदृष्टि, उद्देश्य, रणनिति, उपलब्धि र लक्ष्य**

२.१ पृष्ठभुमि 26

२.२. दुरदृष्टि 26

२.३ ध्येय 26

२.४ उद्देश्य 26

२.५ रणनीतिहरू 27

२.६ अपेक्षित मुख्य उपलब्धि 33

२.७ मुख्य कार्य सम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य 34

**परिच्छेद तीन: शिक्षाका मूख्य उपक्षेत्र**

३.१ पृष्ठभूमि 40

३.२ प्रारम्भिक बालबिकास र शिक्षा 40

३.२.१ परिचय 40

३.२.२ वर्तमान अवस्था 41

३.२.३ उद्देश्य 42

३.२.४ रणनीतिहरुः 42
३.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य 43
३.२ आधारभूत शिक्षा 45
३.२.१ वर्तमान अवस्था: 46
3.2.२ उद्देश्य 48
3.2.३ रणनीति 48
३.२.५ उपलब्धि, नतीजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य (Outcomes, Key Results and Main Activities and Target) 48
३.३ माध्यमिक शिक्षा 51
३.३.१. परिचय 51
३.३.२ वर्तमान अवस्था : 52
३.४.३ उद्देश्य 53
३.४.४ रणनीतिहरू 54
३.४.५ उपलब्धि, मुख्य नतिजाहरू, मुख्य क्रियाकलाप तथा लक्ष्य:- 54
३.३.७ प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्यहरु: 55
३.५ प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम 58
३.५.१ परिचय: 58
३.५.२ वर्तमान अवस्था 59
३.५.३ उद्देश्य (Objectives) 59
३.५.४ रणनीतिहरु (Stratigies) 60
३.५.७ उपलब्धि, नतीजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य (Outcomes, Key Results and Main Activities and Target) 60
३.९ अनौपचारिक शिक्षा र आजीवन सिकाइ 62
३.९.१ परिचय 62
३.९.२ वर्तमान अवस्था 63
३.९.३ चुनौती तथा अवसरहरु 63
३.९.४ उद्देश्यहरु: 64
३.९.५ रणनीतिहरु 64
३.९.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य : 65

**परिच्छेद चारः अन्तरसम्बिन्धत विषय क्षेत्रहरू 67**
४.१ पाठ्यक्रम र मूल्याङ्कन 67
४.१.१ परिचय 67
४.१.२ वर्तमान अवस्था 68
४.१.३ उद्देश्य 69
४.१.४ रणनीतिहरू 70
४.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य 70

४.२ शिक्षक व्यवस्थापन र विकास 74
४.२.१ परिचय 74
४.२.२ वर्तमान अवस्था 74
४.२.३ अवसर र चुनौतिहरु: 76
४.२.४ उद्देश्यहरू 76
४.२.५ रणनीतिहरू 76
४.२.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य 77
४.३ शैक्षिक समता र समावेशीकरण 79
४.३.१ परिचय 79
४.३.२ वर्तमान अवस्था 80
४.३.३ उद्देश्य 81
४.३.४ रणनीति 81
४.३.५ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप र लक्ष्य 82
४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम 85
४.४.१ परिचय 85
४.४.२ वर्तमान अवस्था 86
४.४.३ उद्देश्य 87
४.४.४ रणनीति 87
४.४.५ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप र लक्ष्य 88
४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता 90
४.५.१ परिचय 90
४.५.२ वर्तमान अवस्था 90
४.५.३ उद्देश्य 91
४.५.४ रणनीति 92
४.५.५ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप र लक्ष्य 92
४.६ विद्यालय भौतिक पूर्वाधार विकास 95
४.६.१ परिचय 95
४.६.२ वर्तमान अवस्था 95
४.६.३ उद्देश्य 96
४.६.४ रणनीति 96
४.६.५ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप र लक्ष्य 96
४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि 99
४.७.१ परिचय 99
४.७.२ वर्तमान अवस्था 100
४.७.३ उद्देश्य 100
४.७.४ रणनीति 101
४.७.५ उपलब्धि, प्रमुख क्रियाकलाप, नतिजा र लक्ष्य 101

**परिच्छेद पाँच: सुशासन तथा व्यवस्थापन**


५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता 104

५.१.१ परिचय 104

५.१.२ वर्तमान अवस्था 105

५.१.३ उद्देश्य 106

५.१.४ रणनीति 106

५.१.५ उपलब्धि, प्रमुख क्रियाकलाप, नतिजा र लक्ष्य 106

५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध 109

५.२.१ परिचय 109

५.२.२ वर्तमान अवस्था 110

५.२.३ उद्देश्य 111

५.२.४ रणनीति 111

५.२.५ उपलब्धि, प्रमुख क्रियाकलाप, नतिजा र लक्ष्य 111


**परिच्छेद छ: लगानी र स्रोत व्यवस्थापन**


६.१ परिचय 114

६.२ वर्तमान अवस्था 114

६.३ उद्देश्य 116

६.४ रणनीति 116

६.५ उपलब्धि, प्रमुख क्रियाकलाप, नतिजा र लक्ष्य 116

६.६ योजनाको वर्षिक बजेट तर्जुमा प्रक्रिया 121

६.७ योजना कार्यान्वयनका लागि वर्षिक रणनीति कार्यान्वयन योजना निर्माण तथा कार्यान्वयन 136


**परिच्छेद सात: अनुगमन तथा मूल्याङ्गकन**


७.१ परिचय 137

७.२ वर्तमान अवस्था 137

७.३ उद्देश्य 138

७.४ रणनीति 138

७.५ प्रमुख उपलब्धि तथा नतिजा 139

७.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य 139


**अनुसुचीहरु**


अनुसुची १ : सन्दर्भ सामग्रीहरू १४१

अनुसुची २ : घिरिङ गाउँपालिका शिक्षा योजना दस्तावेजको स्वरूप १४१

अनुसुची ३ : पालिका भित्रका विद्यालयको विद्यार्थी विवरण २०८१ १४३

## १. विषय प्रवेश

शिक्षा क्षेत्रमा सेवा प्रभावकारी रूपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवम् शिक्षामा पँहुच, गुणस्तर, सहभागिता र समता सुनिश्चित गर्नका लागि शिक्षा योजनाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि **विद्यालय शिक्षा क्षेत्र योजना** कार्यान्वयनमा रहेको छ । त्यसै गरी प्रदेश स्तरमा पनि शिक्षा क्षेत्रको योजना निर्माण भई कार्यन्वयनमा छन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भए पश्चात् आधारभूत तथा माध्यमिक शिक्षाका कार्यक्रम स्थानीय तह मार्फत कार्यान्वयन भइरहेका छन् । अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा हासिल गर्नका लागि ७५३ ओटै स्थानीय तहले सङ्घीय र प्रदेश सरकारका योजनालाई आधार मानी आफ्ना आवश्यकतालाई प्राथमिकतामा राखी स्थानीय तह स्तरीय शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ । विभिन्न स्थानीय तहले शिक्षा योजना तयार गर्ने कार्य प्रारम्भ गरेको सन्दर्भमा स्थानीय तह शिक्षा योजना निर्माणका लागि यो पाँच वर्षे तयार गरिएको छ ।

## २. शिक्षा योजना निर्माणको आवश्यकता

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकास लक्ष्य, सोह्रौं पञ्चवर्षीय योजनाको अवधारणा तथा विद्यमान विद्यालय शिक्षासम्वन्धी ऐन कानुनले प्राथमिकतामा राखेका नीति, कार्यक्रम तथा लक्ष्यलाई सङ्घीय संरचनाअनुरूप कार्यान्वयन गर्न र विद्यालय शिक्षा क्षेत्रको विकासलाई दिशानिर्देश गर्न सङ्घीय, प्रदेश र स्थानीय तहमा विद्यालय शिक्षा योजनाको निर्माण गर्न आवश्यकता देखिएको छ । विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसात् गर्न र सिर्जनशील, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी नागरिक तयार गर्नका लागि र शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि विद्यालय शिक्षा क्षेत्रको योजना मार्फत समग्र शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिएको छ ।

नेपालको संविधान, अनूसूची ८ मा स्थानीय तहको एकल अधिकार अन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा उल्लेख भएको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ (११,ज) ले आधारभूत तथा माध्यमिक तहका लागि २३ ओटा शिक्षाको अधिकार तोकेको छ ।विद्यालय शिक्षामा रहेका आर्थिक तथा सामाजिकलगायतका कारणले सुविधाविहीन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे **विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan)** स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ। यसैको आधारमा प्रदेश स्तरमा पनि आवधिक शिक्षा योजना निर्माण भएका छन् । यसै परिवेशमा सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यन्वयन गर्नुपर्ने आवश्यकतालाई महसुस गरी स्थानीय शिक्षा योजना निर्माण तथा विकासमा सहजीकरण गर्न यो मार्गदर्शन तयार गरिएको हो ।

## ३. स्थानीय तहमा योजना निर्माणको औचित्य

- तीनै तहमा बन्ने शिक्षा योजनाका बिच लम्बीय (Vertical) र क्षितिजीय (Horizontal) सहसम्बन्ध स्थपित गर्न
- सङ्घ र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न
- कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्न
- साझा विषयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन
- शिक्षासम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुऱ्याउन ।

## ४. शिक्षा योजना निर्माणका आधार

स्थानीय तहको शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजलाई मूल आधार बनाउनु पर्छ । यसका अतिरिक्त अन्य सान्दर्भिक सामग्री प्रयोग गरी योजना निर्माण गर्नुपर्छ ।

१) नेपालको संविधान
२) सोह्रौं आवधिक योजना
३) स्थानीय सरकार सञ्चालन ऐन २०७४
४) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७
५) अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली
६) विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना
७) शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९
८) विद्यालय शिक्षामा समता रणनीति
९) दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा
१०) स्थानीय तथा प्रदेशको तहको आवधिक योजना
११) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना
१२) स्थानीय तहको मध्यमकालिन खर्च संरचना
१३) राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८
१४) विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षा सम्बन्धी कार्यक्रम आदि ।

### ४.१. संवैधानिक प्रावधान

**धारा ३१**

१) प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।

२) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ ।

३) अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।

४) दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।

५) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ ।

**धारा ५१ राज्यका नीतिः <u>(ज) नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीतिः</u>**

१) शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने,

२)शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने,

३)उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुचयोग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने,

४)नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्द्धन गर्ने ।

यसै गरी धारा ३८ को महिलाको हकसम्बन्धी उपधारा ५, धारा ३९ को बालबालिकाको हकसम्बन्धी उपधारा २, ३, ७ र ९, धारा ४० को दलितको हकसम्बन्धी उपधारा २, धारा ४२ को सामाजिक न्यायको हकसम्बन्धी उपधारा २ र ५ मा पनि लक्षित समूहका लागि शिक्षा सम्बन्धी विशेष व्यवस्था गरिएको छ ।

## ४.२. स्थानीय सरकार सञ्चालन सम्बन्धी ऐन, २०७४

दफा ११ (२) ज (स्थानीय तहका शिक्षा सम्बन्धी काम, कर्तव्य र अधिकार)

१) प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,

२) सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन,

३) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन,

४) मातृभाषामा शिक्षा दिने अनुमति, अनुगमन तथा नियमन,

५) गाभिएका वा बन्द गरिएका विद्यालयको सम्पत्ति व्यवस्थापन,

६) गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन,

७) विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,

८) विद्यालयको नामाकरण,

९) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन,

१०) विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण,

११) सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान,

१२) विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,

१३) सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन

१४) आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,

१५) विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन,

१६) निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,

१७) ट्युसन, कोचिङ जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन,

१८) स्थानीय स्तरको शैक्षिक ज्ञान, सिप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण,

१९) स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,

२०) माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,

२१) सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको व्यवस्थापन, विद्यालयको आय-व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन,

२२) शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास,

२३) अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन ।

### ४.३. सङ्घ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७ (योजना निर्माण सम्बन्धी):

(क) आयोजना तर्जुमा र कार्यान्वयनः (दफा १३ मा भएको योजना तर्जुमा सम्बन्धी व्यवस्था)

- स्थानीय तहभित्र पर्ने र स्थानीय तहबाट कार्यान्वयन हुने स्थानीयस्तरीय आयोजनाको तर्जुमा स्थानीय तहले गर्नेछ ।
- प्रदेश र स्थानीय तहले आयोजना तर्जुमा बजेट व्यवस्था तथा कार्यान्वयन गर्दा सङ्घीय कानुनले निर्धारण गरेको मापदण्डको आधारमा गर्नुपर्ने छ ।
- सङ्घले आयोजना तर्जुमा गर्दा प्रदेश वा स्थानीय तहमार्फत कार्यान्वयन हुने गरी गर्नसक्ने छ र त्यस्तो आयोजना सम्बन्धित प्रदेश वा स्थानीय तहले कार्यान्वयन गर्नुपर्ने छ ।

### ४.४. अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ र नियमावली, २०७७

१) दफा ६ मा अनिवार्य शिक्षा प्रदान गर्नुपर्ने व्यवस्थाः स्थानीय तहमार्फत राज्यले चार वर्ष पूरा भई तेह्र वर्ष उमेर पूरा नभएका प्रत्येक बालबालिकालाई आधारभूत तहसम्म अनिवार्य शिक्षा प्रदान गर्ने व्यवस्था गर्नुपर्ने छ ।

२) चार वर्ष उमेर पूरा भएपछि कम्तीमा एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा प्रदान गर्नुपर्ने छ ।

३) दफा १४ अनुसार आधारभूत तहसम्म वैकल्पिक शिक्षाको व्यवस्था गर्न सकिने

४) दफा १५ अनुसार परम्परागत शिक्षा प्रदान गर्न सकिने

५) दफा १६ परम्परागत शिक्षा सम्बन्धी व्यवस्था

६) दपा १७ अनुसार प्राविधिक शिक्षा सम्बन्धी व्यवस्था

७) दफा १८ अभिभावक नभएका बालबालिकाको शिक्षा

८) दफा २० माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने

९) पाठ्यपुस्तक उपलब्ध गराउने, शैक्षिक सामग्री प्रदान गर्ने, छात्रवृत्ती प्रदान गर्ने, स्वास्थ्य उपचारको प्रबन्ध, दिवा खाजाको व्यवस्था मिलाउने आदि व्यवस्था

१०) साक्षरता कर्यक्रम सञ्चालन गर्नेः स्थानीय तहले निरक्षर नागरिकलाई साक्षर बनाउन आवश्यकता अनुसार (क) सामुदायिक सिकाइ केन्द्र, (ख) आधारभूत प्रौढ शिक्षा, (ग) परम्परागत तथा औपचारिक शिक्षाका माध्यम । (नियम ३)

११) आर्थिक, भौगोलिक, शारीरिक वा मानसिक अवस्था वा अन्य कुनै प्रतिकूलताका कारण विद्यालय जान नसकेका बालबालिका, अभिभावकको पहिचान नभएका वा पत्ता नलागेका बालबालिकाका लागि आवास सुविधासहित अध्ययनको व्यवस्था मिलाउनुपर्छ । (नियम ४)

१२) माध्यमिक तहसम्मको शिक्षामा शुल्क लिन नहुनेः (क) विद्यार्थी भर्ना शुल्क, (ख) मासिक पढाइ शुल्क, (ग) परीक्षा शुल्क, पाठ्पुस्तक बापतको रकम । (नियम ५)

१३) छात्रवृत्ति तथा विशेष व्यवस्थाः (ब्रेल पाठ्पुस्तक, साङ्केतिक भाषामा पाठ्य तथा सिकाइ सामग्री, स्रोतकक्षा, अशक्तका लागि घुम्ती शैक्षिक सेवा वा आवासीय सुविधा सहितको विद्यालय शिक्षा, दिवा खाजा, विद्यालय पोसाक, शैक्षिक सामग्री आदि) । (नियम ६)

१४) जनआन्दोलन, सशस्त्र सङ्घर्ष, क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने सहिद, बेपत्ता पारिएका व्यक्ति, द्वन्द्व पीडित, घाइते तथा अपाङ्गता भएका व्यक्तिका छोराछोरीलाई आधारभूत तहसम्मको विद्यालय शिक्षामा दिवा खाजा, पोसाक तथा स्टेशनरी वापतको छात्रवृत्तिमा आवश्यकता र उपलब्धताको आधारमा विशेष अवसर प्रदान गर्ने छ ।

स्थानीय शिक्षा योजना निर्माण गर्दा स्थानीय तहले अन्य क्षेत्रमा निर्माण गरेका योजना (कृषि, स्वास्थ्य, पूर्वाधार विकास आदि) तथा विद्यालयले बनाएका विद्यालय सुधार योजना र नमुना विद्यालय विकास योजना जस्ता विभिन्न योजनालाई कार्यान्वयन सहजीकरण गर्ने अभिप्रायले योजनाले परिलक्षित गरेका मुख्य मुख्य कार्यक्रमलाई आधार मानि विभिन्न योजनाबिचको अन्तर्सम्बन्ध कायम हुने गरी योजना तर्जुमा हुनुपर्छ। यसका लागि स्थानीय तहअन्तर्गतका विभिन्न विभाग/शाखाहरूसँग पनि समन्वय गर्नुपर्छ।शिक्षा योजना निर्माण गर्दा स्थानीय तहले बालमैत्री, लैङ्गिकमैत्री र अपाङ्गमैत्री, विभिन्न प्रकोप तथा जलवायु परिवर्तनप्रति उत्थानशील, सफा तथा स्वच्छ भौतिक पूर्वाधार र हरित विद्यालय निर्माण गरी अनुकूल सिकाइ वातावरणको प्रबन्ध तथा त्यसको सबलीकरण गर्नुपर्ने छ ।

## ५. शिक्षा योजना निर्माण प्रक्रियाः

स्थानीय तह शिक्षा योजनाको निर्माणमा पनि स्थानीय तहले सहभागितामूलक प्रक्रिया नै अवलम्बन गर्नुपर्छ र सोका लागि देहायका विषयलाई ध्यान दिनुपर्छ । योजनाको यस भागमा शिक्षा योजना निर्माणको क्रममा अवलम्बन गरिएका प्रक्रिया देहाय अनुसार रहेका छन ।

१) गाउँ सभा र गाउँ कार्यपालिका स्तरीय स्थानीय तहको बैठक,

२) योजना निर्माण समितिको गठन,

३) स्थानीय तहको शिक्षा क्षेत्रको अवस्था विश्लेषण,

४) गाउँटोल तथा वडास्तरमा विभिन्न सरोकारवाला (वडाध्यक्ष, विद्यालयका प्रधानाध्यापक र शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, अपाङ्गता भएका व्यक्तिसँग सम्बन्धित सङ्घ संस्थालगायत विभिन्न सरकारी/गैरसरकारी सङ्घसंस्था आदि) सँग भेला छलफल गरी सुझाव सङ्कलन,

५) स्थानीय तह तथा विद्यालय स्तरीय छलफल,

६) योजनाको मस्यौदा तयारी,

७) मस्यौदामाथि सरोकारवालाको सुझाव सङ्कलन तथा पृष्ठपोषण

८) योजनाको अन्तिमीकरण

९) बाह्य विज्ञद्वारा योजनाको लेखाजोखा र सुझाव समायोजन

१०) स्थानीय कार्यपालिकाबाट योजनाको स्वीकृति र कार्यान्वयन

## ६. योजनाको लेखाजोखा

स्थानीय तहको शिक्षा योजना निर्माण गरिसकेपछि सो योजना विश्वसनीय, वस्तुनिष्ठ, दिगो र लगानीयोग्य छ कि छैन भ नका लागि योजनाको विविध पक्ष समेटेर लेखाजोखा गरिनु पर्छ। योजना कार्यान्वयनगर्नु पूर्व गरिने महत्त्वपूर्ण कार्य तथा योजनाको अभिन्न अङ्ग हो निर्माण भएको योजनाको लेखाजोखा कार्यलाई समबन्धित स्थानीय तहले आन्तरिक र बाहिरका विभिन्न विषय क्षेत्रका विज्ञहरूको समिति निर्माण गरी तोकिएका आधारमा योजनाको लेखाजोखा गरिएको छ ।

## ७. योजना दस्तावेजको स्वरूप

स्थानीय तहले यस योजनाको स्वरूपलाई अनुसूची २ बमोजिमको ढाँचामा आधारित भई तयार गरिएको छ । अनुसूचीमा योजनासंग सम्बन्धित ढाँचा प्रस्तुत गरिएको छ ।

## परिच्छेद एक :परिचय

## १.१ पृष्ठभूमि

वर्तमान नेपालको संविधान अनुसार राज्यको पुनर्संरचना भई एकात्मक राज्य व्यवस्थाबाट संघीय गणतन्त्रात्मक राज्य व्यवस्थामा परिवर्तन भएको छ जसलाई नेपालको सबिंधान २०७२ अनुसार हाल सङ्घ,प्रदेश र स्थानीय गरी तीन तहका सरकार क्रियाशील रहेका छन् । संविधानले समग्रमा समावेशी, समतामूलक र समाजवाद उन्मुख राष्ट्र निर्माण गर्ने मुख्य ध्येय राखे अनुरुप शिक्षा सम्बन्धी हक तथा प्राथमिकताहरु स्थापित गरेको छ ।सोही अनुसार संवैधानिक शिक्षा सम्बन्धी हक तथा प्राथमिकतालाई कार्यान्वयन गर्न निःशुल्क तथा अनिवार्य शिक्षा ऐन-२०७५ लागु भईसकेको छ । निःशुल्क तथा अनिवार्य शिक्षा नियमावली २०७७ कार्यान्वयमा आईसकेको छ । साथै बालबालिका सम्बन्धी ऐन २०७५ ले शिक्षा सम्बन्धी हकहरूलाई प्रत्याभूत गरेको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले संवैधानिक मान्यतामा आधारित रही शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका निम्ति नीतिगत व्यवस्था गरेको छ । राज्यको आर्थिक समृद्धि र सामाजिक न्याय सहितको समतामूलक समाज निर्माण गर्न सबैको लागि गुणस्तरीय शिक्षाको सुनिश्चितता गरी राष्ट्र निर्माणमा आवश्यक मानव संसाधनको विकासमा शिक्षाको अहम् भूमिका रहन्छ । संविधानले शिक्षालाई मौलिक हकका रूपमा उल्लेख गरी कार्यान्वयन गर्न कानून निर्माणको कार्य थालनी गरे अनुसार स्थानीय तहको शिक्षालाई दिगो सोंचका साथ योजनाबद्ध अगाडि बढाउनु यस पालिकाको दायित्व हो ।

सङ्घीय स्वरूपको राज्यव्यवस्थामा राज्यका सबै तहका सरकार बीचको आपसी समन्वय र सहकार्यबाट नै राज्यले परिलक्षित गरेका उद्देश्य प्राप्त गर्न सक्छ । मानव संसाधनको विकासबाट मुलुकको उपलब्ध प्राकृतिक स्रोत साधन र अवसरहरूको समुचित परिचालन हुन गई नेपाल सरकारले राखेको २५ वर्षे दीर्घकालीन सोंच **"समृद्ध नेपाल,सुखी नेपाली"** सहितको समुन्नत राष्ट्र निर्माणमा शिक्षाको माध्यमबाट योगदान पुऱ्याउन सकिन्छ । यही बृहत्तर उद्देश्य प्रासिका लागि नेपाल सरकार शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी, भक्तपुरबाट जारी स्थानीय तहको शिक्षा योजना निर्माणसम्बन्धी मार्गदर्शन,२०८१ अनुरूप तयार गरिएको छ ।

यसै सन्दर्भमा नेपालको संविधानमा भएका शिक्षा सम्बन्धी प्रावधान,२५ वर्षे राष्ट्रिय दीर्घकालीन सोंच,राष्ट्रिय शिक्षा नीति र राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति,सामुदायिक विद्यालय सबलीकरण दशक (२०७६-२०८५) का लागि सम्बोधन गर्नुपर्ने विषयहरू,१५ वर्षे दिगो विकास लक्ष्य,चालु आवधिक योजनाका लक्ष्यहरू र हालै कोभिड-१९ ले पारेको प्रभावलाई समेत सम्बोधन गर्ने गरी नेपाल सरकार,शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे (वि.सं. २०७८ देखि २०८७ सम्म) शिक्षा क्षेत्रका लागि शिक्षा योजना निर्माणलाई अगाडि बढाएको छ । शिक्षामा गरेको लगानीले विकासको समग्र पक्षमा प्रभाव पार्ने हुँदा लगानी वृद्धि तर्फ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय

तहमा जोडदार आवाज उठ्दै आएको छ । युनेस्कोद्वारा प्रकाशित EFA Global Monitoring Report ले शिक्षाको लक्ष्य हसिल गर्नु सबै राष्ट्रलाई कुल राष्ट्रिय उत्पादनको ६ प्रतिशत र वार्षिक बजेटको २० प्रतिशत शिक्षामा लगानी गर्ने सुझाव दिएको छ । सोही प्रतिवेदनमा कुल राष्ट्रिय उत्पादनको १.८ प्रतिशत बराबरको लगानी सिकाइ सुधारमा लगाउने हो भने प्रति व्यक्ति आयमा १ प्रतिशतले वृद्धि हुने तथ्य पनि उल्लेख गरिएको छ । तीनै तहमा निर्माण प्रस्तावित योजनाले नेपाललाई सन् २०२२ सम्ममा विकासशील मुलुकको रूपमा र सन २०३० दिगो विकासका लक्ष्य हासिल गर्दै मध्यम आय भएको मुलुकको रूपमा स्तरोन्नति गर्ने तथा समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय अपेक्षा पूरा गर्ने कार्यमा घिरिङ गाँउँपालिकाले समेत स्थानीय तहमा आधारित रहेर "पञ्च वर्षीय गाउँ शिक्षा क्षेत्र योजना (२०८१-२०८५)" निर्माण गरेको छ ।

## १.२ गाउँपालिकाको परिचयः

नेपालको ७ प्रदेश मध्ये गण्डकी प्रदेश अन्तर्गतका ११ जिल्ला मध्ये तनहुँ जिल्ला पनि एक हो । नेपाल राज्यको केन्द्र भागमा अवस्थित तनहुँ जिल्लाको आफ्नै ऐतिहासिक महत्व रहेको छ । नेपालको संविधान (२०७२) बमोजिम नेपाल सरकारले स्थानीय निकायहरुको पुनःसंरचनाको लागि गठन गरेको उच्च स्तरीय आयोगले २०७३ पुष २२ मा नेपाल सरकारलाई बुझाएको प्रतिवेदन नेपाल सरकारले परिमार्जन गरी २०७३ फागुन २७ गतेबाट स्थानीय तह लागू गर्ने निर्णय अनुसार यस तनहुँ जिल्लाको साविकका गा.वि.स.हरु गजरकोट, घिरिङ सुन्धारा, भिरकोट, राम्जाकोट, साभुङ भगवतिपुर गा.वि लाई समायोजन गरी घिरिङ गाउँपालिका गठन गरिएको हो ।

### १.२.१ भौगोलिक अवस्थाः

तनहुँ जिल्लाको १० स्थानीय तहहरूमध्ये घिरिङ गाउँपालिका एक हो । तनहूँ जिल्लाको सदरमुकामदेखि लगभग ६० कि.मि. दक्षिण- पश्चिम क्षेत्रमा अवस्थित यस घिरिङ गाउँपालिका भिरालो धरातलीय स्वरुपले बनेको ३०० मिटरदेखि १००० मिटरसम्मको उचाईमा फैलिएर रहेको छ । यस गाउँपालिकाको कुल क्षेत्रफल करिब १६५ वर्ग किलोमिटर रहेको छ । विश्व मानचित्रम यो गाउँपालिका २७°७०'६" देखि २७°५८'४८" सम्मको उत्तरी अक्षांश र ८४° ०१'२१" देखि ८४°०५'१.०४" पूर्वी देशान्तरसम्म फैलिएर रहेको छ ।

यो गाउँपालिका साविक गजरकोट गा.वि.स.को वडा नं. २,४,५,६,७ र घिरिङ सुन्धारा गा.वि.स को वडा नं. ३ को तथ्यांकहरु संकलन गरी हालको वडा नं. १ निर्माण भएको छ, साविक गजरकोट गा.वि.स.को वडा नं. १,३,८ र घिरिङ सुन्धाराको २,८,९ गरि हालको वडा नं. २ निर्माण भएको, साविक घिरिङ सुन्धाराको वडा नं. ४,५,६,७ साभुङ भगवतीपुरको ८ र माझकोटको ६ गरि हालको वडा नं. ३ निर्माण भएको, साविक घिरिङ सुन्धारा १, राम्जाकोट ९ र साभुङ भगवतीपुर गा.वि.स १,५,९ गरि वडा नं. ४ निर्माण भएको र साविक साभुङ भगवतीपुर गा.वि.स.को वडा नं. ३,४,६ र ७ गरि वडा नं. ५ नयाँ वडाहरु निर्माण भएको हो ।

## घिरिङ गाउँपालिका नक्सा




पूर्वमा ऋषिङ गाउँपालिका, पश्चिममा स्याङ्जा र पाल्पा जिल्ला त्यसैगरि गाउँपालिकाको उत्तरी भागमा तनहुंकै घिरिङ गाउँपालिका र स्याङ्जा जिल्ला पर्दछन् भने दक्षिणि क्षेत्रमा नवरपरासी र पाल्पा जिल्ला पर्दछन । उत्तरतर्फ देखिने माछापुच्छ्रे, अन्नपूर्ण र मनास्लु हिमाल तथा दक्षिणतर्फ देखिने कालिगण्डकी नदी सङ्गा फाँट, हरियाली डाँडा मनै लोभ्याउने कलकलाउँदा छहरा, गुफा र मन्दिरहरुले यस घिरिङ गाउँपालिका साच्चै नै मनोरम एवम् सुन्दर छ । राजनैतिक विभाजनका हिसाबले यो गाउँपलिका जिल्लाको सङ्घीय निर्वाचन क्षेत्र नं. २ र प्रदेश निर्वाचन क्षेत्र २(ख) मा अन्तर्गत रहेको छ । यस गाउँपालिकाको प्रशासनिक कार्य साविक वडा नं. ६ र हालको वडा नं. ३ मा रहेको गाउँपालिकाको कार्यालयबाट हुने गरेको छ ।

**तालिका नं.१ः**

| वडा नं. | साविक गा.वि.स.हरु | साविक गा.वि.स.हरुका वडाहरु |
|---|---|---|
| १ | गजरकोट,<br>घिरिङ सुन्धारा | २,४,७<br>३ |
| २ | गजरकोट,<br>घिरिङ सुन्धारा | १,३,८<br>२,८,९ |
| ३ | घिरिङ सुन्धारा,<br>साभुङ भगवतिपुर,<br>माझकोट | ४,७<br>८<br>६ |
| ४ | घिरिङ सुन्धारा,<br>राम्जाकोट<br>साभुङ भगवतिपुर | १<br>९<br>१,५,९ |
| ५ | साभुङ भगवतिपुर | २,४,६,७ |

राष्ट्रिय जनगणना २०७८ अनुसार यस पालिकाको कूल जनसङ्ख्या १४,३३४ रहेको छ । उक्त जनसङ्ख्यामध्ये महिलाको संख्या ७७६६ रहेको छ भने पुरूषको जनसङ्ख्या ६,५६८ रहेको छ । अपाङ्गता भएका व्यक्तिको जनसङ्ख्या ४.० प्रतिशत रहेको छ । कूल जनसङ्ख्यामा ५ देखि १६ वर्षको जनसङ्ख्याको प्रतिशत ७.६८ रहेको छ । यस पालिकाको जनसङ्ख्या २०६८ को जनगणना अनुसार १४,८५१ थियो भने २०७८ को जनगणना अनुसार १४,३३४ रहेको छ । यो अवधिको जनसङ्ख्या वृद्धिदर -०.३६ प्रतिशत रहेको छ । वडागतरूपमा यस पालिकाको संरचना देहाय अनुसार रहेको छ ।

**तालिका नंः २ वडागत जनसङ्ख्या विवरण**

| नयाँ वडा | साविकका वडा | क्षेत्रफल | जनसङ्ख्या | | कै. |
|---|---|---|---|---|---|
| | | | महिला | पुरूष | |
| १ | गजरकोट गा.वि.स.को वडा नं. २,४,५,६,७<br>घिरिङ्ग सुन्धारा गा.वि.स को वडा नं. ३ | | २०५८ | १६९६ | |
| २ | गजरकोट गा.वि.स.को वडा नं. १,३,८<br>घिरिङ्ग सुन्धाराको २,८,९ | | १२६२ | ११३६ | |
| ३ | घिरिङ्ग सुन्धाराको वडा नं. ४,५,६,७<br>साभुङ्ग भगवतीपुरको ८ र माझकोटको ६ | | १३६४ | ११६९ | |
| ४ | घिरिङ्ग सुन्धारा १,<br>राम्जाकोट ९ र | | १७०९ | १४२९ | |

| नयाँ वडा | साविकका वडा | क्षेत्रफल | जनसङ्ख्या | | कै. |
|---|---|---|---|---|---|
| | | | महिला | पुरूष | |
| | साभुङ्ग भगवतीपुर गा.वि.स १,५,९ | | | | |
| ५ | साभुङ्ग भगवतीपुर गा.वि.स.को वडा नं. ३,४,६ र ७ | | १३७३ | ११३८ | |
| जम्मा जनसङ्ख्या : १४३३४ | | | | | |
| जम्मा घरधुरीः ३७८३ | | | | | |
| जम्मा क्षेत्रफलः १२६ वर्ग मि. | | | | | |

*स्रोतः राष्ट्रिय जनगणना २०७८, र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको वेभसाइट*

## १.२.३ पालिकाको सामाजिक तथा सांस्कृतिक अवस्था

यस गाउँपालिकामा मुख्यत मगर जातिहरूको बसोबास छ भने कुमाल, नेवार, ब्राह्मण, कामी, सार्की, दमाई, क्षेत्री, ठकुरी, गुरुङ, दरै, भुजेल तथा अन्य जात-जातिहरुको पनि बसोबास रहेको छ। उनीहरूमध्ये धेरैजसो आफ्नो परम्परा अनुसारका धर्म रीतिरिवाज र संस्कृति मान्दछन् । जाति र धर्म अनुसार चालचलन र संस्कृति पनि फरक फरक पाइन्छ । यहाँ बसोबास गर्ने मानिसहरूको आफ्नै भाषा र भेषभूषा रहेको पाइन्छ । छिमेकीको विवाह, भोज, ब्रतबन्ध, मृत्यु जस्ता सामाजिक परम्परामा पनि यहाँका मानिसहरू रीतिथिति र परम्परा अनुसार मान्ने चलन छ। यहाँका मानिसहरू दशैं, तिहार तथा अन्य चाडहरू मान्नुका साथ धार्मिक विविधता भए तापनि एक आपासमा घुलमिल भएर बस्ने गरेका छन् । यस गाउँपालिकाका मानिसहरु मुख्य पेशाको रुपमा कृषि पेशामा संलग्न हुने गरेका छन् । कृषि तथा पशुपालन अन्तर्गत अन्न बाली, तरकारी, नगदेबाली, कुखुरा, बाख्रा, बंगुर, भैंसी आदि पर्दछन्। यहाँ उत्पादन हुने प्रमुख बालीमा धान, मकै, कोदो, गहुँ, फापर आदि अन्नवाली हुन्। गाउँपालिकाबासीको आम्दानीमा कृषिको योगदान सबैभन्दा बढी छ भने पशुपालन, वैदेशिक रोजगारी र नोकरी पनि यहाँको आम्दानीको स्रोतको रुपमा रहेको छ।

## १.२.४ पालिकाको शैक्षिक अवस्था

यस पालिकामा प्रारम्भिक बाल शिक्षादेखि उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरु सञ्चालनमा रहेका छन् । साधारण माध्यमिक विद्यालयदेखि प्राविधिक शिक्षा प्रदान गर्ने विद्यालयहरु संचालनमा रहेका छन् ।

### १.२.४.१ विद्यालयगत विवरण

यस पालिकामा जम्मा ४० वटा विद्यालयहरु सञ्चालनमा रहेका छन् । उक्त विद्यालयहरुमध्ये ४ संस्थागत विद्यालय रहेका छन् भने ३६ वटा विद्यालयहरु सामुदायिक विद्यालयको रूपमा सञ्चालनमा रहेका छन् । समग्रमा पालिकाभित्र सञ्चालनमा रहेका विद्यालयहरु देहाय अनुसार रहेका छन् ।

तालिका नं:३ वडागत सामुदायिक विद्यालय विवरण विवरण

| वडा | प्रि-स्कुल | आधारभूत | | | माध्यामिक | | उच्च शिक्षा | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | ECD | कक्षा १-३ | कक्षा १-५ | कक्षा १-८ | कक्षा १-१० | कक्षा १-१२ | | | |
| वडा नं १ | ५ | २ | १ | १ | १ | १ | ० | ६ | |
| वडा नं २ | ४ | १ | ३ | १ | १ | ० | ० | ६ | |
| वडा नं ३ | ४ | ४ | १ | ० | ० | १ | ० | ६ | |
| वडा नं ४ | ४ | ६ | ३ | १ | १ | ० | ० | ११ | |
| वडा नं ५ | ५ | ३ | २ | ० | १ | १ | ० | ७ | |
| जम्मा | २२ | १६ | १० | ३ | ४ | ३ | ० | ३६ | |

स्रोत : EMIS २०८१

घिरिङ गाउँपालिकाको ३६ सामुदायिक विद्यालयहरूमध्ये बालविकास केन्द्र २२ वटा, कक्षा १-३ सञ्चालित १६ वटा, कक्षा १-५ सञ्चालित १० वटा, कक्षा १-८ सञ्चालित ३ वटा, कक्षा १-१० सञ्चालित १० वटा र कक्षा १-१२ सञ्चालित ३ वटा गरी जम्मा ३६ वटा सामुदियक विद्यालय र एउटा विशुद्ध बालविकास केन्द्र सञ्चालनमा रहेका छन् ।

### १.२.४.१ विद्यार्थी विवरण

यस पालिका अन्तर्गतका विद्यालयमा जम्मा २७७९ जना विद्यार्थीहरु अध्ययनरत रहेका छन् । उक्त विद्यार्थीमध्ये तहगत तथा लिंग, जातजातिअनुसारको विद्यार्थी विवरण देहाय अनुसार रहेको छ ।

**तालिका नं ४: विद्यार्थी विवरण**

| कक्षा/तह | जम्मा विद्यार्थी | | | दलित | | | जनजाति | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| पूर्व प्राथमिक | १६२ | २१३ | ३७५ | ३९ | ३७ | ७६ | १०३ | १६२ | २६५ |
| कक्षा १-३ | ४२० | ४२७ | ८४७ | १२२ | १०८ | २३० | २७० | २९६ | ५६६ |
| कक्षा ४-५ | २२९ | २६६ | ४९५ | ६१ | ६६ | १२७ | १५४ | १८४ | ३३८ |
| कक्षा ६-८ | ३६१ | ३८१ | ७४२ | ९७ | ९४ | १९१ | २४५ | २६५ | ५१० |
| आधारभूत तह १-८ | १०१० | १०७४ | २०८४ | २८० | २६८ | ५४८ | ६६९ | ७४५ | १४१४ |
| कक्षा९-१० | २४६ | २२२ | ४६८ | ७० | ५३ | १२३ | १६९ | १५२ | ३२१ |
| कक्षा११-१२ | १२७ | १०४ | २३१ | २० | २३ | ४३ | ९८ | ६५ | १६३ |
| माध्यमिक तह ९-१२ | ३७३ | ३२६ | ६९९ | ९० | ७६ | १६६ | २६७ | २१७ | ४८४ |
| कुल जम्मा | १५४५ | १६१३ | ३१५८ | ४०९ | ३८१ | ७९० | १०३९ | ११२४ | २१६३ |

माथिको तालिका अनुसार यस पालिका अन्तर्गत अध्ययनरत विद्यार्थीमध्ये, २०८४ जना विद्यार्थी आधारभूत तहमा अध्ययनरत छन् भने ६९९ जना विद्यार्थी माध्यमिक तहमा अध्ययनरत छन् । दलित विद्यार्थीको संख्या २५.०१ प्रतिशत रहेको, जनजाति विद्यार्थीको ६८.४९ प्रतिशत र अन्य ६.५ % रहेको छ । छात्रा ४८.९२% र छात्र ५१.०८ % रहेको छ । कूल विद्यार्थीमध्ये अपाङ्गता भएका विद्यार्थी समेत अध्ययनरत रहेका छन् । कक्षागत तथा विद्यालय प्रकार अनुसार विद्यार्थीको विस्तृत विवरण अनुसूची ३ मा राखिएको छ । अपाङ्गता भएका विद्यार्थीको विवरण देहाय अनुसार रहेको छ ।

**तालिका नं ५: अपाङ्गता भएका विद्यार्थी विवरण**

| कक्षा/तह | जम्मा विद्यार्थी | | |
|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा |
| पूर्व प्राथमिक | १ | ० | १ |
| कक्षा १-३ | १० | ७ | १७ |
| कक्षा ४-५ | ६ | ३ | ९ |
| कक्षा ६-८ | २ | ३ | ५ |
| आधारभूत तह १-८ | १८ | १३ | ३१ |
| कक्षा ९-१० | १ | २ | ३ |
| कक्षा ११-१२ | ० | १ | १ |
| माध्यमिक तह ९-१२ | १ | ३ | ४ |
| जम्मा | २० | १६ | ३६ |

स्रोत : EMIS २०८१

तहगत रुपमा अपाङ्गता भएका विद्यार्थी जम्मा ३६ रहेकोमा अपाङ्गताको प्रकार अनुसार शारीरिक अपाङ्गताका बालबालिकाहरुको संख्या सबैभन्दा बढी १० जना, बहुअपाङ्गता-७ जना, स्वर बोलाइ-७, सुस्त मनस्थिति-६, मानसिक-४, अटिज्म-१ र न्यून दृष्टिबिहिन- १ जना रहेका छन् । अपाङ्गता भएका विद्यार्थीको विस्तृत विवरण तालिका नं ६मा राखिएको छ ।

**तालिका नं ६: कक्षागत अपाङ्गता भएका विद्यार्थी विवरण**

| कक्षा/तह | अपाङ्गता प्रकार | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | शारीरिक | बहुअपाङ्गता | स्वर बोलाइ | सुस्त मनस्थिति | मानसिक | अटिज्म | न्यून दृष्टिबिहिन | जम्मा |
| पूर्व प्राथमिक | ० | ० | ० | १ | ० | ० | ० | १ |
| कक्षा १-३ | २ | ४ | ५ | ३ | २ | १ | ० | १७ |
| कक्षा ४-५ | १ | ३ | १ | २ | १ | ० | १ | ९ |
| कक्षा ६-८ | ४ | ० | ० | ० | १ | ० | ० | ५ |
| आधारभूत तह १-८ | ७ | ७ | ० | ५ | ४ | १ | १ | ३१ |
| कक्षा ९-१० | २ | ० | १ | ० | ० | ० | ० | ३ |
| कक्षा ११-१२ | १ | ० | ० | ० | ० | ० | ० | १ |
| माध्यमिक तह ९-१२ | ३ | ० | ० | ० | ० | ० | ० | ४ |
| जम्मा | १० | ७ | ७ | ६ | ४ | १ | १ | ३६ |

### १.२.४.२ शिक्षक विवरण

यस पालिकामा स्वीकृत दरवन्दी, राहत अनुदान कोटा तथा शिक्षण सिकाइ अनुदानमा शिक्षक कोटाको व्यवस्था रहेको छ । यी शिक्षक पदका लागि संघीय सरकारबाट बजेट उपलब्ध हुने गरेको छ । यसका अतिरिक्त पालिकाले आफ्नै स्रोतबाट बालविकास केन्द्रमा २ जना र माध्यमिक तहमा २ जना थप शिक्षकको व्यवस्था गरिएको छ । हाल पालिकामा आधारभूत तह कक्षा १-५ मा शिक्षक विद्यार्थी अनुपात ११.२ रहेको, कक्षा ६-८ मा शिक्षक विद्यार्थी अनुपात २०.६ रहेको र कक्षा ९-१० मा शिक्षक विद्यार्थी अनुपात २४.६३ रहेको छ । हालसम्म आधारभूत तह कक्षा ६-८ र माध्यमिक तह कक्षा ९-१० तथा कक्षा ११-१२ मा सबै विद्यालयमा आवश्यकता अनुसार विषयगत शिक्षक व्यवस्था हुन सकेको छैन । यस पालिकामा देहाय अनुसारको शिक्षक संख्या रहेको छ ।

**तालिका नं ७: तहगत शिक्षक दरबन्दी विवरण**

| क्र.सं. | दरबन्दी | | | | राहत अनुदान | सङ्घीय अनुदान | पालिका अनुदान | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | तह | स्थायी | अस्थायी करार | जम्मा | | | | |
| १ | बाल विकास केन्द्र | ० | २० | २२ | ० | ० | २ | २२ |
| २ | आधारभूत कक्षा (१-५) | ९६ | २५ | १२१ | ५ | ० | २ | १२८ |
| ३ | आधारभूत कक्षा (६-८) | १५ | ८ | २३ | १२ | ० | ० | ३५ |
| ४ | माध्यमिक कक्षा (९-१०) | १० | २ | १२ | ६ | ८ | ० | २६ |
| ५ | माध्यमिक कक्षा (११-१२) | ० | ० | ० | ४ | ० | २ | ६ |
| | | १२१ | ५७ | १७८ | २७ | ८ | ६ | २१७ |

स्रोत : EMIS २०८१

### १.२.४.३ पालिकाको शैक्षिक सूचक र वर्तमान अवस्था

भौतिक पुर्वाधार जस्तै शैक्षिक अवस्था समेत अन्य पालिकाको तुलनामा त्यति सन्तोसजनक देखिदैंन । भौतिक पुर्वाधारका साथै शैक्षक गतिविधिहरुमा समेत बिस्तारै विकासको क्रम भने देखा पर्न थालेको छ । यस पालिकाका प्रमूख शैक्षिक सूचकहरु देहाय अनुसार रहेका छन् ।

## तालिका नं ८: शैक्षिक सूचक र वर्तमान अवस्था

| क्र.सं. | सूचक | तह | आधार वर्ष २०८१ | सूचकको स्रोत | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|
| १ | **प्रारम्भिक बालविकास र शिक्षा** | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्नादर(%) * | स्थानीय | १००.० | फ्ल्यास रिपोर्ट २०८० | |
| | | प्रदेश | १०७.० | फ्ल्यास रिपोर्ट २०८० | |
| | | राष्ट्रिय | ९९.९ | फ्ल्यास रिपोर्ट २०८० | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका(%) * | स्थानीय | ५३.८४ | फ्ल्यास रिपोर्ट २०८० | |
| | | प्रदेश | ८२.२ | फ्ल्यास रिपोर्ट २०८० | |
| | | राष्ट्रिय | ७९.९ | फ्ल्यास रिपोर्ट २०८० | |
| २. | **आधारभूत शिक्षा (कक्षा १-८)** | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | स्थानीय | ९७.० | फ्ल्यास रिपोर्ट २०८० | |
| | | प्रदेश | ९४.९ | फ्ल्यास रिपोर्ट २०८० | |
| | | राष्ट्रिय | ९५.७ | फ्ल्यास रिपोर्ट २०८० | |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | स्थानीय | ११५.० | फ्ल्यास रिपोर्ट २०८० | |
| | | प्रदेश | ११३.१ | फ्ल्यास रिपोर्ट २०८० | |
| | | राष्ट्रिय | ११५.९ | फ्ल्यास रिपोर्ट २०८० | |
| २.३ | खुद भर्नादर (१-५) % | स्थानीय | ९६.० | EMIS 2081 | |
| | | प्रदेश | ९५.४ | फ्ल्यास रिपोर्ट २०८० | |
| | | राष्ट्रिय | ९५.६ | फ्ल्यास रिपोर्ट २०८० | |
| २.४ | कुल भर्नादर (१-५) % | स्थानीय | ११५.० | EMIS 2081 | |
| | | प्रदेश | ११७.९ | फ्ल्यास रिपोर्ट २०८० | |
| | | राष्ट्रिय | १२४.८ | फ्ल्यास रिपोर्ट २०८० | |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुद प्रवेश दर(%) * | स्थानीय | ८६.० | EMIS 2081 | |
| | | प्रदेश | ९४.७ | फ्ल्यास रिपोर्ट २०८० | |
| | | राष्ट्रिय | ९५.७ | फ्ल्यास रिपोर्ट २०८० | |
| २.६ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउदर(%) * | स्थानीय | ९७.० | EMIS 2081 | |
| | | प्रदेश | ८७.३ | | |

| क्र.सं. | सूचक | तह | आधार वर्ष २०८१ | सूचकको स्रोत | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|
| | | राष्ट्रिय | ८८.४ | | |
| २.७ | आधारभूत तह कक्षा ५ पूरा गर्ने दर % | स्थानीय | ८६.५ | EMIS 2081 | |
| | | प्रदेश | ९२.१ | फ्ल्यास रिपोर्ट २०८० | |
| | | राष्ट्रिय | ८९.४ | फ्ल्यास रिपोर्ट २०८० | |
| २.८ | आधारभूत तह कक्षा (१-५) मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथि बालबालिका % | स्थानीय | १४.० | EMIS 2081 | |
| | | प्रदेश | | | |
| | | राष्ट्रिय | २२.२ | | |
| २.९ | आधारभूत तह कक्षा (१-५) कुल भर्ना दरमा लैङ्गिक सूचाङ्क % | स्थानीय | ०.९० | फ्ल्यास रिपोर्ट २०८० | |
| | | प्रदेश | ०.८८ | फ्ल्यास रिपोर्ट २०८० | |
| | | राष्ट्रिय | ०.९३ | फ्ल्यास रिपोर्ट २०८० | |
| २.१० | खुद भर्नादर (१-८) | स्थानीय | ९३.४ | फ्ल्यास रिपोर्ट २०८० | |
| | | प्रदेश | ९५.१ | फ्ल्यास रिपोर्ट २०८० | |
| | | राष्ट्रिय | ९५.२ | फ्ल्यास रिपोर्ट २०८० | |
| २.११ | खुद भर्नादर (१-८) | स्थानीय | ९३.० | EMIS 2081 | |
| | | प्रदेश | ११९.-० | फ्ल्यास रिपोर्ट २०८० | |
| | | राष्ट्रिय | १२१.६ | फ्ल्यास रिपोर्ट २०८० | |
| २.१२ | कुल भर्नादर (१-८) | स्थानीय | १००.० | फ्ल्यास रिपोर्ट २०८० | |
| | | प्रदेश | ८४.९ | फ्ल्यास रिपोर्ट २०८० | |
| | | राष्ट्रिय | ८६.३ | फ्ल्यास रिपोर्ट २०८० | |
| २.१३ | कक्षा ८ सम्म टिकाउ दर % | स्थानीय | ७९.० | EMIS 2081 | |
| | | प्रदेश | ८४.० | | |
| | | राष्ट्रिय | ७९.३ | | |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर % | स्थानीय | ८०.० | EMIS 2081 | |
| | | प्रदेश | ९०.९ | | |
| | | राष्ट्रिय | ७२.७ | | |
| २.१५ | आधारभूत तह कक्षा (१-८) अध्यापनरत कुल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या % | स्थानीय | ४०.० | EMIS 2081 | |
| | | प्रदेश | ४९.३ | फ्ल्यास रिपोर्ट २०८० | |
| | | राष्ट्रिय | ४०.८ | फ्ल्यास रिपोर्ट २०८० | |

| क्र.सं. | सूचक | | तह | आधार वर्ष २०८१ | सूचकको स्रोत | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|
| २.१६ | विद्यालय बाहिर रहेका बालबालिका % | कक्षा (१-५) | स्थानीय | २.० | EMIS 2081 | |
| | | | प्रदेश | ५.१ | | |
| | | | राष्ट्रिय | ४.३ | | |
| | | कक्षा (१-८) | स्थानीय | ४.० | EMIS 2081 | |
| | | | प्रदेश | ४.९ | | |
| | | | राष्ट्रिय | ४.८ | | |
| **३.** | **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | |
| ३१. | कक्षा ९-१२ को खुद भर्नादर | | स्थानीय | ५०.० | EMIS 2081 | |
| | | | प्रदेश | ५८.८ | फ्ल्यास रिपोर्ट २०८० | |
| | | | राष्ट्रिय | ५६.८ | फ्ल्यास रिपोर्ट २०८० | |
| ३.२ | कक्षा ९-१२ को कुल भर्नादर | | स्थानीय | ११६.० | EMIS 2081 | |
| | | | प्रदेश | ८६.० | फ्ल्यास रिपोर्ट २०८० | |
| | | | राष्ट्रिय | ८३.२ | फ्ल्यास रिपोर्ट २०८० | |
| ३.३ | कक्षा ९-१२ को कुल भर्ना दर लैङ्गिक समता सूचक | | स्थानीय | ०.९७ | EMIS 2081 | |
| | | | प्रदेश | ०.९६ | फ्ल्यास रिपोर्ट २०८० | |
| | | | राष्ट्रिय | ०.९६ | फ्ल्यास रिपोर्ट २०८० | |
| ३.४ | माध्यमिक तह कक्षा (९-१२) अध्यापनरत कुल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या % | | स्थानीय | २५.० | EMIS 2081 | |
| | | | प्रदेश | १७.९९ | फ्ल्यास रिपोर्ट २०८० | |
| | | | राष्ट्रिय | २०.९६ | फ्ल्यास रिपोर्ट ट२०८० | |

## १.३ मुख्य समस्या तथा चुनौतीको विश्लेषण

आधारभूत विद्यालय उमेर समूहका बालबालिकाहरू विद्यालय बाहिर रहनु, बालबालिकाहरू विशेषत सुविधाविहीन समूहका बालबालिकहरु विद्यालय बाहिर रहनु, विद्यार्थीहरुमा कक्षा छोड्ने दर अत्यधिक हुनु तथा विद्यार्थीको सिकाइ उपलब्धि सन्तोषजनक नहुनु, माध्यमिक शिक्षा पूर्णरुपमा निशुल्क हुन नसक्नु, शैक्षिक सुशासन कायम हुन नसक्नु, शिक्षा प्रतिस्पर्धी गुणस्तरीय उत्पादनमुखी र अनुसन्धानमूलक हुन नसक्नु, सामुदायिक विद्यालयमा स्थानीय समुदायको अपनत्व सिर्जना हुन नसक्नु सामुदायिक विद्यालयमा विद्यार्थी संख्या घट्दो क्रममा हुनु, सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालय प्रति विद्यार्थी तथा अभिभावकको चासो रहनु, संस्थागत विद्यालयहरू सेवाभन्दा नाफामुखी बढी हुनु, सामुदायिक विद्यालयका शिक्षकको पेशाप्रतिको लगनशीलता उत्तरदायित्व र

उत्प्रेरणामा कमी हुनु, प्रधानाध्यापकले विद्यालयको शैक्षिक गुणस्तर भन्दा भौतिक विस्तारतिर बढी ध्यान दिनु, शिक्षकको वृत्ती विकास वैज्ञानिक र पारदर्शी नहुनु, विद्यालयमा पर्याप्त शिक्षक दरबन्दी र विषयगत दरबन्दीको अभाव हुनु, गुणस्तरीय शिक्षाका लागि शिक्षक सेवाकालीन तथा तालिमको अभाव हुनु, तालिमप्राप्त शिक्षकले पनि तालिमबाट प्राप्त गरेको ज्ञान र सीप कक्षाकोठामा कम प्रयोग गर्नु, विद्यालय अनुगमन, निरीक्षण सुपरिवेक्षण आवश्यकतानुसार हुन नसक्नु, संघीय शिक्षा ऐन जारी भएको कारणले गर्दा कतिपय कुराकानीका अन्योलता कायम भई कार्य प्रभावकारी हुन नसक्नु समस्याको रूपमा रहेका छन् ।

त्यस्तै गरी न्यून विद्यार्थी र न्यून शिक्षकबाट विद्यालय सन्चालन गर्नु, समन्यायिकता गुणस्तरको सुनिश्चितता सहित सामुदायिक विद्यालय प्रति अभिभावक तथा विद्यार्थीको आकर्षण अभिवृद्धि गर्ने, विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गर्नु, विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई शिक्षण सिकाइ पद्धतिलाई व्यवहारिक बालमैत्री एवम् सूचना प्रविधिमा आधारित बनाई शिक्षाको गुणस्तरमा अभिवृद्धि गर्नु, विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालय भर्ना गर्नु, कक्षा छाड्ने दर शुन्यमा झार्नु, अपेक्षित सिकाइ उपलब्धिमा वृद्धि गर्नु, शिक्षा क्षेत्रमा सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु, सूचना तथा सञ्चार प्रविधिले ल्याएका विविध अवसरहरूको सदुपयोग, शैक्षिक सुधारका लागि सरोकारवालाहरुबिच अपनत्वको भावनाको विकास गर्नु, नक्साङ्कनको आधारमा विद्यालय स्थापना, समायोजन तथा कक्षा घटाउने, थप गर्ने गरी सबै बालबालिकालाई विद्यालय शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गर्नु, विद्यालय शिक्षालाई प्राकृतिक प्रकोप, संकट तथा महामारी लगायतका परिस्थिति प्रति उत्थानशील बनाउनु चुनौतीको रूपमा रहेका छन् ।

## १.४ शिक्षा क्षेत्रका चुनौतीको SWOT विश्लेषण

### सबल पक्षहरू

शिक्षा ऐन तथा नियमावलीको निर्माण, बाल विकास केन्द्रको स्थापना, र दरबन्दी व्यवस्थापन मार्फत शिक्षकको आपूर्ति प्रमुख सबल पक्षहरू हुन् । विद्यालयमा पर्याप्त भौतिक पूर्वाधार, इन्टरनेट र यातायातको सुविधा, साथै स्थानीय पाठ्यक्रमको कार्यान्वयनले शिक्षामा सुधारका लागि बलियो आधार प्रदान गरेको छ ।

शिक्षा ऐन तथा नियमावली निर्माण, आवश्यकता अनुसार बाल विकास केन्द्र र शिक्षकहरूको व्यवस्था, स्थानीय स्रोत र स्वयंसेवक शिक्षकमार्फत दरबन्दीको व्यवस्थापन, विद्यालयमा पर्याप्त भौतिक सेवाहरू, जस्तै बिजुली, इन्टरनेट, खानेपानी, आधारभूत तहको शिक्षा निःशुल्क बनाउने र स्थानीय पाठ्यक्रम लागू गर्ने, स्थानीय तहबाट केही विद्यालयलाई नमूना विद्यालयको रूपमा विकासका कार्य अघि बढेका छन् जसलाई यस पालिकाको सबल पक्षको रूपमा लिन सकिन्छ ।

**कमजोर पक्षहरु**

बाल विकास केन्द्रमा उमेर समूहअनुसार बालबालिका भर्ना गराउन कठिनाई, विद्यालय भर्ना अभियानको प्रभावकारीता अभाव, र शैक्षिक कार्यक्रमहरूको नियमित अनुगमनको संयन्त्रको अभाव कमजोरीका रूपमा देखिएका छन्। कक्षा १ मा अझैपनि बालबालिका बालविकासको अनुभव विना नै विद्यालय भर्ना हुने गरेका छन् । बालविकासमा भर्ना भएका बालबालिका मध्ये केही बालबालिका सम्बन्धित उमेर समूहभन्दा फरक उमेर समूहका (धेरै जसो कम उमेरका) छन् । विद्यालय भर्ना अभियान कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न नसक्नु, शैक्षिक कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि प्रभावकारी अनुगमन संयन्त्र नहुनु, विद्यालय समायोजन तथा दरबन्दी मिलान र पुनर्वितरण गर्न नसक्नु कमजोरीका रूपमा रहेका छन् ।

समग्रमा विद्यालय भर्ना अभियान प्रभावकारी रूपमा सञ्चालन गर्न नसक्नु, बालविकास केन्द्रमा उमेर समूह अनुसार बालबालिका भर्ना गराउन कठिनाई, प्रभावकारी अनुगमन संयन्त्रको अभाव, विद्यालय समायोजन र दरबन्दी पुनर्वितरण हुन नसक्नु कमजोरीका रूपमा रहेको छ ।

### १.३.१ शिक्षा क्षेत्रका मुख्य समस्याहरू

१. आधारभूत विद्यालय उमेर समूहका सबै बालबालिकाहरू विशेषत सुविधा विहीन समूहका बालबालिकाहरू विद्यालय बाहिर रहनु,

२. विद्यार्थीहरुमा कक्षा छोड्ने दर अत्यधिक हुनु तथा विद्यार्थीहरूको सिकाइ उपलब्धि सन्तोषजनक नहुनु,

३. माध्यमिक शिक्ष (११-१२) पूर्णरूपमा निःशुल्क हुन नसक्नु

४. शैक्षिक सुशासन कायम हुन नसक्नु,

५. शिक्षा प्रतिस्पर्धी, गुणस्तरीय, उत्पादनमुखी र अनुसन्धानमूलक हुन नसक्नु,

६. सामुदायिक विद्यालयमा स्थानीय समुदायको अपनत्व सिर्जना हुन नसक्नु,

७. सामुदायिक विद्यालयमा विद्यार्थी संख्या घट्दो क्रममा हुनु,

८. सामुदायिक विद्यालयका शिक्षकहरूको पेसाप्रतिको लगनशीलता उत्तरदायित्व र उत्प्रेरणामा कमी हुनु,

९. प्रधानाध्यापकले विद्यालयको शैक्षिक गुणस्तर भन्दा भौतिक विस्तारतिर बढी ध्यान दिनु,

१०.विद्यालयमा पर्याप्त शिक्षक दरबन्दी, विषयगत दरबन्दीको अभाव हुनु,

११.गुणस्तरीय शिक्षाका लागि शिक्षक सेवाकालीन तथा पुनर्ताजगी तालिमको अभाव हुनु, तालिम प्राप्त शिक्षकले पनि तालिमबाट प्राप्त गरेको ज्ञान र सीप कक्षाकोठामा कम प्रयोग गर्नु,

१२.कोभिड -१९ जस्तो महामारीमा शिक्षण र सिकाइलाई निरन्तरता दिन कठिन हुनु,

१३. विद्यालयमा सूचना तथा संचार प्रविधि पर्याप्त नहुनु,

१४. विद्यालय व्यवस्थापन समितिको विद्यालयप्रतिको चासो नहुनु,

१५.विद्यालय अनुगमन, निरीक्षण, सुपरिवेक्षण आवश्यकतानुसार हुन नसक्नु,

१६.निरन्तर विद्यार्थी मूल्याङ्कनलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नसक्नु,

१७.संघीय शिक्षा ऐन जारी नभएको कारणले गर्दा कतिपय कुराहरूमा नीतिगत र कानुनी अन्योलता कायम भई कार्य प्रभावकारी हुन नसक्नु ।

### १.३.२ शिक्षा क्षेत्रका मुख्य चुनौतीहरू

यस पालिकाको शैक्षिक सुधार तथा विकासका लागि विभिनन्न चुनौतीहरु रहेका छन् ।

१. न्यून विद्यार्थी र न्यून शिक्षकबाट विद्यालय सञ्चालन गर्नु,

२. समन्यायिकता गुणस्तरको सुनिश्चितता सहित सामुदायिक विद्यालय प्रति अभिभावक तथा विद्यार्थीको आकर्षण अभिवृद्धि गर्ने,

३. विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गर्नु,

४. विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई शिक्षण सिकाइ पद्धतिलाई व्यवहारिक बालमैत्री एवं सूचना प्रविधिमा आधारित बनाई शिक्षाको गुणस्तरमा अभिवृद्धि गर्नु,

५. विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालय भर्ना गर्नु, कक्षा छाड्ने दर शुन्यमा झार्नु अपेक्षित सिकाइ उपलब्धिमा वृद्धि गर्नु

६. शिक्षा क्षेत्रमा सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु,

७. सूचना तथा सञ्चार प्रविधिले ल्याएका विविध अवसरहरूको सदुपयोग गर्नु

८. शैक्षिक सुधारका लागि सरोकारवालाहरुबिच अपनत्वको भावनाको विकास गर्नु

९. नक्साङ्कनको आधारमा विद्यालय स्थापना, समायोजन तथा कक्षा घटाउने, थप गर्ने गरी सबै बालबालिकालाई विद्यालय शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गर्नु

१०. विद्यालय शिक्षालाई प्राकृतिक प्रकोप, संकट तथा महामारी लगायतका परिस्थिति प्रति उत्थानशील बनाउनु

११. विद्यालय दिवा खाजालाई प्रभावकारी रुपमा सन्चालन गरी बालबालिकाको पोषण अवस्था तथा स्वास्थ्यमा सुधार गर्नु,

१२. विद्यालयमा हुने सबै प्रकारका विभेदहरुको अन्त्य गरी समावेशी र समतामूलक वातावरण सिर्जना गर्नु ।

### १.३.३ विद्यालय शिक्षा क्षेत्रका अवसरहरू

विद्यालय शिक्षामा विभिन्न प्रकारका चुनौतीहरूका बावजुद पनि सहयोगी वातावरण बन्न गई केही अवसरहरूको सिर्जना भएको छ। निम्नलिखित अवसरलाई विद्यालय शिक्षा क्षेत्रको विकासका लागि सदुपयोग गर्न सकिन्छ ।

१. शिक्षालाई मौलिक हकको रुपमा स्थापित गरी निःशुल्क र अनिवार्य भएको आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको एकल अधिकारभित्र रहनु,

२. विद्यालय तहको शिक्षामा खुद भर्ना दर र लैंगिक समता सूचाङ्कहरूमा पर्याप्त सुधार हुनु,

३. समावेशी सहभागिता वृद्धि हुनु, सार्वजनिक विद्यालयप्रति अपेक्षा र चासो बढ्दै जानु, प्राविधिक

शिक्षा तथा व्यवसायिक तालिम स्थानीय तह सम्म सर्वसुलभ हुनु, माध्यमिक र आधारभूत शिक्षा स्थानीय तहको एकल अधिकार भएतापनि प्रादेशिक सरकार र संघीय सरकार समेतको उत्तिकै चासो हुनु,

४. तीनै तहका सरकारको आपसी सहयोग र साझेदारीमा लगानी वृद्धि हुनु, शैक्षिक व्यवस्थापन र सुधारमा तीनै तहका सरकारबाट शैक्षिक सेवाप्रवाह हुने अवसर प्राप्त हुनु,

५. शैक्षिक व्यवस्थापन योजना निर्माण कार्यान्वयन अनुगमनका स्थानीय तहबा हुने व्यवस्था हुनु,

६. विविध महामारी, संकटको अवस्थामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी सिकाईलाई निरन्तरता दिनु,

७. विद्यालयमा दिवा खाजालाई प्रभावकारी रुपमा सञ्चालन गरी बालबालिकाको पोषण अवस्था तथा स्वास्थ्यमा सुधार गरी विद्यार्थीको नियमिततामा वृद्धि गरी अपेक्षित शैक्षिक उपलब्धीमा वृद्धि गर्नु ।

## १.३.४ शिक्षा योजनाले समेट्ने पक्षहरू

यस योजनामा निम्न पक्षहरु समावेश गरिएको छ ।

| क्र.सं. | शिक्षा योजनाले समेटेका पक्ष | विश्लेषण |
|---|---|---|
| १. | पहुँच | • **भौगोलिक पहुँच:** विद्यालय र शैक्षिक संस्थानहरूका स्थान र त्यसको पहुँच।<br>• **आर्थिक पहुँच:** शैक्षिक शुल्क, सामग्रीको लागत र विद्यार्थीका लागि वित्तीय सहयोगको उपलब्धता।<br>• **सामाजिक पहुँच:** विभिन्न समुदाय, जाति, र लिङ्गका विद्यार्थीहरूलाई शिक्षा प्राप्त गर्ने समान अवसर।<br>• **संरचनात्मक पहुँच:** विद्यालयको भौतिक संरचना, पूर्वाधार र शिक्षण साधनहरूको उपलब्धता।<br>• **प्राविधिक पहुँच:** डिजिटल शिक्षा र अनलाइन श्रोतहरूमा पहुँच।<br>• **सामाजिक भावनात्मक पहुँच:** मानसिक स्वास्थ्य, समावेशी शिक्षा र विद्यार्थीहरूको भावनात्मक साक्षरता। |
| २. | गुणस्तर | • **पाठ्यक्रम:** पाठ्यक्रमको डिजाइन, सामग्री र सान्दर्भिकता।<br>• **शिक्षण विधि:** शिक्षकहरूको शिक्षण शैली, विधिहरू र शैक्षिक प्रविधिहरूको प्रयोग।<br>• **शिक्षकको योग्यता:** शिक्षकहरूको प्रशिक्षण, अनुभव र दक्षता।<br>• **सामग्री र स्रोतहरू:** पाठ्यपुस्तक, शैक्षिक सामग्री र अन्य |

| क्र.सं. | शिक्षा योजनाले समेटेका पक्ष | विश्लेषण |
|---|---|---|
| | | स्रोतहरूको गुणस्तर।<br>• **मूल्याङ्कन प्रणाली**: विद्यार्थीहरूको मूल्यांकन गर्ने तरिका र प्रक्रिया, जसले शिक्षाको प्रभावकारिता मापन गर्न मद्दत गर्दछ।<br>• **सामाजिक समावेशिता** : सबै विद्यार्थीका लागि समान अवसर र गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने पहल।<br>• **शिक्षा परिणाम** :विद्यार्थीहरूको सिकाइ परिणाम, कौशल र ज्ञानको स्तर। |
| ३ | व्यवस्थापन | • **नीतिगत योजना** :शिक्षा नीतिहरूको विकास र कार्यान्वयन।<br>• **शिक्षण संस्थानको सञ्चालन** :विद्यालय, कलेज र विश्वविद्यालयको प्रशासन र सञ्चालन।<br>• **स्रोत व्यवस्थापन** :वित्तीय, भौतिक र मानव संसाधनहरूको व्यवस्थापन।<br>• **शिक्षक व्यवस्थापन** :शिक्षकको भर्ती, तालिम, विकास र मूल्यांकन।<br>• **विद्यार्थी व्यवस्थापन** :विद्यार्थीको भर्ना, उपस्थिती र शैक्षिक प्रगति ट्र्याक गर्ने प्रक्रिया।<br>• **सञ्चार र समन्वय** :विद्यालय भित्र र बाहिरको सञ्चार र सम्बन्ध व्यवस्थापन।<br>• **गुणस्तर मूल्यांकन** :शिक्षा प्रणालीको गुणस्तर मापन र सुधारका उपायहरूको विकास।<br>• **समावेशिता र विविधता** :सबै विद्यार्थीको समान पहुँच र समावेशिताका लागि रणनीतिहरू। |
| ४ | क्षमता विकास | • **सीप र ज्ञान :** विद्यार्थीहरूको विशिष्ट सीप र ज्ञानको विकास, जसले उनीहरूलाई व्यावसायिक र व्यक्तिगत जीवनमा सफल बनाउन मद्दत गर्दछ।<br>• **सामाजिक र भावनात्मक क्षमताहरू** :सहकार्य, संचार, आत्म)प्रबंधन र समस्या समाधान जस्ता सामाजिक र भावनात्मक सीपहरूको विकास।<br>• **आत्मविश्वास र प्रेरणाः** विद्यार्थीहरूको आत्मविश्वास र आत्म)प्रेरणा बढाउने पहल र कार्यक्रम। |

| क्र.सं. | शिक्षा योजनाले समेटेका पक्ष | विश्लेषण |
|---|---|---|
| | | • **क्रियात्मक शिक्षा** :व्यावहारिक अनुभव र कार्यान्वयनमार्फत सिकाइमा सक्षम बनाउने विधिहरू।<br>• **प्राविधिक क्षमताहरू** :डिजिटल साक्षरता र प्रविधि प्रयोगका सीपहरूको<br>• विकास।<br>• **आलोचनात्मक सोच र रचनात्मकता** :विद्यार्थीलाई विश्लेषणात्मक सोच र रचनात्मक समाधानका लागि सक्षम बनाउने गतिविधिहरू।<br>• **समस्याको समाधान** :वास्तविक जीवनका समस्याहरूमा काम गर्ने र समाधान खोज्ने क्षमताको विकास। |
| ५ | मूल्याङ्कन | • **विद्यार्थीको प्रदर्शन** :विद्यार्थीहरूले कति राम्ररी पाठ्यक्रमको सामग्री सिकेका छन्, उनीहरूको परीक्षा परिणाम र कार्यहरूको मूल्याङ्कन।<br>• **शिक्षण विधिहरू** :शिक्षकहरूको शिक्षण पद्धति र तिनको प्रभावकारिता कसरी छ भन्ने कुराको विश्लेषण।<br>• **पाठ्यक्रमको उपयुक्तता** :पाठ्यक्रमले विद्यार्थीहरूको आवश्यकताहरू कत्तिको पूरा गर्छ र सान्दर्भिकता कस्तो छ।<br>• **मूल्यांकन विधिः** प्रयोग गरिएका मूल्यांकनका तरिका र प्रक्रियाहरूजस्तै) , परीक्षण, परियोजना, प्रिजेन्टेशन (कत्तिको उचित छन्।<br>• **समाज र संस्कृति** : मूल्याङ्कन प्रक्रियाले समाजिक र सांस्कृतिक सन्दर्भलाई कत्तिको ध्यानमा राख्छ।<br>• **पृष्ठपोषण प्रक्रियाः** विद्यार्थी र शिक्षकहरूका लागि पृष्ठपोषणको महत्व र यसलाई कसरी सुधार गर्न सकिन्छ।<br>• **गुणस्तर मापन** : शिक्षा प्रणालीको गुणस्तर र प्रभावकारिताको मापन।<br>• **समावेशिताः** सबै विद्यार्थीको लागि मूल्याङ्कन प्रक्रिया कति समावेशी छ र यसले विविधता कसरी समेट्छ। |
| ६ | सुशासन | • **सुशासन शिक्षा** : योजना निर्माण गर्दा सुशासनको अवधारणा विश्लेषण गर्नु महत्वपूर्ण हुन्छ, किनकि सुशासनले योजना |

| क्र.सं. | शिक्षा योजनाले समेटेका पक्ष | विश्लेषण |
|---|---|---|
| | | कार्यान्वयनमा पारदर्शिता, उत्तरदायित्व, सहभागिता, प्रभावकारिता, र कानुनी राज्यको सिद्धान्त सुनिश्चित गर्दछ। सुशासनको दृष्टिकोणले शिक्षा योजनालाई प्रभावकारी र दिगो बनाउन मद्दत गर्छ।<br>• **सुशासनका मुख्य पक्षहरूः**<br>• **पारदर्शिता** : योजना निर्माण र कार्यान्वयनको प्रत्येक चरणमा खुलापन, सार्वजनिक जानकारीको पहुँच, र निर्णय प्रक्रियामा स्पष्टता हुनुपर्छ।<br>• **उत्तरदायित्व शिक्षा :** क्षेत्रमा संलग्न निकायहरूलाई आफ्नो जिम्मेवारी बुझाउन र कामको प्रतिफलका लागि जवाफदेही बनाउन आवश्यक छ।<br>• **जनसहभागिताः** योजना निर्माणमा विभिन्न सरोकारवालाहरु विद्यार्थी, शिक्षक, अभिभावक, समुदायको सहभागिता सुनिश्चित गर्नु पर्छ। यसले योजना जनउत्तरदायी र व्यावहारिक हुन्छ।<br>• **समावेशिता योजनाः** सबै वर्ग, समुदाय, लिङ्ग र क्षेत्रका व्यक्तिहरूको पहुँच योग्य र समावेशी हुनुपर्छ।<br>• **कानुनी राज्य शिक्षा :**योजनामा कानुनको पालना, नीति र कानुनी मापदण्ड अनुसार काम गरिनुपर्छ, जसले अधिकारहरूको रक्षा र शिक्षाको गुणस्तर सुनिश्चित गर्छ।<br>• **प्रभावकारिता शिक्षाः** योजनाले आफ्ना लक्ष्यहरू प्राप्त गर्न सक्षमता र स्रोतहरूको उचित व्यवस्थापनमा ध्यान दिनुपर्छ। |

# परिच्छेदः२
# दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

## २.१ पृष्ठभूमि

दूरदृष्टि सामान्यतः आवधिक योजना अवधिभित्र प्राप्त हुने अवस्था मात्र नभई आगामी दुई तीन दशक सम्मको आदर्श कल्पनाका रुपमा उल्लेख गरिएको हुन्छ । नेपाल सरकारले पन्ध्रौं योजनामा दीर्घकालीन सोचको रुपमा **“समृद्ध नेपाल, सुखी नेपाली”** निर्धारण गरेको छ । गण्डकी प्रदेशको दीर्घकालीन सोच **“समृद्ध प्रदेश, सुखी प्रदेशवासी”** रहेको छ । पन्ध्रौं योजनामा “सामाजिक आर्थिक रुपान्तरणकालि मानव संसाधनको विकास” दूरदृष्टिको रूपमा उल्लेख रहेको छ भने शिक्षा नीति २०७६ मा **“शिक्षित, सभ्य, स्वस्थ र सक्षम जनशक्ति, सामाजिक न्याय, रूपान्तरण र समृद्धि"** उल्लेख छ ।

माथि उल्लिखित विभिन्न तह र क्षेत्रले तय गरेका दूरदृष्टि तथा घिरिङ गाउँपालिका स्तरको शिक्षा क्षेत्रको योजना निर्माणमा परिच्छेद १ मा उल्लेख गरिएका गाउँपालिकाभित्रको शैक्षिक परिवेशको समीक्षा सहित उठान गरिएका मुख्य चुनौति तथा अवसर र सम्भावनाहरूलाई समेत मध्यनजर गरी घिरिङ गाउँपालिकाको यस ५ वर्षे शिक्षा योजनामा निम्न अनुसारको दूरदृष्टि र लक्ष्य तय गरिएको छ ।

## २.२ दूरदृष्टिः

**“व्यावहारिक, गुणस्तरीय तथा प्रविधिमैत्री शिक्षा, घिरिङ गाउँपालिकाको अपेक्षा”**

## २.३ लक्ष्यः

वर्तमान समयको आवश्यकतालाई सम्बोधन गर्दै आत्मनिर्भर, प्राप्त अवसरलाई उपयोग गरी आफ्नो गाउँपालिकाप्रति गौरव गर्न सक्ने प्रतिस्पर्धी, उद्यमशील एवं लगनशील जनशक्ति तयार गर्ने ।

## २.४ उद्देश्यः

यस गाउँपालिकाको ५ बर्षे शिक्षा योजनाको उद्देश्य गाउँपालिकाले सामना गर्नु परेका समस्या तथा चुनौतिहरूलाई सम्बोधन हुने गरि निम्न अनुसार निर्धारण गरिएको छः

१. सबै बालबालिकालाई गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षाको अवसर सुनिश्चित गर्नु,
२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तर अभिवृद्धि गर्नु,
३. प्राविधिक तथा व्यवसायिक शिक्षालयको स्थापना गरी सबै वर्गका बालबालिकाहरूको पहुँच सुनिश्चित गर्नु,
४. शिक्षक तथा अध्ययनरत विद्यार्थीहरूलाई प्रविधिमैत्री बनाई गुणस्तरीय र प्रविधियुक्त शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्नु,

५. सबै बालबालिकाहरूलाई बालमैत्री वातावरणमा शिक्षण सिकाइमा सहभागी गराउनु,
६. राष्ट्रिय पाठ्यक्रम प्रारुपले तोके बमोजिम गाउँपालिकास्तरमा स्थानीय पाठ्यक्रमको निर्माण तथा कार्यान्वयन मार्फत स्थानीय मूल्य मान्यता, प्रविधि तथा सीप समेतको प्रबर्द्धन गर्नु,
७. सबै विद्यालयहरूमा शैक्षिक सुशासनको विकास गरी बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास गर्नु,
८. सबै विद्यालयहरूमा आपतकालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्नु,
९. अनौपचारिक शिक्षा र आजीवन सिकाइका अवसर सुनिश्चित गर्नु,
१०. विद्यालयमा आधारभूत स्वास्थ्य सेवाको पहुँच पुऱ्याउनु,
११. सबै सामुदायिक विद्यालयहरुमा न्यूनतम शिक्षक दरबन्दी, तथा विषयगत दरबन्दीको व्यवस्थापन गर्नु ।

## २.५ रणनीति तथा कार्यनीतिः

शिक्षा योजनाले तय गरेको दूरदृष्टि तथा उद्देश्यहरुलाई सम्बोधन गर्नका लागि निम्नलिखित रणनीति तथा कार्यनीतिहरु तय गरिएको छ ।

| रणनीति | कार्यनीति |
|---|---|
| १. प्रारम्भिक बालविकास कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अङ्ग बनाई सो उमेर समूहका सबै बालबालिकाका लागि अनिवार्य गर्ने,<br>२. बालविकास केन्द्रमा सिकाई सामग्री र सूचना तथा सञ्चार प्रविधि सहितको कक्षाकोठा व्यवस्थापन सहित भौतक सुविधा विस्तार गर्ने, | १. घिरिङ गाउँपालिकाका हरेक समुदायमा रहेका ४ वर्ष पूरा भई ५ वर्ष मुनिका बालबालिकालाई अनिवार्य रुपमा प्रारम्भिक बालविकासमा संलग्न गराइनेछ ।<br>२. बालविकास केन्द्रमा बालबालिकाको उमेर अनुसार शिक्षण सिकाइ सामग्री, स्मार्ट टि.भी., खेलकुद सामग्री (विभिन्न प्रकारका खेलौना) व्यवस्था गरिने छ ।<br>३. दक्ष तथा अनुभवी सकेसम्म महिला सहजकर्ताको व्यवस्था गरिने छ ।<br>४. पोषणयुक्त दिवा खाजाको प्रबन्ध गराइनेछ । |
| ३. गुणस्तरीय अनिवार्य, निशुल्क आधारभूत तथा निःशुल्क माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्ने,<br>४. विद्यालय शिक्षा गुणस्तर र प्रविधिमा सुधार तथा सान्दर्भिकता वृद्धि | १. विद्यालयमा विद्यार्थी टिकाइ राख्न र कक्षा छाडने समस्या समाधान गर्न दिवाखाजा, छात्रवृत्ति, नियमित स्वास्थ्य परीक्षण जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. विषयगत थप शिक्षक व्यवस्थापनका लागि प्रदेश र संघीय सरकारसँग समन्वय गरी शिक्षक |

| | |
|---|---|
| समतामूलक र सबैको पहुँच पुऱ्याउन स्रोतको व्यवस्था गर्ने, | सुनिश्चित गर्न स्वयंसेवक शिक्षक परिचालन वा एकमुष्ठ अनुदान दिइनेछ ।<br>३. संघीय र प्रदेश सरकारसँग लागत साझेदारी, सहलगानी कार्यक्रम मार्फत आवश्यकता र प्राथमिकताका आधारमा विद्यालयहरूको भौतिक पूर्वाधार विकास गरिनेछ ।<br>४. सबैका लागि अनिवार्य, निशुल्क आधारभूत तथा निःशुल्क माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न शारीरिक तथा सामाजिक रुपमा पछाडि परेका बालबालिकालाई विशेष सिकाइ सामग्री र उचित शैक्षिक अवसरको सृजना गरिने छ ।<br>५. शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन शिक्षणमा विभिन्न विधिहरुको प्रयोग गर्दै उपयुक्त पाठ्यसामग्री, सन्दर्भ सामग्री, स्रोतसामग्री, उपयुक्त कक्षाकोठा व्यवस्थापन, शिक्षक पेसागत क्षमता विकास जस्ता कार्यक्रम सञ्चालन गरिने छ । |
| ५. शिक्षा ऐन, नियमावली अनुकूल स्थानीय तहमा समेत शिक्षा ऐन, नियमावली निर्माण गरी निश्चित वैज्ञानिक र व्यवहारिक मापदण्डका आधारमा भौगोलिक नक्साङ्कन समेत गरी आवश्यकता अनुसार विद्यालय समायोजन तथा कक्षा थपघट गरी सबै बालबालिकाको पहुँच र सहभागिताको सुनिश्चितता गर्ने, | १. विद्यालय नक्साङ्कनको आधारमा विद्यालय स्थापना, समायोजन तथा कक्षा थपघट गरिने छ ।<br>२. विद्यालय बाहिर रहेका सबै बालबलिकालाई विद्यालयमा भर्ना गर्ने अभियानलाई निरन्तरता दिँदै विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरी स्थानीय तहले आफ्नो सेवा क्षेत्रभित्र कुनै पनि बालबालिका बाहिर नरहेको घोषणा गर्ने कार्यक्रम सञ्चालन गरिने छ ।<br>३. विद्यार्थी र अभिभावकको चाहना अनुसार विषय थपघट गरी सो अनुसार विषय शिक्षकको व्यवस्था गरिने छ । |
| ६. सङ्घीय, प्रदेश तथा स्थानीय सरकारको समन्वय, सहयोग र सहजीकरणमा | १. विद्यालयका भवन, पुस्तकालय, प्रयोगशाला, खेल मैदान, र पहुँचयुक्त संरचनाको निर्माण तथा मर्मतका लागि संघीय, प्रदेश, र स्थानीय तहको |

| | |
|---|---|
| विद्यालयहरूको भौतिक, आर्थिक, शैक्षिक तथा मानवीय पक्षको व्यवस्थापन गर्ने, | साझेदारीमा विशेष कार्यक्रम सञ्चालन गरिने छ।<br>२. संघीय प्रदेश सरकारबाट नीति तथा बजेट सुनिश्चित गरिने र सम्बोधन हुन नसकेका सम्पूर्ण कार्यक्रम स्थानीय सरकारले विद्यालयको प्राथमिकता अनुसार वित्तीय व्यवस्थापन गरिने छ।<br>३. शिक्षक प्रशिक्षण, नवप्रवर्तनशील शिक्षण विधि र स्थानीय आवश्यकता अनुरूप पाठ्यक्रम समायोजनका लागि तीनै तहका सरकारहरूको समन्वयमा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिने छ । |
| ७. निःशुल्क आधारभूत तथा माध्यमिक शिक्षामा सहज पहुँच र समावेशिता सुनिश्चित गर्न छात्रवृत्तिको व्यवस्था गर्ने, | १. समावेशी छात्रवृत्ति वितरण प्रणालीको स्थापनाः आर्थिक रूपले विपन्न, दलित, आदिवासी, जनजाति, अपाङ्गता भएका व्यक्ति, र सीमान्तकृत समुदायका विद्यार्थीहरूलाई प्राथमिकतामा राखेर संघीय, प्रदेश, र स्थानीय तहको समन्वयमा पारदर्शी र प्रभावकारी छात्रवृत्ति वितरण प्रणाली लागू गरिने छ।<br>२. विद्यालयमा छात्रवृत्ति व्यवस्थापन कोष स्थापनाः सबै तहका सरकार, निजी क्षेत्र तथा दातृ निकायहरूको सहयोगमा विद्यालयस्तरमा छात्रवृत्ति व्यवस्थापन कोष स्थापना गरी नियमित र सुनिश्चित रूपमा छात्रवृत्ति उपलब्ध गराइने छ। |
| ८. प्राविधिक तथा व्यवसायिक शिक्षालय स्थापना गरी समतामूलक पहुँच अभिवृद्धि गर्ने,<br>९. प्राविधिक तथा व्यवसायिक शिक्षा अध्ययनरत गरीब, असहाय तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था गर्ने,<br>१०. सञ्चालित प्राविधिक शिक्षालयको गुणस्तरमा अभिवृद्धि गर्ने, | १. उपलब्ध स्थानीय स्रोत, आर्थिक गतिविधि, र रोजगारीका सम्भावनाको आधारमा प्राविधिक तथा व्यवसायिक शिक्षालय स्थापना गर्न संघीय, प्रदेश र स्थानीय सरकारको सहकार्यमा आवश्यक बजेट व्यवस्थापन र दीर्घकालीन योजना निर्माण गरिने छ ।<br>२. आर्थिक रूपमा कमजोर, असहाय, र जेहेन्दार विद्यार्थीलाई लक्षित गरी नियमित छात्रवृत्ति वितरणका लागि संघीय सरकारको अनुदान तथा प्रदेश र स्थानीय तहको स्रोत परिचालन गरी कोष स्थापना गरिने छ । |

| | |
|---|---|
| | ३. सञ्चालित शिक्षालयमा आधुनिक प्रयोगशाला, उद्योगसँग सहकार्य, योग्य प्रशिक्षकहरूको नियुक्ति र अद्यावधिक पाठ्यक्रम लागू गरी गुणस्तर सुधारका कार्यक्रम सञ्चालन गरिने छ। |
| ११. विद्यालयहरुमा इ-पुस्तकालयको व्यवस्था गर्ने,<br>१२. सबै विद्यालयहरूमा सूचना प्रविधिको विकास गर्न "एक शिक्षक एक कम्प्युटर" कार्यक्रम लागु गर्ने, | १. पाठ्यक्रम अनुसारका इ-बुक, भिडियो र शैक्षिक एप्लिकेशनहरू संकलन गरी क्लाउड आधारित प्रणालीमार्फत सबै विद्यालयमा उपलब्ध गराइने छ ।<br>२. विद्यालयहरूमा कार्यरत शिक्षकहरूको विवरण सङ्कलन गरी प्राथमिकताका आधारमा व्यक्तिगत कम्प्युटर वितरण गर्ने प्रणाली लागू गरिने छ।<br>३. माध्यमिक विद्यालयमा एक जना सूचना तथा प्रविधि शिक्षक अनिवार्य व्यवस्था गरिने साथै आधारभूत विद्यालयका लागि नजिकको मातृ विद्यालयसँग समन्वय गरी एक जना शिक्षकलाई सूचना तथा प्रविधि तालिम सञ्चालन गरिने छ । |
| १३. पेसागत दक्ष तथा व्यवसायिक जनशक्ति उत्पादनमा जोड दिने, | १. सोह्रौं योजनामा उल्लेख भए बमोजिम आवश्यक्ता र उपयुक्त क्षेत्र पहिचान गरी "सिक्दै कमाउँदै र कमाउँदै सिक्दै" कार्यक्रम लागू गरेर पेसागत दक्ष तथा व्यवसायिक जनशक्ति उत्पादनमा जोड दिइने छ । |
| १४. शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा सुधार गर्ने, | १.एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाालि IEMIS व्यवस्थित र सुदृढ गरिनेछ । यसकोलागि प्रत्येक वर्ष तालिम दिइनेछ । विद्यालय IEMIS लाई अनुदान निकासासँग आबद्ध गरिनेछ ।<br>२. सूचना तथा सञ्चार प्रविधिमा आधारित विद्यालयको अभिलेख राख्न र सेवा प्रवाह गर्न प्रत्येक वर्ष प्रत्येक विद्यालयको प्र.अ. र शिक्षक र कर्मचारी मध्ये १ जनालाई कम्प्युटर सीप सम्बन्धी तालिम दिइनेछ ।<br>३.योजनाको पहिलो वर्ष सामुदायिक माध्यमिक विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला |

| | |
|---|---|
| | व्यवस्थित गरिनेछ । योजनाको अन्त्य सम्ममा कक्षा ८ सञ्चालित सबै आधारभूत विद्यालयमा सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।<br>४. सबै माध्यमिक विद्यालयहरूमा व्यवस्थापन प्रणाली र लेखा प्रणाली सम्बन्धी सफ्टवेयर स्थापना गरी सञ्चालन गरिनेछ र क्रमशः आधारभूत विद्यालयहरूमा विस्तार गरिनेछ । यसबाट विद्यालय सम्बन्धी सम्पूर्ण अभिलेख, सूचना सम्प्रेषण, प्रगति विवरण र लेखा प्रणाली सुदृढ हुनेछ । |
| १५. विद्यालय भएका भौतिक संरचना बालमैत्रीयुक्त बनाउने, | १. विद्यालयहरुमा बालमैत्री सुरक्षित कक्षाकोठा, खेल मैदान, शौचालय आदि निर्माण गर्ने र बालबालिकाको लागि उपयुक्त शैक्षिक सामग्री उपलब्ध गराइनेछ । |
| १६. तहगत उमेर अनुसार बालमैत्री शैक्षिक तथा खेलकुद सामग्री उपलब्ध गराउने, | १. शिक्षकहरुलाई बालमैत्री शिक्षण विधि, समावेशी शिक्षण अभ्यास र विविध पृष्ठभूमिका बालबालिकाहरुको आवश्यकता बुझ्न आवश्यक तालिम तथा प्रशिक्षण दिइनेछ । |
| १७. विद्यालय शिक्षामा सुशासन प्रबर्द्धन गर्न विद्यालयमा नेतृत्व क्षमता विकास तालिमको व्यवस्था गर्ने, | १. प्रत्येक विद्यालयका प्रधानाध्यापक, वि.व्य.संघ का अध्यक्ष र शि.अ.संघका अध्यक्षलाई नेतृत्व क्षमता विकास तालिम पालिका स्तरमा सञ्चालन गरिने छ ।<br>२. बाल क्लब, यु.रे.स., स्काउट, स्वास्थ्य क्लबका अध्यक्ष सचिवलाई सुशासन प्रबर्द्धन तालिम सञ्चालन गरिने छ । |
| १८. विद्यार्थी शैक्षिक उपलब्धिको आधारमा विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने पद्धतिलाई सुदृढ गरी यसका नतिजाहरूको आधारमा विद्यालयलाई पुरस्कृत गर्ने, | १. सूचकको आधारमा विद्यालयको कार्य सम्पादन परीक्षण पद्धतिलाई कार्यान्वयनमा ल्याउन मूल्याङ्कन, अनुगमनलाई प्रभावकारी बनाई नतिजाहरूको आधारमा विद्यालयलाई पुरस्कृत गरिने छ ।<br>२. पालिकास्तरीय विषयगत अनुभवी विज्ञहरुको समिति गठन गरी शैक्षिक उपलब्धि वृद्धि गर्न शिक्षक मेन्टरिङको व्यवस्था गरिने छ । |

| | |
|---|---|
| १९. विद्यार्थीहरुको विद्यालय छोड्ने दर घटाउन, बालविवाह, बहुविवाह, छुवाछुट हटाउन जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, | १. अभिभावकहरुलाई समेटिने गरी आमा समूह, युवा क्लब जस्ता संघ संस्थाहरुलाई सामाजिक सचेतनामूलक कार्यक्रममा सहभागी गराइ परिचालित गराइने छ ।<br>२. अनिवार्य तथा निःशुल्क शिक्षा ऐन-२०७५, मितिः२०७५।०६।०२ मा उल्लेख भए अनुसार २०६३।०६।०१ जन्मेका व्यक्ति अनिवार्य आधारभूत तह कक्षा ८ उत्तीर्ण (पूर्ण साक्षर) गराउन अभियानको रुपमा विशेष कार्यक्रम सञ्चालन गरिने छ । |
| २०. सबै विद्यालयहरूमा आपत्कालिन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि विद्यालय सञ्चालन गर्न सूचना तथा सञ्चार प्रविधिमा आधारित तालिम सञ्चालन गर्ने, | १. परिस्थिति अनुसार आपत्कालिन तथा सङ्कटपूर्ण अवस्थामा सिकाइ क्षति हुनबाट रोक्न सूचना तथा सञ्चार प्रविधिमा आधारित तालिम सञ्चालन गरिने छ । |
| २१. विपद् जोखिम न्युनिकरण तथा विद्यालय सुरक्षाको उपाय अपनाइने, | १. विपद् जोखिम न्यूनीकरणका सम्बन्धमा शिक्षक, विद्यार्थी र अन्य सरोकारवालाहरूको भूमिकाको अभिवृद्धि गरी विद्यालयको व्यवस्थापकीय क्षमता विकास तालिमको विषयवस्तुमा विपद व्यवस्थापन सम्बन्धी सामग्री समेटिनेछ ।<br>२. विद्यालय भौतिक पूर्वाधार निर्माणको कार्य गर्दा स्वीकृत डिजाइन, भवन निर्माण संहिता र सामाजिक वातावरणीय कार्यढाँचाको अनुसरण भए नभएको अनुगमन निरीक्षण गरी वातावरणमैत्री भएको सुनिश्चित गरिनेछ ।<br>३. सुरक्षित विद्यालय तथा उत्थानशीलताको सुनिश्चितताकालागि एकमुष्ट अनुदान पद्धति लागु गरिनुका साथै समुदायको संलग्नतालाई परिभाषित र अनुगमन गरिनेछ । |

| | |
|---|---|
| २२. वैकल्पिक प्रणाली सहजीकरण गर्न सामुदायिक सिकाइ केन्द्रलाई सक्रिय बनाउने, | १. सामुदायिक सिकाइ केन्द्रको मर्म अनुसार वैकल्पिक प्रणाली सहजीकरण प्रभावकारी गर्न सामुदायिक सिकाइ केन्द्रलाई सक्रिय बनाइने छ । |
| २३. विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउन स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वास्थ्यकर दिवा खाजाको प्रबन्धलाई थप व्यवस्थित गर्ने । | १. सङ्घीय सरकारबाट तोकिए बाहेकका समय र कक्षाका विद्यार्थीहरूका लागि स्थानीय तहले आफ्नै स्रोतबाट पौष्टिक तथा स्वास्थ्यकर दिवा खाजा व्यवस्थापन गरिने छ ।<br>२. गुणस्तरीय खाजाको व्यवस्थापनका लागि सङ्घीय सरकारबाट ससर्त अनुदानका रूपमा वित्तीय हस्तान्तरित रकम अपर्याप्त भएमा स्थानीय तहले थप स्रोतको व्यवस्थापन गर्न एवम् विद्यालयका अभिभावक/ गैरसरकारी सङ्घ संस्थासँग वा अन्य निकायसँग लागत साझेदारी गरी व्यवस्थित गरिने छ । |
| २४. विद्यालयमा अ.न.मी. वा स्टाफ नर्सको व्यवस्था गर्ने, | १. हरेक माध्यमिक विद्यालयमा अ.न.मी. वा स्टाफ नर्सको व्वस्था गरिने छ साथै कक्षा १-८ चलेका आधारभूत विद्यालायका लागि शिक्षकहरुमध्ये बाट आधारभूत प्राथमिक स्वास्थ्य उपचार सम्बन्धी तालिम सञ्चालन गरी स्वास्थ्य फोकल पर्सनको व्यवस्था गरिने छ । |
| २५. सबै सामुदायिक विद्यालयहरुमा न्यूनतम शिक्षक दरबन्दी तथा विषयगत दरबन्दीको व्यवस्था गर्न स्थानीय सरकारबाट अनुदान उपलब्ध गराउने, | १. विद्यार्थी संख्या र दूरीको आधारमा वैज्ञानिक ढङ्गबाट विद्यालय समायोजन गरी न्यूनतम एक कक्षा एक शिक्षक र माध्यमिक तहमा एक विषय एक शिक्षकको व्यवस्था गर्न अनुदान उपलब्ध गराइने छ । |

## अपेक्षित मुख्य उपलब्धि

योजनाको अन्त्य वि.स. २०८६ सम्ममा निम्नानुसारको उपलब्धि प्राप्त हुने अपेक्षा गरिएको छ :

१) यस गाउँपालिकाका सबै बालबालिकाहरू प्रारम्भिक बालविकास शिक्षाको अनुभव सहित कक्षा १ मा भर्ना हुनेको संख्या शत प्रतिशत पुग्नेछ,

२) गाउँपालिकाभित्र अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, अनिवार्य माध्यमिक शिक्षामा पहुँच हुनेको संख्या १००% पुग्नेछ ।

३) गाउँपालिकाभित्र विद्यालय शिक्षामा सूचना प्रविधिसहितको शिक्षण गर्ने विद्यालयको संख्या १००% पुग्नेछ ।

४) गाउँपालिकाभित्र आवश्यकता अनुसार प्राविधिक विद्यालय स्थापना हुनेछ ।

५) यस गाउँपालिकाका गरिबीको रेखामुनि रहेका परिवारका बालबालिकाहरूको निमित्त अभिभावक आय आर्जन कार्यक्रम सञ्चालन गरी कम्तिमा २० जना अभिभावकलाई रोजगारीको व्यवस्था हुनेछ ।

६) गाउँपालिकाभित्रका विद्यालयमा सम्बन्धित पक्षबाट कम्तिमा महिनाको एक पटक निरीक्षण तथा अनुगमन हुनेछ ।

७) विद्यालयमा दिवाखाजा कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गरी, घरदैलो कार्यक्रम गरी, जनचेतनाको कार्यक्रम गरी विद्यालय उमेर समूहका बालबालिकाको १००% विद्यालय भर्ना हुनेछ ।

८) औसत अपेक्षित सिकाई उपलब्धि सबै विषयको ७०% पुग्नेछ ।

९) कम्तिमा कक्षागत तथा विषयगत दरबन्दीको व्यवस्था हुनेछ ।

१०) प्रत्येक माध्यमिक विद्यालयहरूमा कम्तिमा एक ICT, एक खेलकुद तथा एक स्वास्थ्य शिक्षकको व्यवस्था हुनेछ ।

११) शिक्षामा समतामूलक पहुँच अभिवृद्धि गर्न गरीब, असहाय तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था हुनेछ ।

## २.७ मुख्य कार्यसम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य

यस योजनाका मुख्य कार्यसम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य निम्न बमोजिम निर्धारण गरिएको छ ।

### तालिका २.१

**मुख्य कार्य सम्पादन सूचक तथा लक्ष्य**

| सि.न. | सूचक | सूचकको तह | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| १ | **प्रारम्भिक बालविकास र शिक्षा** | | **IEMIS-२०८१** | | | | | |
| १.१ | कुल भर्नादर % | स्थानीय | १००.० | १००.० | १००.० | १००.० | | |
| | | प्रदेश | १०७.० | | | | फ्ल्यास रिपोर्ट २०८० EDD | |
| | | राष्ट्रिय | ८६.२ | ८९.५ | ९४.० | ९९.० | | |
| १.२ | प्रारम्भिक बाल विकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका % | स्थानीय | ५३.८४ | ७०.०० | ८०.०० | ९५.०० | | |
| | | प्रदेश | ८२.२ | | | | फ्ल्यास रिपोर्ट २०८० EDD | |
| | | राष्ट्रिय | ६८.६ | ७३.० | ८५.० | ९५.० | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | आधारभूत शिक्षा (कक्षा १-८) | | | | | | | |
| २.१ | कक्षा १ मा कुल प्रवेश दर % | स्थानीय | ११५.० | ११०.० | १०५.० | १००.० | | |
| | | प्रदेश | ११३.१ | | | | फ्ल्यास रिपोर्ट २०८० EDD | |
| | | राष्ट्रिय | १२१.९ | ११५.० | १०७.० | १०५.० | | |
| २.२ | कक्षा १मा खुद प्रवेशदर % | स्थानीय | ९७.० | ९८.० | ९९.० | १००.० | | |
| | | प्रदेश | ९४.९ | | | | | |
| | | राष्ट्रिय | ९६.९ | ९७.५ | ९९.० | १०० | | |
| २.३ | कुल भर्नादर (१-५) % | स्थानीय | ११४.० | ११०.० | १०५.० | १००.० | | |
| | | प्रदेश | ११७.९ | | | | | |
| | | राष्ट्रिय | ११९.२ | ११५.० | ९९.५ | १०० | | |
| २.४ | खुद भर्नादर (१-५) % | स्थानीय | ९७.१ | ९९.० | ९९.५ | १०० | | |
| | | प्रदेश | ९५.४ | | | | | |
| | | राष्ट्रिय | ९७.१ | ९९.० | ९९.५ | १०० | | |
| २.५ | आधारभूत तह कक्षा ५ खुद प्रवेश दर % | स्थानीय | ८५.० | ९०.० | ९५.० | १००.० | | |
| | | प्रदेश | ९५.७ | | | | | |
| | | राष्ट्रिय | ९८.३ | | | १०० .० | | |
| २.६ | आधारभूत तह कक्षा ५ कुल प्रवेश दर % | स्थानीय | ११०.० | १०७.० | १०३.० | १००.० | | |
| | | प्रदेश | ११५.९ | | | | | |
| | | राष्ट्रिय | ११३.० | ११०.० | १०७.० | १०५.० | | |
| २.७ | आधारभूत तह कक्षा ५ टिकाउ दर % | स्थानीय | ९८.० | ९९.० | १००.० | १००.० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९३.० | | | ९९ | | |
| २.८ | आधारभूत तह कक्षा ५ पूरा गर्ने दर % | स्थानीय | ८८.० | ९२.० | ९६.० | १००.० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ८५.८ | ९३.१ | ९५.५ | ९९.५ | | |
| २.९ | आधारभूत तह कक्षा (१-५) मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथि बालबालिका % | स्थानीय | १५.० | १२.० | १०.० | १०.० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | २२.२ | २०.० | १५.० | १०.० | | |
| २.१० | आधारभूत तह कक्षा (१-५) कुल भर्ना दरमा लैङ्गिक सूचाङ्क % | स्थानीय | ०.९३ | ०.९५ | ०.९८ | १.० | | |
| | | प्रदेश | १.०१ | | | | | |
| | | राष्ट्रिय | १.०६ | | | १.०१ | | |
| २.११ | खुद भर्नादर (१-८) | स्थानीय | ९४.० | ९६.० | ९८.० | १००.० | | |
| | | प्रदेश | ९४.४ | | | | | |
| | | राष्ट्रिय | ९३.४ | ९९.० | १००.० | १००.० | | |
| २.१२ | कुल भर्नादर (१-८) | स्थानीय | १००.० | १००.० | १००.० | १००.० | | |
| | | प्रदेश | १२१.६ | | | | | |
| | | राष्ट्रिय | ११०.४ | | | ९९ | | |
| २.१३ | कक्षा ८ सम्म टिकाउ दर % | स्थानीय | ८०.० | ८५.० | ९०.० | ९५.० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ७९.३ | | | ९५ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर % | | स्थानीय | ८०.५ | ८५.५ | ९१.५ | ९६.० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ७२.७ | | | ९५.० | | |
| २.१५ | कक्षा १-८ को खुद भर्नादरमा लैङ्गिक समता | | स्थानीय | ०.९४ | ०.९६ | ०.९८ | १.० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | १.०१ | १.०१ | | | | |
| २.१६ | कक्षा ३ मा न्यूनतम सिकाइ उपलब्धी हासिल गरेका (कक्षा ३ को आधारभूत तह १ हासिल भएका) बालबालिकाहरुको सङ्ख्या % | नेपाली | स्थानीय | ९०.० | ९४.० | ९६.० | १००.० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ६०.० | | | १००.० | | |
| | | गणित | स्थानीय | ७५.० | ८५.० | ९५.० | १००.० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ५६.० | | | १००.० | | |
| २.१७ | कक्षा ५ मा न्यूनतम सिकाइ उपलब्धी हासिल गरेका (कक्षा ५ को आधारभूत तह २ हासिल भएका) बालबालिकाहरुको सङ्ख्या % | नेपाली | स्थानीय | ६० | ७० | ८० | ८८ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४५ | ५२ | ६० | ७० | | |
| | | गणित | स्थानीय | ५० | ६० | ७० | ८० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | २८.३ | ४० | ६० | ७०.० | | |
| | | अङ्ग्रेजी | स्थानीय | ५५.० | ६५.० | ७५.० | ७९.० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१८ | कक्षा ८ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ८ को तह ३ हासिल भएका) बालबालिकाहरुको सङ्ख्या % | नेपाली | स्थानीय | ७०.० | ७२.० | ७४.० | ७६.० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ६८.५ | ७०.० | ७२.० | ७५.० | | |
| | | गणित | स्थानीय | ५५.० | ६०.० | ६५.० | ७१.० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ५३.५ | ६०.० | ६५.० | ७०.० | | |
| | | विज्ञान | स्थानीय | ५०.२ | ५५.० | ६७.० | ७१.२ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४३.८ | ५०.० | ६०.० | ७०.० | | |
| २.१९ | विद्यालय बाहिर रहेका बालबालिका % | कक्षा (१-५) | स्थानीय | २.० | १.५ | १.० | ० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | २.९ | १.० | ०.५ | ० | | |
| | | कक्षा (१-८) | स्थानीय | ४.० | ३.० | १.५ | ० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ६.६ | ३.० | १.० | ० | | |
| २.२० | आधारभूत तह कक्षा (१-८) अध्यापनरत कुल शिक्षक मध्ये महिला शिक्षककको सङ्ख्या % | | स्थानीय | ४०.० | ४३.० | ४७.० | ५०.० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४३.७ | ४५.० | ५०.० | ५०.० | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | | | **माध्यमिक शिक्षा (९-१२)** | | | | | | |
| ३.१ | कक्षा ९-१२ को खुद भर्नादर | | स्थानीय | **५०.०** | **६०.०** | **६५.०** | **७०.०** | | |
| | | | प्रदेश | ५६.८ | | | | | |
| | | | राष्ट्रिय | **४७.६** | | **६५.०** | **७०.०** | | |
| ३.२ | कक्षा ९-१२ को कुल भर्नादर | | स्थानीय | ११५.० | ११०.० | १०५.० | १००.० | | |
| | | | प्रदेश | ८३.२ | | | | | |
| | | | राष्ट्रिय | ७१.४ | | | ९९.० | | |
| ३.३ | कक्षा ९-१२ को कुल भर्ना दर लैङ्गिक समता सूचक | | स्थानीय | १.०१ | १.०० | १.०० | १.०० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | १.०२ | १.०० | १.०० | १.०० | | |
| ३.४ | आधारभूत तहबाट माध्यमिक तहमा ट्रान्जिसन दर % | | स्थानीय | ९८.० | ९९.० | १००.० | १००.० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ९७.५ | | | | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालाबालिका मध्ये कक्षा १०मा पुग्ने दर % | | स्थानीय | ६५.० | ७०.० | ७५.० | ८०.० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ६०.३ | | | | | |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालाबालिका मध्ये कक्षा १२ मा पुग्ने दर % | | स्थानीय | ४५.० | ५०.० | ६०.० | ७०.० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | २४.० | | | | | |
| ३.७ | माध्यमिक तह कक्षा (९-१२) अध्यापनरत कुल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या % | | स्थानीय | २५ | ३० | ३५ | ४० | | |
| | | | प्रदेश | १५.३४ | | | | | |
| | | | राष्ट्रिय | २०.६ | २२.० | २७.० | ३३.० | | |
| ३.८ | माध्यमिक तह कक्षा (९-१२) अध्ययनरत विद्यार्थी मध्ये विज्ञान र प्राविधिक तथा व्यावसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी सङ्ख्या % | विज्ञान | स्थानीय | २५ | ३० | ३५ | ४० | | |
| | | प्रा.व्या. | | १०.० | १५.० | २०.० | ३०.० | | |
| | | विज्ञान | प्रदेश | | | | | | |
| | | प्रा.व्या. | | | | | | | |
| | | विज्ञान | राष्ट्रिय | | | १५.० | | | |
| | | प्रा.व्या. | | १०.० | १७.० | ३०.० | | | |
| ३.९ | कक्षा १० का विद्यार्थी सिकाइ उपलब्धि (अङ्कमा) | नेपाली | स्थानीय | ६३ | ७० | ७७ | ८७ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | गणित | स्थानीय | ५० | ६० | ७० | ८० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | विज्ञान | स्थानीय | ४८ | ५८ | ६८ | ७८ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | अङ्ग्रेजी | स्थानीय | ५५ | ६५ | ७५ | ८५ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| ४ | **जीवन पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | | | |
| ४.१ | साक्षरता दर (५ वर्ष भन्दा माथि)% | | स्थानीय | ६०.० | ७०.० | ८५.० | ९८.० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ५८.० | | ९५.० | | | |
| ४.२ | साक्षरता दर (६ वर्ष भन्दा माथि)% | | स्थानीय | ८५.० | ९०.० | ९५.० | १००.० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ८२.० | ८९.० | ९५.० | १००.० | | |
| ४.३ | साक्षरता दर (१५-२४ वर्ष उमेर समूह) % | | स्थानीय | ९२.० | ९४.० | ९८.० | १००.० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ९२.० | | ९९.० | | | |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (५ वर्ष भन्दा माथि) % | | स्थानीय | ०.५५ | ०.७० | ०.८ | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ०.६५ | | | ०.८० | | |
| ५ | **प्राविधिक तथा व्यवसायिक शिक्षा र सिप विकास तालिम** | | | | | | | | |
| ५.१ | प्राविधिक तथा व्यवसायिक सिप विकास तथा तालिम प्राप्त आर्थिक रुपले सक्रिय जनशक्ति % | | स्थानीय | ५.० | १०.० | २०.० | ३०.० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ३१.० | ४०.० | ५०.० | ७५.० | | |
| ५.२ | प्राविधिक तथा व्यवसायिक शिक्षा (कक्षा ९-१२ वा डिप्लोमा वा प्रिडिप्लोमा वा सो सरह) उत्तिर्ण जनशक्ति (वार्षिक सङ्ख्या) | छात्रा | स्थानीय | ३ | १० | २० | ३० | | |
| | | छात्र | | २ | १० | २० | ३० | | |
| | | छात्रा | प्रदेश | | | | | | |
| | | छात्र | | | | | | | |
| | | छात्रा | राष्ट्रिय | | | | | | |
| | | छात्र | | | | | | | |
| ६ | **सुसाशन तथा व्यवस्थापन** | | | | | | | | |
| ६.१ | आधारभूत तह कक्षा १-५ विद्यार्थी शिक्षक अनुपात (सामुदायिक विद्यालय) | | स्थानीय | १०:१ | १५:१ | २०:१ | २०:१ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | २४:१ | ३०:१ | ३०:१ | ३०:१ | | |
| ६.२ | आधारभूत तह कक्षा ६-८ विद्यार्थी शिक्षक अनुपात | | स्थानीय | २०:१ | २५:१ | २५:१ | २५:१ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ३०:१ | ३०:१ | ३०:१ | ३०:१ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | (सामुदायिक विद्यालय) | | | | | | | |
| ६.३ | आधारभूत तह कक्षा १-८ विद्यार्थी शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | १७:१ | २०:१ | २०:१ | २०:१ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ३३:१ | ३१:१ | ३०:१ | ३०:१ | | |
| ६.४ | आधारभूत तह कक्षा ९-१० विद्यार्थी शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | २५:१ | २७:१ | २७:१ | २७:१ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ४०:१ | | ३०:१ | ३०:१ | | |
| ६.५ | आधारभूत तह कक्षा ९-१२ विद्यार्थी शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | २०:१ | २५:१ | २५:१ | २५:१ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ४१:१ | ३५:१ | ३०:१ | ३०:१ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| ७ | **शिक्षामा लगानी** | | | | | | | |
| ७.१ | कुल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट % | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १०.६८ | १५.० | १७.० | २०.० | | |
| ७.२ | आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रु. हजार) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १८ | २१ | २४ | | | |
| ७.३ | माध्यमिक तह (कक्षा ९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रु. हजार) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११ | १५ | १७ | | | |

# परिच्छेद तीनः शिक्षाका उप-क्षेत्रहरु

## ३.१ पृष्ठभूमि

यस योजनाको परिच्छेद २ मा उल्लिखित योजनाको दूर दृष्टि, लक्ष्य, उद्देश्य, रणनीति र अपेक्षित उपलब्धिका आधारमा विद्यालय शिक्षाका उप-क्षेत्रहरुः प्रारम्भिक बाल विकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्राविधिक तथा व्यवसायिक शिक्षा, पाठ्यक्रम तथा मूल्याङ्कन, शिक्षक व्यवस्थापन र विकास, विद्यालय व्यवस्थापन, सिकाइ र शिक्षा, समावेशी शिक्षा, शिक्षामा सूचना प्रविधिमा वर्तमान अवस्थाको विश्लेषण गरि समस्या तथा चुनौतिहरुको पहिचान गरिएको छ । ती समस्या एवं चुनौतिहरुको सम्बोधन गर्नका लागि यस परिच्छेदमा उपक्षेत्रगत रुपमा उद्देश्य, रणनीति, उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्यहरु निर्धारण गरिएको छ।

## ३.२ प्रारम्भिक बालबिकास र शिक्षा

### ३.२.१ परिचय

बालबालिकाको शारिरीक, मानसिक, संवेगात्मक, सामाजिक, नैतिक एवम् सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित बालविकास तथा शिक्षा कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाइ सर्वसुलभ र गुणस्तरीय बनाउनु आवश्यक भएको छ ।अनिवार्य तथा निःशुल्क शिक्षाः सम्बन्धी ऐन २०७६, राष्ट्रिय शिक्षा नीति, २०७५ र पन्ध्रौं योजना-२०७६/७७-२०८०/८१ले चार वर्षका बालबालिकाका लागि एक वर्षे प्रारम्भिक बाल शिक्षा तथा विकासका कार्यक्रमहरूको सुनिश्चितता गरेको छ। प्रारम्भिक बाल विकास राष्ट्रिय रणनीति (सन् २०२०-२०३०) ले ४-८ वर्षका बालबालिकाका लागि प्रारम्भिक बाल शिक्षादेखि कक्षा ३ सम्मका बालबालिकाको विकास तथा सिकाइका लागि मार्गचित्र प्रदान गरेको छ । (रा.यो.आ.-२०७७) मा उल्लिखित नीतिगत व्यवस्थाबाट कक्षा १ मा भर्ना हुने बालबालिकाहरूले अनिवार्य रूपमा १ वर्षको पूर्व प्राथमिक शिक्षा पूरा गरेको हुनुपर्ने व्यवस्था कार्यान्वयनको विद्यालय शिक्षा क्षेत्र योजनामा आवद्ध गरिएको छ ।

यस कार्यक्रमलाई सबै बालबालिकाहरूको पहुँचमा पुर्याउनको लागि स्थानीय सरकार, समुदाय, विद्यालयहरु तथा आम सरोकारबालाहरुको सहयोग हुनु आवश्यक छ । प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको प्रभावकारिताः सहजकर्ताको योग्यता, पुर्वाधार, सिकाई सामग्री, सिकाई वातावरण तथा त्यसमा गरेको लगानी आदिमा निर्भर रहन्छ । यसै कुरालाई मध्यनजर गरेर यस खण्डमा प्रारम्भिक बालबिकास तथा शिक्षा कार्यक्रमका वर्तमान अवस्थाको विश्लेषण गरि समस्या एवम् चुनौतीहरुको पहिचान गरिएको छ । ती चुनौतीहरुको सामना गर्नका लागि प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमका उद्देश्य, रणनीति, उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य तय गरिएको छ।

### ३.२.२ वर्तमान अवस्था

प्रारम्भिक बालविकास तथा शिक्षाको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ३.२.१ प्रारम्भिक बालविकास सम्बन्धि विवरण-२०८१

| सि.नं. | विवरण | सामुदायिक | | संस्थागत | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| | | संघीय सरकार | स्थानीय सरकार | | | |
| १ | बालविकास केन्द्र संख्या | २० | २ | ५ | २७ | |
| २ | विद्यार्थी संख्या | ३५७ | | ९० | ४४७ | |
| ३ | केन्द्र र विद्यार्थी अनुपात | १:१६ | | १:१८ | १:१७ | |
| ४ | कुल भर्ना दर % | ८६.२ | | ९७ | ९६ | |
| ५ | खुद भर्नादर % | ८० | | ८६ | ८३ | |
| ६ | सरकारी अनुदानको प्रारम्भीक बालविकास केन्द्र नभएका विद्यालय सङ्ख्या | १५ | | | १५ | |
| ७ | न्यूनतम पूर्वाधार पूरा भएका बालविकास केन्द्र सङ्ख्या | ४ | | | ४ | |
| ८ | तालिम प्राप्त सहजकर्ता सङ्ख्या | १० | | | १० | |

माथिको तालिका अनुसार विद्यालय संख्याको आधारमा बालविकास केन्द्र सञ्चालनमा रहेको भएतापनि विद्यार्थी संख्या न्यून रहेको देखिन्छ । सबै बालविकास केन्द्रमा न्यूनतम पुर्वाधार समेत पुगेको छैन । अधिकांश सहजकर्ताहरुले तालिम प्राप्त गरेका छैनन् । यस पालिकाको वडागतरूपमा बालविकास केन्द्रको वितरण अवस्था तलको तालिका दिइएको छ ।

**तालिकाः३.२.२ वडागत सामुदायिक बालविकास तथा शिक्षा केन्द्र वितरण**

| वडा नं. | १ | २ | ३ | ४ | ५ |
|---|---|---|---|---|---|
| बाल विकास केद्र सङ्ख्या | ५ | ४ | ४ | ४ | ५ |

माथिको तालिकाबाट हेर्दा प्रारम्भिक बालविकास केन्द्रको वितरण सबै वडा भएको देखिएतापनि वितरणमा समानता देखिदैन । आवश्यकताको आधारमा बालविकास केन्द्रको पुनःर्वितरण गर्नु पर्ने देखिन्छ ।

उल्लिखित विश्लेषणका आधारमा प्रारम्भिक बालविकास तथा शिक्षाको क्षेत्रमा देहाय बमोजिमका चुनौतीहरु पहिचान गरिएको छ।

चुनौतीहरुः

१. सुविधा सम्पन्न बालविकास केन्द्र स्थापना गर्नु,

२. केन्द्र र विद्यार्थी अनुपात वृद्धि गर्नु,
३. सहजकर्ताको न्यूनतम पारिश्रमिकको व्यस्थापन गर्नु,
४. दक्ष सहजकर्ता तयार पार्नु,
५. कक्षा बालमैत्री बनाउनु ।

## ३.२.३ उद्देश्य

यस योजनाले प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमका निम्नलिखित उद्देश्यहरु लिएको छः

१. चार वर्ष उमेरका सबै बालबालिकाहरुलाई बालविकास शिक्षामा समतामुलक पहुँच सुनिश्चित गर्नु,
२. प्रारम्भिक बालबिकास तथा शिक्षामा गुणस्तर अभिवृद्धि गर्नु,
३. प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव सहित सबै बालबालिकाहरुलाई कक्षा १ मा भर्ना गर्नु,
४. सुविधा सम्पन्न बालमैत्री बालविकास केन्द्र सथापना गर्नु ।

## ३.२.४ रणनीतिहरुः

योजनाका उद्देश्यहरु प्राप्त गर्न निम्नलिखित रणनीतिहरु अबलम्बन गरिने छः

१. निर्धारित मापदण्ड, नम्स् र ढाँचा अनुसार प्रारम्भिक बालबिकास तथा शिक्षा कार्यक्रमको सञ्चालन र व्यवस्थापन गर्ने ।
२. बालविकास केन्द्रको नक्सांकन, पुनर्वितरण र आवश्यकता अनुसार केन्द्र थप गर्ने ।
३. प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रममा बालबालिकाहरू भर्ना भएको सुनिश्चित गर्न केन्द्रमा हिंसा, दुर्व्यवहारबाट सुरक्षित राख्न पर्याप्त प्रबन्ध गर्ने र विपद् तथा आपतकालीन अवस्थामा समेत वैकल्पिक सिकाइ व्यवस्था गरी पूर्व प्राथमिक शिक्षालाई निरन्तरता दिने।
४. प्रारम्भिक बाल शिक्षा तथा विकास सेवाका न्यूनतम मापदण्डको कार्यान्वयन अनुगमन , तथा परिपालना गराउन स्थानीय स्तरमा स्रोत तथा मार्गदर्शन प्रदान गर्ने।
५. सिकाइको लागि भौतिक तथा शैक्षिक वातावरणलाई बालमैत्री, समावेशी, लैङ्गिक तथा अपाङ्गतामैत्री बनाउन प्रारम्भिक बाल विकास केन्द्र कक्षालाई सहयोग गर्ने ।
६. बालबालिकाको पोषण तथा स्वास्थ्य सम्बन्धी आवश्यकता पूरा गर्न विद्यालयमा दिवा खाजाको प्रबन्धका साथै सम्बन्धित सरकारी तथा गैरसरकारी संस्थाहरूसँग सहकार्य र समन्वय गरी स्वच्छ पानी, सरसफाइ, स्वास्थ्यजाँच परीक्षण तथा सिफारिस सेवा प्रदान गर्ने।
७. प्रारम्भिक बाल शिक्षा तथा विकासका बालबालिकाहरूमा व्यक्तिगत सरसफाइ तथा सामाजिक सिप जस्ता समूह सिकाइ अभ्यासको प्रबर्द्धन गर्ने।
८. बालबलिकाहरूको आवश्यकता अनुसार भाषिक विकास तथा सञ्चारका लागि माध्यम भाषाका रूपमा परिचित भाषाको प्रयोगमा सहजीकरण गर्न मातृभाषा वा स्थानीय स्रोतसामग्रीहरूको विकास गर्ने।

९. बालविकास केन्द्रमा कार्यरत सहजकर्ताको प्रोत्साहन तथा क्षमता विकासको व्यवस्था गर्ने।

### ३.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धिः**

१. सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक बालबिकास तथा शिक्षाको अबसर सुनिश्चित भएको
हुने ।

२.पाँच वर्ष पुग्दा सबै बालबालिकाहरूले गुणस्तरीय प्रारम्भिक बाल शिक्षा तथा विकास सेवा पूरा गरी कक्षा १ का लागि तत्पर भएको हुने।

**ख) प्रमुख नतिजाहरूः**

१. प्रारम्भिक बालविकास उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रममा सहज पहुँच हुनेछ ।

२. कक्षा १ मा प्रवेश गर्ने सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव हुनेछ ।

३. प्रारम्भिक बालविकास केन्द्रहरूमा न्यूनतम योग्यता र तालिम प्राप्त शिक्षक तथा बालबालिकाको हेरचाह तथा सहयोगकालागि सहायक कर्मचारी सहित केन्द्रले न्यूनतम मापदण्ड पुरा गरेका हुनेछ ।

४. पाठयक्रम परिमार्जन र अनुकुलन सहित कार्यान्वयन भई प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूको विकासात्मक र सिकाइ आवश्यकता सम्बोधन हुने गरी गुणस्तरीय सेवा सुनिश्चित हुने,

५. भौगोलिक जटिलतामा रहेका तथा अपाङ्गता भएका बालबालिकालाई समेटनकालागि आवश्यकतामा आधारित, जस्तै घरमा आधारित, समुदायमा आधारित कार्यक्षेत्र (उद्योग, कलकारखाना) तथा घुम्ती प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमका नमुनाहरू विकास हुनेछ ।

६. प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा सबै तहका सरकार, परिवार, समुदाय, गैरसरकारी सङ्घसंस्था र विद्यालयहरूका जिम्मेवार हुनेछन् ।

## (ख) प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्यः

| क्र.सं. | सूचक | आधार वर्ष (२०८०/८१) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकासमा कुल भर्ना सङ्ख्या | ४४७ | ४५७ | ४६७ | ४७७ | ४८७ | ४९७ |
| २ | न्यूनतम मापदण्ड पूरा गरेका बालविकास केन्द्रको सङ्ख्या | ४ | १० | १५ | २० | २५ | ३० |
| ३ | केन्द्र र विद्यार्थी अनुपात | १:१७ | १:१९ | १:१८ | १:१८ | १:१७ | १:१७ |
| ४ | कुल भर्ना दर % | ९६ | ९७ | ९८ | ९९ | १०० | १०० |
| ५ | खुद भर्नादर % | ८३ | ८८ | ९३ | ९७ | १०० | १०० |
| ६ | सरकारी अनुदानको प्रारम्भिक बालविकास केन्द्र नभएका विद्यालय सङ्ख्या | ५ | ४ | ३ | २ | १ | ० |
| ७ | न्यूनतम पूर्वाधार पूरा भएका बालविकास केन्द्र सङ्ख्या | ४ | १० | १५ | २० | २५ | ३० |
| ८ | तालिम प्राप्त सहजकर्ता सङ्ख्या | १० | १५ | २० | २५ | ३० | ३० |

### ग) प्रमुख क्रियाकलाप र लक्ष्य (Target):

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाई | भौतिक लक्ष (५ बर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| १ | केन्द्र र विद्यार्थी अनुपात | पटक | १ | | | | १ | २ | ४ | |
| २ | प्रारम्भिक बालबिकास तथा शिक्षा केन्द्रहरूको नक्साङ्कन र पुनर्वितरण | पटक | १ | | | | १ | २ | ४ | |
| ३ | दिवा खाजा | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ४ | सहजकर्ता तलब | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ५ | सहजकर्ता प्रोत्साहन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ६ | सहजकर्ताको क्षमता विकास | संख्या | २२ | २४ | २६ | २८ | ३० | ३० | ६० | |
| ७ | शैक्षिक सामग्री अनुदान (प्रति विद्यार्थी) | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | पेसागत सहयोग | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ९ | गैरसरकारी संस्था, निजी क्षेत्रसँग सहकार्य | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १० | बालबालिकाको अभिलेखीकरण तथा पोर्टफोलियो व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ११ | पूर्वाधार, सिकाइ क्षेत्र, केन्द्रको भित्री तथा बाहिरी सिकाइ तथा खेल सामग्री व्यवस्थापन | संख्या | १० | ५ | ५ | ५ | ५ | ३० | ६० | |
| १२ | अभिभावक शिक्षा | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

## ३.२ आधारभूत शिक्षा

आधारभूत शिक्षाले बालबालिकाको सर्वाङ्गीण विकास, गुणस्तरीय जीवनयापन र सामाजिक समायोजनमा सहयोग गर्दछ । यसले व्यक्तिलाई जीवपर्यन्त सिकाईको मार्ग प्रशस्त गरी मुलुकको सामाजिक तथा आर्थिक रुपान्तरणमा सहभागी हुने अवसर प्राप्त गर्दछ ।बालविकास कक्षा देखि कक्षा ८ सम्मको विद्यालय शिक्षामा ४ वर्षदेखि १२ वर्ष सम्मको बालबालिकाले आधारभूत शिक्षा प्राप्त गर्ने उपयुक्त उमेर समूह मानिन्छ । शिक्षा ऐन, २०२८(संशोधन सहित) मा प्रारम्भिक बाल शिक्षा देखि कक्षा ८ सम्मको विद्यार्थीलाई प्रदान गर्ने शिक्षालाई आधारभूत शिक्षा भनि उल्लेख

गरिएको छ। जग (आधार) बलियो भए मात्र घर बलियो हुन्छ भनेझै सिकारुले भविष्यमा कस्तो मानव स्रोत भएर निस्कने भन्ने कुराको आधार उसको शिक्षाको सुरुवात कसरी र कस्तो हुँदैछ भन्ने कुराले निर्धारण गर्दछ । नेपालको संविधान २०७२ को भाग ३ धारा ३१को उपधारा १ मा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ भनिएको छ भने उपधारा २ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि.शुल्क तथा माध्यमिक तहसम्मको शिक्षा नि.शुल्क पाउने हक हुने व्यवस्था गरिए बमोजिम यस पालिकाका सम्पूर्ण बालबालिकालाई गुणस्तरीय आधारभूत शिक्षाको पहुँच सुनिश्चितता गराउनु यस पालिकाको मुख्य दायित्व रहेको छ ।

गुणस्तरीय र पहुँचयोग्य आधारभूत शिक्षा प्रदान गर्न तालिम प्राप्त लगनशील शिक्षक, सचेतक अभिभावक, उत्सुक विद्यार्थी, स्रोतपूर्ण सिकाइ वातावरण, शिक्षाप्रेमी जनप्रतिनिधी र उपलब्धिमूलक सुपरीवेक्षण हुन आवश्यक छ । यस कुरालाई आधार मानी यस खण्डमा आधारभूत शिक्षाको वर्तमान अवस्थाको विश्लेषण गरी समस्या एवं चुनौतीको पहिचान र तिनीहरुको सम्बोधन गर्ने गरी उद्देश्य, रणनीति, अपेक्षित उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य प्रस्तुत गरिएको छ ।

### ३.२.१ वर्तमान अवस्थाः

घिरिङ गाउँपालिकाको आधारभूत तहमा ९४ प्रतिशत खुद भर्नादर रहेको छ । यो दर राष्ट्रिय दरभन्दा कम रहेको छ । आर्थिक अवस्था कमजोर तथा केही अल्पसंख्यकमा रहेका बालबालिकाहरूको गुणस्तरीय आधारभूत शिक्षामा पहुँच कम छ। आधारभूत तहका विद्यालय जाने उमेरका करिब ०.६६ प्रतिशत बालबालिका अझै विद्यालय बाहिरै छन् ।आधारभूत तहमा कक्षा दोहोऱ्याउने दर ६ प्रतिशत र छाड्ने दर ४ प्रतिशत रहेको छ । गरिबी तथा अपाङ्गता भएका बालबालिकाको पहुँच तथा सहभागितामा आशातित वृद्धि हुन सकेको छैन।

घिरिङ गाउँपालिकाको आधारभूत शिक्षासँग सम्बन्धित प्रमूख शैक्षिक सूचकहरु तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं.३.२.१ घिरिङ गाउँपालिकाको आधारभूत शिक्षाको वर्तमान अवस्था-२०८१

| क्र.सं. | विवरण | सामुदायिक | संस्थागत | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | कक्षा १-३ सञ्चालित | १६ | १ | १७ | |
| २ | कक्षा १-५ सञ्चालित | १० | १ | ११ | |
| ३ | कक्षा १-८ सञ्चालित | १० | ३ | १३ | |
| ४ | विद्यार्थी संख्या(१-८) | २०७१ | २९० | २३६१ | |
| ५ | कुल भर्नादर (१-५) | ११३.० | ११५.० | ११४.० | |
| ६ | खुद भर्नादर(१-५) | ९७.१ | ९७.१ | ९७.१ | |
| ७ | कुल भर्नादर (१-८) | १०० | १०० | १०० | |
| ८ | खुद भर्नादर (१-८) | ९४ | ९४ | ९४ | |
| ९ | कक्षा ५ पूरा गर्ने दर | ९० | ९० | ९० | |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | कक्षा ५ को टिकाउदर | ९३ | ९३ | ९३ | |
| ११ | कक्षा ८ को टिकाउ दर | ९० | ९० | ९० | |
| १२ | कक्षा-८ पूरा गर्ने दर % | ८० | ८४ | ८०.५ | |
| १३ | कक्षा (१-८) दोहोर्‍याउने दर | ६ | ६ | ६ | |
| १४ | कक्षा छाड्ने दर | ४ | ४ | ४ | |
| १५ | ५-१२ वर्ष उमेरका विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | ३.६ | ३.६ | ३.६ | |
| १६ | तालिम प्राप्त शिक्षक संख्या | ९८ | ९८ | ९८ | |
| १७ | कुल शिक्षक संख्या | १६७ | २८ | १९५ | |
| १८ | शिक्षक विद्यार्थी अनुपात | १:१५ | १:१० | १:१५ | |
| १९ | विद्यालय विद्यार्थी अनुपात | १:५६ | १:५८ | १:५७ | |
| २० | सिकाइ उपलब्धि | २.५ | २.५ | २.५ | |
| २१ | उत्तीर्ण दर | ९६ | ९६ | ९६ | |

माथिको तालिकाबाट हेर्दा कुल तथा खुद भर्नादर समेत बढाइ आधारभूत शिक्षामा पहुँचको सुनिश्चितता गर्न आवश्यक छ । उल्लिखित विश्लेषणका आधारमा घिरिङ गाउँपालिकामा आधारभूत शिक्षामा देखिएका मुख्य चुनौतीहरु देहाय अनुसार छन् :-

(१) अनिवार्य तथा नि.शुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गर्न,

(२) आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच तथा सहभागिता सुनिश्चित गर्न,

(३) सिकाइको गुणस्तर अभिवृद्धि गरी विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउन,

(४) भौतिक तथा शैक्षिक वातावरण बालमैत्री र सुरक्षित बनाउन,

(५) शिक्षण सिकाइ पद्धतिलाई व्यवहारिक एवं प्रविधिमा आधारित बनाइ सहज पहुँचको व्यवस्था गर्न,

(६)विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दीको व्यवस्था गरी विद्यालयमा सक्षम र योग्य जनशक्ति व्यवस्थापन गर्न,

(७) पोषण, स्वास्थ्य तथा दिवाखाजा लगायत विद्यार्थी सहायता प्रणालीको उचित व्यवस्था गर्न,

(८) विद्यालय शिक्षालाई प्रकोप संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउन,

(९)विद्यालय छाड्ने र कक्षा दोहोर्‍याउने दर शून्यमा झारी आन्तरिक सक्षमतामा सुधार गर्न,

(१०) शिक्षक पेसागत सहयोग अभिवृद्धि गर्न,

### ३.२.२ उद्देश्य

यस  गाउँ शिक्षा क्षेत्र योजना ले आधारभूत शिक्षामा देहाय बमोजिमका उद्देश्यहरु लिएको छ :-

(१) आधारभूत शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,

(२) आधारभूत तहको शिक्षामा गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्नु,

(३) शिक्षक पेसागत क्षमता अभिवृद्धि गर्नु ।

(४) आधारभूत तहको सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने र अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु ।

### ३.२.३ रणनीति

योजनाका उद्देश्य हासिल गर्नका लागि देहाय अनुसारका रणनीतिहरु अवलम्बन गरिनेछ :-

१) निर्धारित मापदण्ड अनुसार विद्यालयको नक्साङ्कन गरी सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरुलाई पुनर्वितरण तथा समायोजन गर्ने,

२) बालबालिकाको तथ्याङ्क सङ्कलन गरी शैक्षिक सत्रको सुरुमा विद्यालयमा भर्ना गराउन विद्यार्थी भर्ना अभियान सञ्चालन गर्ने,

३) विद्यार्थीको पोषण स्थितिमा सुधार तथा टिकाउदर वृद्धि गर्न दिवा खाजा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने,

४) अनुगमन र मूल्याङ्कन प्रणाली प्रभावकारी बनाउने,

५) विषय विज्ञ समूहको गठन गरी शैक्षिक सुपरिवेक्षण र पेसागत सहयोगमा टेवा पुऱ्याउने,

६) छात्रवृत्ति, पाठ्यपुस्तक, प्रति विद्यार्थी लागतका आधारमा अनुदान उपलब्ध गराउने,

७) सिकाइ उपलब्धि प्रति शिक्षकलाई जवाफदेही, उत्तरदायी बनाउने संयन्त्र बनाउने,

८) विद्यालयको राम्रो अभ्यासको लागि प्रोत्साहन उपलब्ध गराउने,

९) अनिवार्य र निःशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन गर्न नीतिगत व्यवस्था र स्रोतको व्यवस्था गर्ने,

१०) शिक्षकको पेसागत क्षमता अभिवृद्धि गर्ने ।

### ३.२.५ उपलब्धि, नतीजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य (Outcomes, Key Results and Main Activities and Target)

क) उपलब्धिः

१) अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा भएको हुने ।

२) आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता भएको हुने ।

३) आधारभूत शिक्षा सुनिश्चित भई गुणस्तर अभिवृद्धि हुने।

ख) प्रमुख नतिजाहरु

१) सबै बालबालिका आधारभूत शिक्षाको पहुँच भई सहभागी हुने,

२) सबै विद्यालयले प्राथमिकताप्राप्त सक्षमता पुरा गरेको गरी न्यूनतम भौतिक पूर्वाधार तथा सिकाइ सामग्रीको उपलब्धता र आवश्यक सङख्यामा योग्य, सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्था भई बालमैत्री र समावेशी वातावरणमा सिकाइ हुने,

३) विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन र पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्धबाट बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार हुने,

४) आधारभूत शिक्षा पूरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने,

५) आधारभूत शिक्षाको भर्ना सहभागिता तथा सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक लगायतका समता सूचकमा सुधार हुने,

६) विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइलाई सहयोग हुने,

७) शैक्षिक निकायमा कार्यरत जनशक्तिको क्षमता विकास भई आधारभूत तहमा गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने,

**(ख) प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्यः**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८०/८१) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या | ७२ | ५० | ३० | २० | १० | ० |
| २ | आधारभूत तह (कक्षा १-८) मा तालिम प्राप्त शिक्षकको सङ्ख्या | १६७ | १७१ | १७५ | १७९ | १८४ | १८८ |
| ३ | न्यूनतम सिकाइ सबलीकरण मापदण्ड (Minimum Enabling Conditions) पूरा गरेका आधारभूत तहका विद्यालयको सङ्ख्या | ७ | ८ | ९ | १० | १० | १० |

## (ग)प्रमुख क्रियाकलापहरु तथा लक्ष्य (Major Activities and Target)

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (पहिलो लक्ष्य ५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्षको) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| १ | विद्यालय नक्साङ्कन पुनर्वितरण तथा समायोजन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | शिक्षक र विद्यार्थी संख्याको अनुपातमा दरबन्दी मिलान, शिक्षक व्यस्थापन र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | आधारभूत तहका सबै बालबालिकालाई विद्यालयमा भर्ना गर्ने | प्रतिशत | ९८ | ९८.५ | ९९ | ९९.५ | १०० | १०० | १०० | |
| ४ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास | संख्या | ३ | ३ | ४ | ४ | ४ | १८ | ३७ | |
| ५ | उत्कृष्ट विद्यालय अनुदान कार्यक्रम | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | प्रकोप, सङ्कट तथा महामारीबाट बच्न सचेतनामूलक कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग र क्षमता विकास | संख्या | २० | | १७ | | | ३७ | ३७ | |
| ८ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवा खाजाको प्रबन्ध | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| ९ | निःशुल्क शिक्षाको सुनिश्चितताका लागि पाठ्यपुस्तक | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| १० | आधारभूत तहमा सञ्चलान गरिने परीक्षालाई थप व्यवस्थित बनाउने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ११ | विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघको कार्यकारी समितिका पदाधिकारी क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १२ | प्रधानाध्यापक नेतृत्व क्षमता विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १३ | विद्यालयको कार्यसम्पादन परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १४ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १५ | कार्यसम्पादन करार व्यवस्थित गर्ने। | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| १६ | छात्रवृत्ति, अति गरिबी र लक्षित समूह(पोशाक, शैक्षिक सामग्री) | संख्या | १०० | १०० | १०० | १०० | १०० | ५०० | १००० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १७ | विद्यालयमा उचित प्रयोगशाला, पुस्तकालय तथा सिकाइ बुक कर्नरको व्यवस्था | संख्या | ७ | ७ | ७ | ८ | ८ | ३७ | ७४ | |
| १८ | वैकल्पिक सिकाइ सहजीकरणका लागि आवश्यक स्रोत साधन र क्षमता विकास गरिने | प्रतिशत | २० | २० | २० | २० | २० | १०० | | |
| १९ | एकीकृत पाठ्यक्रम प्रबोधीकरण | प्रतिशत | १०० | | | १०० | | | १०० | |
| २० | विद्यार्थी पहिचानका लागि सह तथा अतिरिक्त क्रियाकलाप सञ्चालन तथा व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २१ | अभिभावक अभिमुखीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २२ | शिक्षकको पुनर्ताजगी तालिम | संख्या | ३० | ३० | ३० | ३० | ३१ | १५१ | ३०२ | |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१. परिचय

शिक्षा ऐन २०२८ नवौं संसोधनले "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनु पर्छ भनी "पारिभाषित गरेको छ ।माध्यमिक शिक्षालाई निःशुल्क बनाउनुपर्ने भनी सुनिश्चित गरेकोछ । माध्यमिक शिक्षालाई साधारण, परम्परागत र प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षाको रूपमा वर्गीकरण गरिएको छ ।माध्यमिक शिक्षाबाट मध्यम स्तरीय जनशक्ति तथा मानव संसाधन उत्पादन हुने माध्यमिक शिक्षाको उद्देश्य रहेको छ ।यसका साथै माध्यमिक तहमा आत्मविश्वासी, नैतिकवान, इमान्दार, लोकतान्त्रिक आचरण भएका,राष्ट्रिय एकता भाव, बहुसांस्कृतिक मूल्यमान्यता, विविधता राष्ट्रिय आदर्शमा गौरव गर्न सक्ने, शान्ति, मानवअधिकार, दिगो विकास, पर्यावरणीय सन्तुलन, द्वन्द्व व्यवस्थापन र विपद व्यवस्थापन प्रति सचेत र जिम्मेवार, सबै प्रकारका श्रम र पेशाप्रति सम्मान गर्न सक्ने, सीपयुक्त, ज्ञान र प्रविधिले युक्त, राष्ट्रिय, अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने, व्यक्तिगत, सामाजिक र राष्ट्रिय रूपमा आइपर्ने समस्याहरूसँग जुध्न सक्ने, अरूको विचार र भावनाको सम्मान एवं कदर गर्न सक्ने, सकारात्मक सोच, सृजनशील, समालोचनात्मक सोच र अभ्यास गर्न सक्ने असल र सक्षम नागरिक तयार गर्न माध्यामिक शिक्षाका मूल उद्देश्यहरू रहेका छन् । देश सङ्घीतामा गएसँगै माध्यमिक तहसम्मको शिक्षा स्थानीय तहको क्षेत्राधिकार भित्र राखिएको छ । सोही क्षेत्राधिकारको परिधिभित्र रही यस घिरिङ गाउँपालिकाभित्र सञ्चालित माध्यमिक शिक्षाको वर्तमान अवस्था, उद्देश्य, रणनीति, उपलब्धि तथा क्रियाकलापहरू तपसिल बमोजिम रहेको छ ।

### ३.३.२ वर्तमान अवस्था :

माध्यमिक शिक्षाको वर्तमान अवस्थालाई देहाय बमोजिमको तालिकामा प्रस्तुत गरिएको छ-:

**तालिका नं१.३.३ .**

माध्यमिक तह (कक्षा ९-१२) सञ्चालित विद्यालय विवरण २०८१।०८२

| सि.नं. | विवरण | सामुदायिक | जम्मा |
|---|---|---|---|
| १ | माध्यमिक (कक्षा १-१०) | ४ | ४ |
| २ | माध्यमिक (कक्षा १-१२) | ३ | ३ |
| | जम्मा विद्यालय | ७ | ७ |

**तालिका न ३.३.४**

| क्र.सं. | सूचक | राष्ट्रिय (२०८१) | स्थानीय (२०८१) |
|---|---|---|---|
| १ | कक्षा ९-१२ मा कुल भर्ना दर% | ८३.८ | ११५.० |
| २ | कक्षा ९-१२ मा खुद भर्ना दर% | ४७.६ | ५०.० |
| ३ | कक्षा १० सम्मको टिकाउ दर% | ६०.३ | ६५.० |
| ४ | कक्षा ९-१२ कुल भर्ना दरमा लैङ्गिक समता सूचक | १.०२ | १.०१ |
| ५ | कक्षा दोहोऱ्याउने दर | | ३५% |
| ६ | कक्षा उत्तीर्ण दर | | ३५% |
| ६ | विद्यार्थी शिक्षक अनुपात | ४०:१ | २५:१ |
| ७ | शिक्षक दरबन्दी सङ्ख्या | | २२ |

**समस्या-ः**

घिरिङ गाउँपालिकामा माध्यमिक तह सञ्चालित ७ सामुदायिक विद्यालय रहेका छन् । विद्यालयको स्तर मापन भौतिक पूर्वाधार, शिक्षण सिकाइ वातावरण, शिक्षकको पर्याप्तता र दक्षता, नेतृत्व जस्ता कुराले निर्धारण गर्ने गर्दछ । अधिकांश विद्यालयहरूमा बालमैत्री तथा सिकाइ मैत्री भौतिक पूर्वाधारको अभाव रहेको छ । विद्यालयले माध्यमिक तहको दरबन्दी नहुँदा पनि माथिल्लो कक्षा सञ्चालनको महत्त्वकांक्षा राखी सञ्चालन गर्न अनुमति पाउनु ज्वलन्त समस्या हो । त्यसबाट शिक्षक दरवन्दीको कमी, विषयगत शिक्षकको अभाव, शिक्षकको दक्षता र समर्पणको कमी जस्ता समस्या रहेका छन् । प्रधानाध्यापक क्रियाशील र उत्प्रेरित भएर शैक्षिक उन्नयनमा लागेको अवस्था छैन । शिक्षक अभिभावक र विद्यार्थीबिचमा तालमेल ,हुन सकेको छैन । विद्यालयमा निरीक्षण सुपरिवेक्षण र प्राविधिक सहायताको पक्ष निकै कमजोर रहेको छ । सबै विद्यालयहरूमा वर्तमान ऐन तथा नियमहरूले तोकेको योग्यता पुगेका प्रधानाध्यापकहरूको पनि व्यवस्था हुन सकेको छैन ।

**चुनौती -ः**

१) माध्यमिक शिक्षालाई व्यवहारिक रूपमा निशुल्क बनाइ सबै बालबालिकाहरूको पहुँच सुनिश्चित गर्नु,

२) शिक्षण सिकाइमा आधुनिक प्रविधि र शैक्षिक सामग्रीको प्रयोगमार्फत न्यूनतम सिकाइ सक्षमता तथा गुणस्तरको सुनिश्चितता गर्नु,

३) विद्यार्थी अनुपातमा शिक्षक दरवन्दी कम हुँदा कक्षागत तथा विषयगत शिक्षक दरबन्दीको व्यवस्थापन गर्नु ।

४) विद्यालयको नियमित सुपरिवेक्षण तथा प्राविधिक सहायताको प्रणालीलाई प्रभावकारी नहुँदा शिक्षकहरूमा शैक्षिक उपलब्धि वृद्धिको लागि योजना र प्रतिबद्धताको कमी२ हुनु ।

५) विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापनका लागि कानुन, नीति तथा मापदण्डको विकासका साथै संस्थागत सक्षमता अभिवृद्धि गर्नु,

६) विद्यालयहरूको दिगो आर्थिक व्यवस्थापन गर्नु

७) अभिभावकहरुको सचेतनामा अन्तर हुनु र चासो कम हुनु ,

८) शिक्षकहरुमा पेसागत तालिम, पुनर्ताजगी तालिमको प्रयोगात्मक अभ्यासमा कमी हुनु,

९) आवश्यकता अनुसार सुबिधायुक्त भौतिक पूर्वाधार वितरण नहुनु,

१०) नतिजाका आधारमा विद्यालयलाई प्रोत्साहन तथा दण्डको व्यवस्था नहुनु,

११) विद्यालयहरूको वर्गीकरण नहुनु,

१२) समग्र विकासको विकासको गुरुयोजना नहुनु ।

### ३.४.३ उद्देश्य

सबै बालबालिकाहरूलाई समयानुकुल माध्यमिक शिक्षाको सुअवसर निशुल्क रूपमा प्रदान गर्न निम्न उद्देश्यहरू तय गरिएको छ :-

१) आधारभूत तहको शिक्षा हासिल गरेका विद्यार्थीहरूलाई सीपमूलक, प्रविधियुक्त र गुणस्तरीय माध्यमिक

शिक्षाको अवसर प्रदान गर्नु,

२) माध्यमिक शिक्षालाई समतामूलक, समावेशी, बालमैत्री र निःशुल्क बनाउनु,

३) माध्यामिक शिक्षाको शिक्षणविधिलाई व्यावहारिक, अनुसन्धानात्मक, सिकाइमैत्री दण्डरहित वातावरणद्वारा गुणस्तरीय शिक्षा प्रदान गर्दै प्रतिस्पर्धी तथा उच्चशिक्षा हासिल गर्न योग्य बनाउनु,

४) माध्यमिक विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री तथा सिकाइमैत्री बनाउनु,

५) पाठ्यक्रमले तोकेको उद्देश्य सुनिश्चितता हुने गरी विषयगत सिकाइ उपलब्धि अभिवृद्धि गर्नु,

६) विषयगत शिक्षक दरबन्दीको व्यवस्थापन र वृत्ति विकासमा जोड दिनु,

७) विद्यालय प्रशासन तथा व्यवस्थापनलाई प्रभावकारी तथा जवाफदेही बनाउनु,

### ३.४.४ रणनीतिहरू

उल्लिखित उद्देश्यहरू प्राप्तिका लागि निम्नलिखित रणनीतिहरू अवलम्बन गरिने छः-

१) विद्यार्थी सङ्ख्याको आधारमा विद्यालय तथा शिक्षक कर्मचारीको दरबन्दीको समायोजन तथा पुनर्मिलान गर्ने,

२) निशुल्क शिक्षाको व्यवस्थापन गर्न आवश्यक नीतिगत व्यवस्थाका साथै स्रोत साधनको व्यवस्थापन तथा कार्यान्वयन गर्ने,

३) पहुँचभन्दा बाहिर भएका बालबालिकाहरूको पहिचानका लागि समुदायसँग समन्वय तथा सहकार्य गरी उनीहरूको पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था गर्ने,

४) सिकाइ उपलब्धिमा सुधारका लागि शिक्षक र प्रधानाध्यापकलाई जवाफदेही हुने प्रणाली विकास गर्ने (करार सम्झौता, प्रोत्साहन, सम्मान, पुरस्कार),

५) विद्यालयहरूले गरेका राम्रा अभ्यासहरूको एकआपसमा आदान प्रदान गर्ने,

६) शिक्षकहरूको मागमा आधारित रही समयानुकुल सूचाना तथ सञ्चार प्रविधिको प्रयोग गर्न सक्षम हुने गरी निरन्तर पेसागत क्षमता विकास तथा कार्यान्वयनमा जोड दिने,

७) अभिभावक शिक्षा, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको तथा अभिभावकको क्षमता विकास गर्ने,

८) राष्ट्रिय तथा स्थानीय पाठ्यक्रम उद्देश्य र मर्म पुरा हुने गरी कार्यान्वय गर्नु,

९) वस्तुनिष्ठ विद्यालय सुधार योजना निर्माणका लागि विद्यालय तहको क्षमता विकास गर्नु,

१०) गैरसरकारी संघ संस्था, समुदायमा आधारित संघ संस्था आदिसँग सहकार्य गरी सङ्कटमा शैक्षिक व्यवस्थापन गर्न विद्यालयहरूलाई सक्षम बनाउनु,

११) शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्न पूर्वाधार विकास तथा क्षमता विकास गर्नु,

१२) विद्यालयको नियमित सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन प्रभावकारी बनाई शिक्षक तथा विद्यालयलाई आवश्यक प्राविधिक सहायता प्रदान गर्नु,

१३) विद्यालयहरू प्रति अभिभावकलाई अपनत्व ग्रहण गर्ने परिपाटीको विकास गर्नु,

### ३.४.५ उपलब्धि, मुख्य नतिजाहरू, मुख्य क्रियाकलाप तथा लक्ष्यः-

**क) उपलब्धि**

सबै बालबालिकाहरूको माध्यमिक शिक्षामा पहुँचको सुनिश्चितता भई समयानुकुल तथा गुणस्तरयुक्त सिकाइ पाउने

**ख) प्रमुख नतिजाहरूः**

१) विद्यार्थी सङ्ख्या तथा भौगोलिक दुरीका आधारमा विद्यालयहरूको समायोजन तथा पुनर्मिलान गरी ठूला विद्यालयहरूको स्थापना भएको हुने,

२) संघीय कानुनको परिधभित्र रही विषयगत शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापनको कार्यविधि

निर्माण भई दरवन्दी मिलान भएको हुने,
३) विद्यार्थीको सिकाइका लागि शिक्षक र प्रधानाध्यापकलाई जवाफदेही हुने प्रणालीको स्थापना भएको
हुने,
४) विद्यालयहरुले गरेका असल अभ्यास तथा अनुभवहरुको आदानप्रदान तथा प्रचार प्रसार भइ प्रोत्साहन
र उत्प्रेरणा जागृत भएको हुने,
५) माध्यमिक शिक्षा पूरा गर्ने बालबालिकाहरूले न्यूनतम सिकाइ उपलब्धि पूरा गरेको हुने,
६) सबै विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार निर्माण भएको हुने,
७) शिक्षकहरुका लागि निरन्तर पेसागत विकासको अवसर प्राप्त भएको हुने,
८) प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको क्षमता विकास भई शैक्षिक सुशासन कायम भएको हुने,
९) सबै विद्यालयहरुको वस्तुनिष्ठ सुधार योजना निर्माण भई सङ्कटमा शैक्षिक व्यवस्थापन गर्न विद्यालयहरू सक्षम हुने,
१०) प्रत्येक विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगका लागि पूर्वाधार विकास र प्रयोग भई
सिकाइमा सहयोग पुगेको हुने,
११) शिक्षक तथा विद्यालयलाई आवश्यक प्राविधिक सहायता प्रदान गर्ने संयन्त्र विकास भएको हुने,
१२) विद्यालयका आवधिक परीक्षण गरी सुधारका क्षेत्रहरुको पहिचान भएको हुने,
१३) एक विद्यालय एक स्वास्थ्यकर्मीको व्यवस्था भएको हुने,

## ३.३.७ प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्यहरुः

| क्र.सं. | सूचक | आधार वर्ष (२०८०/८१) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह (कक्षा ९-१०) मा भर्ना भएका विद्यार्थी सङ्ख्या | ४६८ | ४७० | ४७० | ४७० | ४७० | ४७० |
| २ | माध्यमिक तह (कक्षा ११-१२) | २३१ | २०० | २०० | २०० | २०० | २०० |

| क्र.सं. | सूचक | आधार वर्ष (२०८०/८१) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| | मा भर्ना भएका विद्यार्थी सङ्ख्या | | | | | | |
| ३ | विज्ञान विषयमा अध्ययनरत विद्यार्थी सङ्ख्या | ० | | | | | |
| ४ | न्यूनतम सिकाइ सबलीकरण मापदण्ड(MEC) पूरा गरेका माध्यमिक विद्यालय सङ्ख्या | ३ | ३ | ४ | ५ | ५ | ५ |
| ५ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत तालिम प्राप्त शिक्षक (%) | | | | | | |

## (घ) प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | सङ्ख्या | ७ | ७ | ५ | ५ | ५ | ५ | ५ | |
| २ | मापदण्ड अनुसार शिक्षक व्यवस्थापन | सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | २५ | |
| ३ | विद्यालयको न्यूनतम भौतिक पूर्वाधार विकास | सङ्ख्या | १ | १ | २ | २ | २ | ७ | ७ | |
| ४ | निःशुल्क माध्यमिक शिक्षाका लागि आवश्यक कानून, कार्यविधि र निर्देशिकाको प्रबोधिकरण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ५ | विज्ञान, गणित तथा | सङ्ख्या | १ | १ | २ | २ | २ | ७ | ७ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कम्प्यूटर विज्ञान विषय अध्ययनकालागि अवसर | | | | | | | | |
| ६ | सबै बालबालिकाको पहुँच सुनिश्चित गर्ने | सङ्ख्या | ७ | ७ | ७ | ७ | ७ | ७ | ७ | |
| ७ | सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ८ | अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | सङख्या | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | निरन्तर |
| ९ | निःशुल्क माध्यमिक शिक्षा सुनिश्चितताका लागि पाठयपुस्तक, ड्रेस तथा स्टेशनरी, छात्रवृत्ति र सिकाइ सामग्री व्यवस्था | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | निरन्तर |
| १० | कक्षा कोठामा आधारित मूल्याङकन | विद्याल य | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | निरन्तर |
| १ १ | व्यवस्थित परीक्षा प्रणाली विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | निरन्तर |
| १ २ | शैक्षिक मानव संशाधन सूचना प्रणाली स्थापना | विद्याल य | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | इमिस |
| १ ३ | लक्षित बालबालिका-हरूका लागि आवाशीय प्रबन्ध | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १ ४ | अभिभावक अभिमुखिकरण र सहभागिता | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १ ५ | वि.व्य.स. र शि.अ.सं.का पदाधिकारी क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

## ३.५ प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम

### ३.५.१ परिचयः

प्रविधिको उपयोग गरी व्यवसायिक रुपमा जीवनोपयोगी बनाउन आर्जन गरिएको शिक्षा नै प्राविधिक तथा व्यवसायिक शिक्षा हो । कामसँग शिक्षालाई जोड्नु र दक्ष जनशक्तिलाई राष्ट्र निर्माणमा प्रयोग गर्न प्राविधिक शिक्षा आवश्यक छ । प्राविधिक शिक्षालाई स्थापना नगरी गरिने शिक्षाबाट शिक्षित बेरोजागार मात्र उत्पादन हुन्छन् । समय र परिस्थिति अनुसार आफ्नो कार्यसँग शिक्षालाई जोडनु र राष्ट्र निर्माणमा दक्ष जनशक्ति प्रयोग गर्न प्राविधिक शिक्षा आवश्यक छ । हाम्रो गाउँपालिकालाई समृद्ध गाउँपालिका बनाउन आफ्नै गाउँपालिकामा उपलब्ध स्रोत साधनलाई अधिकतम प्रयोग गर्न सक्ने दक्ष जनशक्ति उत्पादन गर्न अपरिहार्य हुन्छ । प्राविधिक तथा व्यवसायिक सिप विकास गरी यस गाउँपालिकामा रहेका प्राविधिक क्षेत्रमा सुनिश्चित हुने जनशक्ति उत्पादन गरेमा मात्र सुखी नेपाली समृद्ध नेपालको नारा सत्य सावित हुनेछ । शिक्षालाई सीप, सीपलाई रोजगार र रोजगारलाई उत्पादन र उत्पादनलाई बजारसँग जोड्न सक्ने शिक्षा प्रणालीको विकास र विस्तार गर्न सकिन्छ भने राज्यलाई शैक्षिक बेरोजगारको भिष थेग्न थप चुनौती हुने देखिन्छ ।

नेपालको सन्दर्भमा प्राविधिक तथा व्यवसायिक शिक्षा अपरिहार्य विषयको रुपमा रहेको छ । यसलाई वर्तमान मागको रुपमा नलिई आवश्यकताको रुपमा लिईएको छ । आमजनमानसमा प्राविधिक तथा व्यवसायिक शिक्षामा जोड दिनुपर्छ भन्ने अवधारणाको विकास भइसकेको छ । प्राविधिक तथा व्यवसायिक शिक्षा सरकारले नै सञ्चालन गर्नुपर्ने र उत्पादित जनशक्तिलाई सरकारले नै रोजगारी दिनुपर्ने मान्यता पनि अघि सारिएको छ । विद्यालय शिक्षा कक्षा १ देखि १० सम्म प्राविधिक शिक्षा र व्यवसायिक शिक्षामा जोड दिनु बढि उपयुक्त र सान्दर्भिक देखिन्छ । नेपाल सरकारको निर्णय र स्विकृति ऐन , नियम तथा निर्देशिका बमोजिम प्राविधिक तथा व्यवसायिक शिक्षा सामुदायिक विद्यालयाहरुमा पनि सञ्चालन गर्ने अवधारणा अगाडि सारियो ।नेपालमा औपचारिक रूपमा प्राविधिक तथा व्यवसायिक शिक्षाको सुरुवात वि१९९१ सालमा स्थाप .स.ित प्राविधिक तालिम शिक्षालयबाट नै भएको पाइन्छ । सघन रुपमा प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार गर्न विक्रम संवत् २०६८०६९/ देखि भएको हो । नेपालको संविधान, शिक्षा ऐन र उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०७५ ले प्राविधिक तथा व्यावसायिक शिक्षालाई प्राथमिकतामा राखेको छ ।राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६, मा प्राविधिक तथा व्यवसायिक शिक्षालाई विद्यालय शिक्षाको माध्यमिक तह देखिनै समेट्ने प्रयास गरिएको छ । हाल नेपाल सरकार शिक्षा तथा मानव स्रोत विकास केन्द्र र प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदले प्राविधिक तथा व्यवसायिक धारका विद्यालयहरु सञ्चालन गरिरहेका छन् । नेपाल सरकारको एक स्थानीय तह एक प्राविधिक विद्यालय नीति समेत रहेको छ ।

### ३.५.२ वर्तमान अवस्था

पालिकाको प्राविधिक तथा व्यवसायिक शिक्षाको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं ३.५.१ प्राविधिक तथा व्यवसायिक शिक्षाको वर्तमान अवस्था

| क्र.सं. | कार्यक्रम | वि.सं. | विद्यार्थी कोटा | भर्ना विद्यार्थी संख्या | अध्ययनरत विद्यार्थी संख्या | टिकाउ दर% | कैफि |
|---|---|---|---|---|---|---|---|
| १ | चन्द्र ज्योति मा.वि. (सिभिल इन्जिनियरिङ डिप्लोमा) | २०७८ | ४८ | २२ | १३ | ६२ | |
| | | २०७९ | ४८ | १६ | ८ | ५० | |
| | | २०८० | ४८ | १० | ४ | ४० | |
| | | २०८१ | ४८ | ७ | ३ | ४३ | |
| २ | कालीगण्डकी बहु प्राविधिक शिक्षालय (वन विज्ञान डिप्लोमा) | २०७८ | ४० | १८ | १८ | १०० | |
| | | २०७९ | ४० | | | | |
| | | २०८० | ४० | | | | |
| | | २०७८ | ४० | ४० | ४० | १०० | |

शिक्षक, उत्पादन, लगानी, ल्याब, तालिम सञ्चालन

सिभिल इन्जिनियरिङ डिप्लोमा मा विद्यार्थी भर्ना न्यून र टिकाउ दर न्यून रहेको देखिन्छ ।

चुनौतीहरु

उल्लिखित विष्लेशणका आधारमा प्राविधिक तथा व्यवसायिक शिक्षाको क्षेत्रमा देहाय बमोजिमका चुनौतीहरु पहिचान गरिएको छ।

(१)न्यूनतम विद्यार्थी कोटामा विद्यार्थी भर्ना नहुनु

(२)विपन्न, पिछडिएको वर्ग र सीमान्तकृत समुदायको पहुँच सुनिश्चितता गर्नु,

(३)प्राविधिक तथा व्यवसायिक शिक्षामा गुणस्तर अभिवृद्धि गर्नु,

(४)भौतिक पूर्वाधार, ल्याब तथा जनशक्ति व्यवस्थापन गर्नु,

(५)स्रोत साधन व्यवस्थापन गर्नु,

(६)सिभिल इन्जिनियरिङ तर्फ टिकाउ दर वृद्धि गर्नु,

(७)कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि गर्नु,

(८)व्यवसायिक तालिमका क्षेत्रहरुको पहिचान गरी प्रभावकारी कार्यान्वयन गराउनु ।

### ३.५.३ उद्देश्य (Objectives)

यस योजनाले प्राविधिक तथा व्यवसायिक शिक्षा कार्यक्रमका निम्नलिखित उद्देश्यहरु लिएको छः-

१) प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिममा समतामूलक पहुँच अभिवृद्धि गर्नु,

२) प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्नु,

३) प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिमका लागि संस्थागत सक्षमता अभिवृद्धि गर्नु,

### ३.५.४ रणनीतिहरु (Stratigies)

योजनाका उद्देश्यहरु प्राप्त गर्न निम्नलिखित रणनीतिहरु अबलम्बन गरिने छः

१) प्राविधिक तथा व्यवसायिक शिक्षा र सीप विकासलाई गुणस्तरीय र प्रभावकारी बनाउन नीति र योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउने ।

२) प्राविधिक तथा व्यवसायिक शिक्षालयको नक्सांकन पुनर्वितरण र आवश्यकता अनुसार ,शिक्षालय थप गर्ने ।

३) आर्थिक रुपमा विपन्न, सिमान्तकृत एवं पछाडी पारिएका वर्गका विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने ।

४) प्राविधिक शिक्षामा पहुँच विस्तार गर्न आवासीय सुविधाका लागि छात्रावासको व्यवस्थापन गर्ने ।

५) कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि अभिभावक समुदाय ,र शिक्षालयहरुलाई जिम्मेवार बनाउने ।

६) प्राविधिक तथा व्यवसायिक शिक्षा विकासका लागि अभिभावक सचेतना कार्यक्रम सञ्चालन गर्ने।

७) प्राविधिक तथा व्यवसायिक धारको शिक्षालयमा व्यवसायिक तथा सीपमूलक विषयगत प्रयोगशाला स्थापना गर्ने ।

८) प्रयोगात्मकतर्फ विशेष प्राथमिकता दिन प्रयोगात्मक फिल्डका लागि जग्गा व्यवस्थापन गर्ने ।

९) माग तथा आवश्यकतामा आधारित सीप विकासका तालिम कार्यक्रमको नियमितरुपमा सञ्चालन र विस्तार गर्ने ।

१०) प्राविधिक तथा व्यवसायिक शिक्षाको प्रभावकारी कार्यान्वयनका लागि लागत सहभागिता अभिवृद्धि गर्ने ।

११) कार्यरत जनशक्तिको टिकाउका लागि प्रोत्साहन तथा क्षमता विकासको अवसर उपलब्ध गराउने।

### ३.५.७ उपलब्धि, नतीजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य (Outcomes, Key Results and Main Activities and Target)

**क) उपलब्धि (Outcomes)**

गुणस्तरीय प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिममा समतामूलक पहुँच अभिवृद्धि भएको हुने ।

**ख) प्रमुख नतिजाहरू (Key Results)**

१) प्राविधिक तथा व्यवसायिक शिक्षा र सीप विकास तालिम नीति तथा योजना विकास र कार्यान्वयन भएको हुने ।

२) सञ्चालनमा रहेका प्राविधिक शिक्षालयमा प्राविधिक शिक्षा कार्यक्रमलाई प्रभावकारी, गुणस्तरीय साधनस्रोत सम्पन्न रुपमा व्यवस्थित भएको हुने ।

३) माग तथा आवश्यकतामा आधारित सीप विकासका तालिम कार्यक्रमको नियमितरुपमा सञ्चालन र विस्तार भएको हुने ।

४) तालिमप्राप्त शिक्षक तथा प्रशिक्षकहरुलाई आकर्षण गर्नका लागि विभिन्न सेवा सुविधामा बढोत्तरी तथा स्थायित्वको नियमनकारी व्यवस्थापन भएको हुने ।

५) निर्धारित कोटा अनुसार विद्यार्थी भर्ना भएको तथा टिकाउ दर कम्तिमा ९५% पुगेको हुने ।

**ग) प्रमुख क्रियाकलापहरु तथा लक्ष्य (Major Activities and Target)**

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (पहिलो लक्ष्य ५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्षको) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | प्राविधिक तथा व्यवसायिक शिक्षासम्बन्धी नीतिको तर्जुमा | पटक | १ | | | | | १ | २ | |
| २ | शिक्षालयको नक्साङ्कन तथा पुनर्वितरण | पटक | | १ | | | | १ | २ | |
| ३ | गरिब तथा जेहेन्दार, दलित विद्यार्थीलाई छात्रवृत्ति प्रदान | विद्यार्थी | २ | २० | २० | २० | २० | १०० | २०० | |
| ४ | छात्रावास व्यवस्थापन | संख्या | १ | १ | | | | २ | ४ | |
| ५ | OJT कार्य | जना | ४० | ४० | ४० | ४० | ४० | २०० | ४०० | |
| ६ | अभिभावक सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | प्रयोगशाला व्यवस्थापन | संख्या | | १ | १ | | | २ | ४ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | प्रयोगात्मक फिल्डका लागि जग्गा व्यवस्थापन | शिक्षालय संख्या | | | | १ | १ | २ | २ | |
| ९ | सीपयुक्त रोजगारमूलक तालिम सञ्चालन | संख्या | ६० | ६० | ६० | ६० | ६० | ३०० | ६०० | |
| १० | लागत सहभागिता अभिवृद्धिका लागि संघसंस्थासँग सकार्य | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ११ | शिक्षक तथा प्रशिक्षकको क्षमता अभिवृद्धि कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

## ३.९ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

### ३.९.१ परिचय

औपचारिक शिक्षा प्रणालीको संरचना भन्दा बाहिर लचिलो ढङ्गबाट मानव जीवनका लागि आवश्यक ज्ञान, सीप र प्रक्रियाको प्रशोधन गर्ने जीवन पर्यन्त अर्थात आजीवन सिकाइ प्रणाली अनौपचारिक शिक्षा हो । अनौपचारिक शिक्षा त्यस्तो सांस्कृतिक केन्द्र हो जहाँ सहभागीहरु आफ्नो जीवनमा आइपर्ने समस्याहरु बारेमा छलफल र समाधानका उपायहरु खोजी निर्णय कार्यान्वयन गर्दछन् । अनौपचारिक एवं आजीवन शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समूहका लागि आफ्नो लक्ष्य बनाई सेवा प्रदान गर्दछ । निरक्षरका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर, सिकाइ अवसरका लागि स्तरवृद्धि, शिक्षासँग सीप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवं आजीवन शिक्षाले काम गर्दछ ।

संवैधानिक सुनिश्चिततामा शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिको सिद्धान्त, दिगो विकासका लक्ष्य तथा गण्डकी प्रदेशको आवधिक योजनामा समेत नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासँगै अनौपचारिक शिक्षा प्रणालीले समेत योगदान गर्दछ । विभिन्न सिकाइ अवस्थाका आधारमा थप सिकाइ अवसरको निर्माण गरी आजीवन सिकाइ संस्कृतिको विकास गर्न आवश्यक छ । यसका लागि अनौपचारिक तथा आजीवन सिकाइको पहुँचको विस्तार, गुणस्तर वृद्धि र संस्थागत क्षमताको विकास गर्नु पर्दछ । शिक्षा क्षेत्र योजना २०७८-२०८७ मा अनौपचारिक शिक्षा र आजीवन सिकाइका लागि १० वर्षभित्र निरन्तर सिकाइ मा संलग्न समाज एवं सिकाइ संस्कृतिको प्रवर्द्धन गर्नेतर्फ लैजानुपर्दछ । स्थानीय तहको अनौपचारिक शिक्षा र आजीवन सिकाइको वर्तमान अवस्था विश्लेषणका आधारमा समस्या एवं चुनौतीहरुको पहिचान गर्दै

चुनौतीहरूको सामना गर्न यसको उद्देश्य र नीतिहरू कार्यक्रम कार्यान्वयनबाट प्राप्त हुने प्रमुख नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु यसमा समावेश गरिएको छ ।

### ३.९.२ वर्तमान अवस्था

स्थानीय सरकार संचालन ऐन, २०७४ले अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक शिक्षा, निरन्तर शिक्षा, सामुदायिक सिकाइ केन्द्र सम्बन्धि नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन गर्दै गर्ने अधिकार स्थानीय तहलाई प्रदान गरेको छ । यसै सन्दर्भमा घिरिङ गाउँपालिका ले समेत अनौपचारिक तथा जीवन पर्यन्त शिक्षाको योजना निर्माण तथा कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने जिम्मेवारी वहन गर्दै आएको छ । यसका साथै गाउँपालिका अन्तर्गत अनौपचारिक तथा जीवनपर्यन्त शिक्षा सम्बन्धी कार्य गर्न बिगतदेखि नै एउटा सामुदायिक सिकाइ केन्द्र क्रियाशील रहेको छ ।

राष्ट्रिय शिक्षा नीति-२०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवन यापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्ने उद्देश्य निर्धारण गरेको छ । यो कार्यक्रम तीनै तहका सरकारको साझा अधिकार सूचीमा रहेकोले प्रदेश तहमा शिक्षा विकास निर्देशनालयले अनौपचारिक तथा जीवन पर्यन्त शिक्षाको कार्यान्वयनमा समन्वय र सहजीकरण गर्दछ भने स्थानीय तहहरुमा शिक्षा युवा तथा खेलकुद शाखाले अनौपचारिक तथा जीवन जीवन पर्यन्त शिक्षाको योजना निर्माण तथा कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने जिम्मेवारी रहेको छ ।

### ३.९.३ चुनौती तथा अवसरहरु

माथि उल्लिखित सन्दर्भ र विश्लेषणको आधारमा अनौपचारिक शिक्षाका समस्या एवं चुनौतीहरु निम्नअनुसार पहिचान गरिएको छ

१) साक्षर गाउँपालिका घोषणा गरिएको भएतापनि निरक्षरको संख्या रहनु,
२) सामुदायिक सिकाइ केन्द्र स्थापनाको मर्म र भावनाअनुसार प्रभावकारी ढंगले सञ्चालनमा नआउनु,
३) सामुदायिक सिकाइ केन्द्रको सञ्चालनका लागि न्यूनतम बजेटको व्यवस्था हुनु,
४) सिकाइ केन्द्रका परिचालक र व्यवस्थापन समितिको क्षमता अभिवृद्धि हुन नसक्नु,
५) नव साक्षरहरुलाई साक्षरोत्तर र निरन्तर शिक्षा एवम् आयआर्जनका कार्यक्रममा लगाउन नसकिनु,
६) सिकाइ केन्द्रहरुले अनौपचारिक शिक्षाका कार्यक्रमहरुमा अगुवाइ गर्न नसक्नु,
७) औपचारिक शिक्षा र अनौपचारिक शिक्षाका बीचमा सम्बन्ध कायम गर्न नसकिनु,

८) युवा तथा प्रौढहरुमा कार्यमूलक साक्षरता पढ्ने बानीको कमी र डिजिटल साक्षरताको कमि, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक सिकाइको अवसरलाई एकीकृत सिकाइ प्रणालीका रुपमा संस्थागत विकास हुन नसक्नु,

९) साक्षरता निरन्तर सिकाइ आयमुलक सिप समयसापेक्ष सूचना प्रविधि युक्त कार्यमुलक सिकाइ तथा समकक्षता को व्यवस्था हुन नसक्नु ।

१०) गुणस्तरीय जीवनकालागि आजीवन सिकाइ संस्कृति सापेक्ष अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको अवधारणागत स्पष्टता गर्न,

नेपाल सरकारले अन्तर्राष्ट्रिय मञ्चमा गरेका शिक्षा सम्बन्धि प्रतिबद्धता, सबैलाई अनिवार्य शिक्षा दिने संवैधानिक व्यवस्था, समृद्ध नेपाल सुखी नेपाली बनाउने सरकारको दीर्घकालीन सोंच, साक्षरता अभियान, राष्ट्रिय शिक्षा नीतिमा अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक शिक्षाको व्यवस्थापन, सामुदायिक सिकाइ केन्द्रको स्थापना र सञ्चालन जस्ता कुराको यथोचित उपयोग र अवसरका रुपमा लिन सकिन्छ । शिक्षा केन्द्रबाट मात्र सञ्चालन हुँदै रहेको स्थितिको अन्त्य गरी माध्यमिक शिक्षासम्म व्यवस्थापनको अधिकार स्थानीय तहमा दिनुका साथै शिक्षामा तिनै तहको सरकारको साझा अधिकार रहनु पनि अनौपचारिक तथा खुला शिक्षा विकासका लागि सुअवसर हो ।

### ३.९.४ उद्देश्यहरुः

यस योजनाले अनौपचारिक शिक्षा तथा अजीवन सिकाइ सम्बन्धी निम्नलिखित उद्देश्यहरु राखेको छ :

१) सामुदायिक सिकाइ केन्द्रको सबलीकरण गर्ने अनौपचारिक शिक्षा र निरन्तर शिक्षा कार्यक्रम सञ्चालन गर्नु,

२) अनौपचारिक तथा निरन्तर एवं जीवनपर्यन्त शिक्षाको विकास तथा विस्तार गरी साक्षरता, डिजिटल साक्षरता र आयआर्जनमा सहयोग गर्नु,

३) आर्जनका कार्यक्रम संचालन गर्दै विशेषत समाजमा पछाडि परेको वर्गलाई मूलधारमा ल्याउनु,

४) गाउँपालिकामा सञ्चालित उच्चशिक्षा प्रदायक संस्था र विद्यालयलाई खुला तथा दूरशिक्षा प्रदायक संयन्त्रका रुपमा विकास गर्नु,

५) सबै नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र अजीवन सिकाइका अवसर सुनिश्चित गर्नु,

६) गाउँपालिका पूर्ण साक्षर बनाउनु ।

### ३.९.५ रणनीतिहरु

योजनाका उद्देश्यहरु हासिल गर्न निम्नलिखित रणनीति अवलम्बन गरिनेछ :

१) सामुदायिक सिकाइ केन्द्र लाई सुदृढीकरण गरी अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गर्न

प्रोत्साहित गरिनेछ ।

२) गाउँ पालिका भित्र पुनः घरधुरी सर्वेक्षण गरी साक्षर निरक्षरको अवस्था पहिचान र अभिलेखीकरण गरिनेछ ।

३) संघीय र प्रदेश सरकारको समन्वयमा सिकारुका आवश्कता अनुसार पाठ्यक्रम र सिकाइ मोडुलका डिजिटल सिकाइ सामग्री विकास गरी निरन्तर शिक्षाका कक्षाहरु सञ्चालन गरिनेछ ।

४) साक्षरता तथा निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गर्न विभिन्न संघीय सरकार, प्रदेश सरकार र अन्य संघ-संस्थासँग सहकार्य र साझेदारीमा कार्यक्रम संचालन गरिनेछ ।

६) नवसाक्षर प्रौढ महिला तथा पुरुषहरुलाई आर्जनका कार्यक्रमसँग जोडी आत्मनिर्भर र व्यावसायिक बनाउन सहयोग गरिनेछ ।

७) विज्ञ समूह निर्माण गरी अनौपचारिक तथा आजीवन सिकाइ र सिकाइ संस्कृतिको गाउँपालिका अवधारणापत्र तयार गरिनेछ ।

८) जीवन पर्यन्त शिक्षालाई प्रभावपूर्ण बनाउन गाउँपालिकामा योजना अनुगमन र कार्यान्वयन संयन्त्र बनाइने छ ।

९) गाउँपालिकालाई पूर्ण साक्षरको रुपमा स्थापित गर्न गाउँपालिकाको संयोजनमा सामुदायिक सिकाइ केन्द्र, विद्यालय, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक र अन्य साझेदारीहरु परिचालन गरिने छ।

**३ ६.९.उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य :**

## (क) उपलब्धि

सबै नागरिकलाई साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त हुने ।

**(ख) प्रमुख नतिजा**

१) साक्षर निरक्षर लगायत अनौपचारिक शिक्षा तथा वैकल्पिक सिकाइसँग सम्बन्धित तथ्याङ्क संकलन भई अध्यावधिक हुने,

२) सामुदायिक सिकाइ केन्द्र सुदृढीकरण भई साक्षरता निरन्तर शिक्षा तथा आयआर्जनका कार्यक्रम सञ्चालन हुने,

३) निरक्षर साक्षर हुने साक्षर ले निरन्तर शिक्षा र जीवनोपयोगी सीप प्राप्त गर्ने,

४) महिला तथा प्रौढहरू आयआर्जन गरी जीवन निर्वाह स्वाबलम्बी आत्मनिर्भर हुने

५) अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई कार्य सञ्चालन हुने

६) अनौपचारिक शिक्षा तथा आजीवन सिकाइबाट आर्जित ज्ञान तथा सीपको पहिचान एवं प्रमाणीकरण गर्न नीति नियमावली कार्यविधि तयार गरी राष्ट्रिय योग्यता प्रारुप अनुरुप समकक्षता प्रदान गर्नका लागि समन्वय र सहजीकरण हुने,

७) संघ र प्रदेश सरकारसँगको समन्वयमा अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि

लागत साझेदारिताको प्रारूप तयार हुने,

८) गाउँपालिका पूर्ण साक्षर हुने ।

## प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्यः

| क्र.सं. | सूचक | आधार वर्ष (२०८०/८१) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | साक्षर पालिका घोषणा | | | १ | | | १ |
| २ | अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइसम्बन्धी खण्डीकृत डाटाबेस | | १ | १ | १ | १ | १ |
| ३ | सामुदायिक सिकाइ केन्द्र | १ | १ | १ | १ | १ | १ |

## प्रमुख क्रियाकलापहरु तथा लक्ष्य (Major Activities and Target)

| क्र. सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (पहिलो लक्ष्य ५ वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्षको) | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| १ | घरधुरी सर्वेक्षण साक्षर निरक्षरको तथ्याङ्क संकलन | पटक | १ | | | | | २ | २ | |
| २ | संघ तथा प्रदेश सरकारको सान्वय र सहकार्यमा लागत सहभागिताको प्रारुप तयार गर्ने | पटक | | १ | | | | १ | १ | |
| ३ | सामुदायिक सिकाइ केन्द्रको क्षमता अभिवृद्धी तालिम र अनुदान | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ४ | विज्ञ समूहबाट अवधारणापत्र तयार गराइ अभिमुखीकरण गर्ने | पटक | १ | | | | | १ | १ | |
| ५ | महिला तथा प्रौढहरुलाई साक्षरता निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइ कार्यक्रम सञ्चालन | संख्या | | ३ | ३ | ३ | ३ | १२ | १२ | |
| ६ | महिला तथा प्रौढहरुलाई सीपविकास तालिम र आयआर्जनका कार्यक्रम सञ्चालन | महिला तथा प्रौढ संख्या | २० | २० | २० | २० | २० | १०० | १०० | |
| ७ | आजीवन सिकाइका लागि मोड्युल तथा सामग्री विकास र डिजिटाइज्ड गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ८ | गाउँपालिकालाई पूर्ण साक्षर घोषणा गर्ने | पटक | १ | | | | १ | १ | १ | |

## परिच्छेद चारः

## अन्तरसम्बिन्धत विषय क्षेत्रहरू

यस परिच्छेदमा आधारभूत तथा माध्यमिक शिक्षा, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम, अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइमा पहुँच, सहभागिता, समता, समानता तथा सक्षमतालाई सुनिश्चित गर्ने महत्त्वपूर्ण अन्तरसम्बन्धित विषय क्षेत्रका रणनीति तथा कार्यक्रमहरु रहेका छन् । यी विषय क्षेत्र निम्नअनुसार रहेका छन् :

(क) पाठ्यक्रम तथा मूल्याङ्कन

(ख) शिक्षक विकास तथा व्यवस्थापन

(ग) शैक्षिक समता र समावेशीकरण

(घ) दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम

(ङ) आपतकालिन तथा सङकटकालीन अवस्थामा शिक्षा

(च) विद्यालय भौतिक पूर्वाधार विकास

(छ) विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

यी विषयवस्तुसँग सम्बन्धित वर्तमान अवस्थाको विश्लेषणका आधारमा चुनौतीहरू पहिचान गरी त्यस योजनाकालागि उद्देश्य, रणनीतिहरू तथा प्रमुख नतिजा, क्रियाकलाप तथा लक्ष्यहरू सहितको योजनाको खाका प्रस्तुत गरिएको छ । यस परिच्छेदले अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरुलाई व्यवस्थित गर्दै विभिन्न उपक्षेत्रका उपलब्धिहरुलाई आंकलन गर्न सहयोग पुग्नेछ । यसमा उल्लिखित प्रत्येक विषयको अवधारणा तथा विद्यालय शिक्षाको आवश्यकता, विद्यमान अवस्थाको विश्लेक्षण गरी चुनौतीहरूमा विशेष जोड दिइएको छ । यी विषय क्षेत्रका विद्यमान अवस्था, उद्देश्य, रणनीति, अपेक्षित उपलब्धि तथा यसको नतिजा तथा लक्ष्य प्राप्तिका लागि अपनाउनुपर्ने क्रियाकलापहरू यहाँ प्रस्तुत गरिएको छ।

### ४.१ पाठ्यक्रम र मूल्याङ्कन

#### ४.१.१ परिचय

मानव जीवनका लागि आइपर्ने विभिन्न समस्याहरु समाधान गर्नका लागि चाहिने ज्ञान, सीप र क्षमता आर्जनका लागि एउटा मार्गनिर्देशन नै पाठ्यक्रम हो । मानव जीवनका व्यावहारिक समस्या समाधान हुनु भनेको राष्ट्र र समाजका समस्या समाधान हुनु हो । वास्तवमा पाठ्यक्रमले शैक्षिक तथा सामाजिक जीवनदर्शन, समकालीन समाजका वास्तविकताहरु, सिकाइ प्रक्रिया एवं विषयवस्तु तथा ज्ञानको प्रकृति समेतलाई विचार गरि बालकका सिकाइ सम्बन्धी आवश्यकताको

निदान गरेर विस्तृत योजना प्रस्तुत गरेको हुन्छ । पाठ्यक्रम विकास एउटा निरन्तर प्रक्रिया भएकोले समाज, राष्ट्र र व्यक्तिको आवश्यकता र चाहाना अनुरुप परिवर्तन भइरहन्छ । निर्धारित सिकाइ उपलब्धिहरु प्रासिका लागि विद्यार्थीहरुलाई विभिन्न अनुभवहरु हासिल गराउन निश्चित दिशा दिने कार्यक्रम नै पाठ्यक्रम हो ।

पाठ्यक्रम विकास तथा कार्यान्वयन प्राविधिक कार्य हो । यसमा विभिन्न व्यक्ति, समूहसँगको सहकार्य आवश्यक हुन्छ । पाठ्यक्रम निश्चित रुपमा सान्दर्भिक हुनुपर्छ । समयसापेक्ष हुनुपर्छ । जनचाहाना पूरा गर्न सक्नुपर्दछ । कक्षाकोठा वातावरण अनुकूल हुनुपर्छ । व्यवहार योग्य, प्रयोग योग्य, पाठ्यक्रम विकास तथा कार्यान्वयन सर्वत्र अपेक्षित विषयका रुपमा पर्छ । पाठ्यक्रम समावेशी हुनुपर्छ । यसले सबैको चाहाना प्रतिविम्वन गर्न सक्नुपर्छ । स्थानीय तहको नेतृत्व र सहभागिताका आधारमा स्थानीय तहमै प्राविधिक तथा आर्थिक स्रोत परिचालन गरि मातृभाषा तथा स्थानीय ज्ञान, सीप र प्रविधिमा आधारित विषयवस्तुको चयन, व्यवस्थापन र कार्यान्वयन गरिनुलाई स्थानीय आवश्यकतामा आधारित शिक्षाका रुपमा लिइन्छ ।

पाठ्यक्रम कुनै कक्षा वा तहमा कुन कुन विषयवस्तु सिकाउने भन्ने कुरासँग मात्र सम्बन्धित नभई विद्यार्थीमा के-कस्ता क्षमता विकास गराउने हो अर्थात् किन पढाउने, के कस्ता क्रियाकलापका माध्यबाट अपेक्षित सक्षमता हासिल गराउन सकिन्छ र विद्यार्थीले सिकेको वा नसिकेको सुनिश्चित गरि आवश्यक पृष्ठपोषण प्रदान गर्न के कसरी मूल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्ने महत्त्वपूर्ण आधार हो ।

### ४.१.२ वर्तमान अवस्था

विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को कार्यान्वयन गर्ने सन्दर्भमा २०७७ देखि कक्षा १-११ मा नयाँ पाठ्यक्रम लागु गरिएको छ । कक्षा १-३ को पाठ्यक्रमलाई अन्तरसम्बन्धित क्षेत्रका आधारमा सक्षमता र विषय क्षेत्र समेटी एकीकृत गरिएको छ। व्यवहारकुशल तथा गैर संज्ञानात्मक सिप तथा जीवनोपयोगी सिपहरूको विकास तथा कार्यान्वयन गरिएको छ। विषयको प्रकृतिअनुसार प्रयोग, परियोजना कार्य, सामुदायिक कार्यजस्ता प्रयोगात्मक अभ्यासका लागि २५-५० प्रतिशत भार छुट्याउने प्रावधान गरिएको छ। पाठ्यक्रम प्रारूपले मातृभाषा तथा बहुभाषिक सन्दर्भमा सिकाइ सहजीकरणका लागि स्थानीय भाषामा सिकाउने प्रावधान गरेको छ। यसले कक्षाकोठामा प्रयोग गरिने भाषा र सिकारुको घरमा बोल्ने भाषाबिच तादात्म्यता राख्न सहयोग गर्छ। जसले सिकाइमा आउने बाधालाई पनि हटाउँछ सहयोग गर्छ। मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गका रूपमा मानिएको छ र सिकाइका लागि निरन्तर रूपमा पृष्ठपोषण प्रदान गर्न मूल्याङ्कन एक माध्यम रूपमा रहने पाठ्यक्रमको नीतिगत व्यवस्था छ।

माध्यमिक तहमा प्राविधिक धारको कार्यान्वयनमा देखा परेको जटिलतालाई हेर्दा बजारको मागअनुसारका सिप हासिल हुने गरी यसमा रहेका अन्तरको विश्लेषण गरी पाठ्यक्रममा सुधार तथा समायोजनरपुर्नसमायोजन गर्नुपर्ने देखिन्छ।

आधारभूत तहमा निर्माणात्मक तथा निरन्तर मूल्याङ्कन, माध्यमिक तहमा आन्तरिक तथा बाह्य मूल्याङ्कन पद्दति र सार्वजनिक परीक्षाहरू स्तरीकृत गरी परीक्षा तथा मूल्याङ्कनका क्षेत्रमा विगत वर्षहरूमा विभिन्न सुधारहरू गरिए । कक्षा ५ र कक्षा ८ परीक्षा पालिकास्तरमा सञ्चालन गर्ने गरिएको छ । विद्यालयमा आधारित परीक्षाका नतिजाको विश्लेषण गर्न र तिनलाई व्यवस्थित रूपमा सिकाइ सुधारमा प्रयोग गर्न शिक्षकहरूलाई उपयुक्त किसिमले तालिम दिनु आवश्यक छ।

सामुदायिक विद्यालयको कक्षा १-१२ मा अध्ययन गर्ने सबै विद्यार्थीले निस्शुल्क रूपमा पाठ्यपुस्तक प्राप्त गर्ने व्यवस्था गरिएको छ। सामुदायिक विद्यालयहरूले पाठ्यक्रम विकास केन्द्रले प्रकाशन गर्ने पाठ्यपुस्तकहरू प्रयोग गर्छन् तथापि संस्थागत तथा केही सामुदायिक विद्यालयहरूले निजी क्षेत्रबाट प्रकाशित र पाठ्यक्रम विकास केन्द्रले सन्दर्भ सामग्रीका रूपमा प्रयोग गर्ने प्रयोजनका लागि सूचीकृत पुस्तकमध्येबाट छनोट गरी पाठ्यपुस्तकका रूपमा प्रयोग गर्छन्। सबै विद्यार्थीलाई समयमै पाठ्यपुस्तक उपलब्ध गराउने व्यवस्था स्थानीय तहबाट हुँदै आएको छ ।

यस पालिकामा मगर भाषी जनसङ्ख्याको वाहुल्यता रहेकोले सीमित स्रोतसाधन तथा सम्बन्धित भाषाका दक्ष जनशक्तिको उपलब्धता मातृभाषाका सामग्रीको विकास र प्रयोगका लागि चुनौतीका रूपमा रहेको छ। बालबालिकाको सिकाइलाई माध्यम भाषाका कारण अवरोध नहुने गरी उपयुक्त माध्यम भाषा छनोट तथा प्रयोग गर्ने कार्य पनि चुनौतीको रुपमा रहेको छ।

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक तयारी, विकास र विषयगत शिक्षकको व्यवस्था, विद्यालयमा आधारित पेसागत सहयोग पद्धति स्थापना र सञ्चालन गर्नु आवश्यक छ। अपाङ्गता भएका बालबालिकाका लागि समायोजित पाठ्यक्रम तथा सिकाइ सामग्रीमा अपाङ्गताको प्रकृतिअनुसार अधिकतम लचकता प्रदान गर्ने कार्य पनि चुनौतीपूर्ण छ।

### ४.१.३ उद्देश्य

यस योजनामा पाठ्यक्रम तथा मूल्याङ्कन क्षेत्रका निम्न उद्देश्यहरू तय गरिएको छ :

१. पाठ्यक्रम तथा मूल्याङ्कनको प्रभावकारी कार्यान्वयन गर्नु ।
२. स्थानीय परिवेशमा आधारित व्यावहारिक तथा जीवनोपयोगी पाठ्यक्रम तथा पाठ्यसमग्री विकास गरी कार्यान्वयन गर्नु ।
३. परीक्षा एवं मूल्याङ्कन पद्धतिको सुदृढिकरण गर्नु ।
४. सिकाइका लागि मूल्याङ्कनमार्फत परीक्षा एवं मूल्याङ्कन पद्धतिको सुदृढीकरण गर्नु ।

### ४.१.४ रणनीतिहरू

१. राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुरूप पाठ्यक्रम कार्यान्वयन गर्ने
२. पाठ्यक्रम विकास केन्द्रद्वारा विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीको सम्बन्धित शिक्षक तथा सरोकारवालालाई प्रबोधीकरण गर्ने
३. पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकहरूको पेसागत क्षमता अभिवृद्धि गर्ने
४. शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वअध्ययन तथा सन्दर्भ सामग्री उपलब्ध हुने व्यवस्थाको सुनिश्चितता गर्ने
५. माध्यम भाषाका रूपमा आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोग गर्ने
६. स्थानीय तथा मातृभाषाको पाठ्यक्रम र पाठ्यसामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गर्ने
७. विद्यालयमा आधारित विद्यार्थी सहयोग पद्धति विकास गर्ने
८. सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाउने
९. स्थानीय पाठ्यक्रम निर्माण गर्दा समावेशिता जलवायु ,हरित विद्यालय निर्माण ,लैङ्गिक पक्ष , वातावरण संरक्षण जस्ता ,परिवर्तनविषयवस्तुलाई प्राथमिकताका साथ समावेश गर्ने
१०. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको बृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गर्ने
११. निरन्तर विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गको रूपमा प्रयोग गर्ने
१२. विपत्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने

### ४.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**(क) उपलब्धि**

१. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारुमा ज्ञान, सिप र व्यवहारमा सकारात्मक परिवर्तन भएको हुने छ ।
२. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन भएको हुने छ ।
३. निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन भई विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुने छ ।

### (ख) प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र. सं. | सूचक | आधार वर्ष (२०८०/८१) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | एकीकृत पाठ्यक्रम लागु गरेका विद्यालय सङ्ख्या | ३६ | ३६ | ३६ | ३६ | ३६ | ३६ |
| २ | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय सङ्ख्या | ३६ | ३६ | ३६ | ३६ | ३६ | ३६ |
| ३ | स्थानीय भाषामा कक्षा सञ्चालन गर्ने विद्यालय | ० | मागको आधारमा | | | | |
| ४ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय | ३६ | ३६ | ३६ | ३६ | ३६ | ३६ |
| ५ | जलवायु परिवर्तन तथा उत्थानशीलता सम्बन्धी सामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | ० | १० | २० | २५ | ३० | ३६ |
| ६ | एकीकृत पाठ्यक्रम प्रभावकारी कार्यान्वयन तालिम प्राप्त शिक्षक | ४० | ३६ | ३६ | ३६ | ३६ | ३६ |
| ७ | | | | | | | |

## (ग) प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१०वर्ष) | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | पाठ्यक्रमको प्रभावकारी रूपमा कार्यान्वयनका लागि शिक्षक तालिम सञ्चालन | पटक | १ | ३ | ३ | ३ | ३ | १३ | २६ | |
| २ | कक्षा कोठामा आधारित विद्यार्थी मूल्याङ्कन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ३ | स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन | पटक/ निरन्तर | | १ | | | | | | |
| ४ | सूचना तथा सञ्चार प्रविधि प्रविधिमा आधारित डिजिटल सामग्री प्रयोग | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ५ | कक्षा १ देखि ३ सम्मको पठनसीप तथा गणितीय सीप विकासको लागि शिक्षक तथा विद्यार्थी निर्मित स्थानीय सामग्रीहरु सहितको छापायुक्त | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१०वर्ष) | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| | कक्षाकोठा ब्यवस्थापन सञ्चालन | | | | | | | | | |
| ६ | निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको प्रभावकारी कार्यान्वयन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ७ | मूल्याङ्कन प्रणालीमा सुधार तथा नविनता | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ८ | कक्षाकोठामा आधारित कक्षा पठाइ तथा सीप परीक्षण सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ९ | विद्यालय तहको मूल्याङ्कन प्रक्रियाको अनुगमन तथा सहजीकरण | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| १० | स्थानीय पाठ्यक्रम तथा शैक्षिक सामग्री विकासका लागि सरोकारवालाको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ११ | एकीकृत पाठ्यक्रम प्रभावकारी | जना | ४० | ३६ | ३६ | ३६ | ३६ | ३६ | २२० | |

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१०वर्ष) | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| | कार्यान्वयन शिक्षक तालिम | | | | | | | | | |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ परिचय

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ शिक्षकहरूको सक्षमता तथा आवश्यकता निर्धारण गर्ने समग्र प्रारूप हो। योग्य, व्यावसायिक दृष्टिले सक्षम, उत्प्रेरित, प्रतिबद्ध तथा जिम्मेवार शिक्षक शैक्षिक प्रणालीका खम्बा हुन्। नेपालमा शिक्षकको उत्पादन विश्वविद्यालय तथा माध्यमिक तहको कक्षा ११ र १२ सञ्चालित विद्यालयहरूले गर्छन् भने शिक्षक सेवा आयोगले अध्यापन अनुमति पत्र प्रदान गर्नुका साथै रिक्त स्थानमा नियुक्ति गर्न सिफारिस गर्दछ। आयोगले शिक्षकको बढुवासम्बन्धी कार्य पनि गर्छ। आयोगले सिफारिस गरेका व्यक्तिलाई शिक्षा विकास तथा समन्वय इकाइले नियुक्ति र स्थानीय तहसँगको समन्वयमा पदस्थापन गर्छन्। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले शिक्षक पेसागत विकासका लागि नीति निर्माण गर्छ भने शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रमाणीकरण र कष्टमाइज्ड तालिमको पाठ्यक्रमहरू विकास गर्छ। प्रदेश शिक्षा तालिम केन्द्रहरूले शिक्षकको क्षमता विकासका तालिम सञ्चालन गर्छन्।

### ४.२.२ वर्तमान अवस्था

यस पालिकामा स्वीकृत दरबन्दी, राहत अनुदान, शिक्षण सहयोग अनुदानमा २१७ जना शिक्षकहरु कार्यरत रहेका छन् । आधारभूत कक्षा १-५ मा १२८ जना,कक्षा ६-८ मा ३५ जना र माध्यमिक तह कक्षा ९-१० मा २६ जना तथा कक्षा ११-१२ मा ६ शिक्षक दरबन्दी रहेको छ । आधारभूत तहमा शिक्षा विद्यार्थी अनुपात १:१५ रहेको छ भने माध्यमिक तह र आधारभूत तहको कक्षा ६-८ मा आवश्यक न्यूनतम शिक्षक दरबन्दी पुग्न सकेको छैन ।कार्यरत शिक्षकमध्ये ८८.८३ प्रतिशत शिक्षकहरु तालिम प्राप्त छन् ।

| क्र.सं. | दरबन्दी | | | | राहत अनुदान | सङ्घीय अनुदान | पालिका अनुदान | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | तह | स्थायी | अस्थायी करार | जम्मा | | | | |
| १ | बाल विकास केन्द्र | ० | २० | २२ | ० | ० | २ | २२ |
| २ | आधारभूत कक्षा (१-५) | ९६ | २५ | १२१ | ५ | ० | २ | १२८ |
| ३ | आधारभूत कक्षा (६-८) | १५ | ८ | २३ | १२ | ० | ० | ३५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | माध्यमिक कक्षा (९-१०) | १० | २ | १२ | ६ | ८ | ० | २६ |
| ५ | माध्यमिक कक्षा(११-१२) | ० | ० | ० | ४ | ० | २ | ६ |
| | जम्मा | १२१ | ५७ | १७८ | २७ | ८ | ६ | २१७ |

स्रोत : EMIS २०८१

सङ्घीय संरचना कार्यान्वयनमा आएपछि विगतमा कार्यथलो वा कक्षाकोठामा शिक्षकहरूलाई पेसागत सहयोग उपलब्ध गराउन स्थापना गरिएका स्रोतकेन्द्रहरू खारेज गरिए। यी स्रोतकेन्द्रहरूको विकल्पको रूपमा शिक्षकहरूलाई पेसागत सहयोग गर्न र कार्यरत शिक्षकहरूको अनुभव साटासाट गर्न स्थानीय तह जिम्मेवार रहेको छ । यसका लागि एक गतिशील शिक्षक पेसागत सहयोग प्रणालीको स्थापना गरी शिक्षक पेसागत सहायताको पद्दति कार्यान्वयनमा ल्याउनु आवश्यक छ। विद्यालय शिक्षा क्षेत्र योजनाले स्थानीय तहमा शिक्षकहरूलाई पेसागत सहयोग गर्न शिक्षकहरूको रोष्टर तयार गरी परिचालन गर्ने कार्यक्रम रहेको छ । शिक्षकको पेशागत सहायता सम्बन्धमा मार्गदर्शनहरु तय भएका छन् । गुणस्तरीय शिक्षाको निर्धारणमा प्रधानाध्यापकको सक्षम नेतृत्व पहिचान गरिएको सन्दर्भमा विद्यालय क्षेत्र शिक्षा योजनामा शिक्षकहरूलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउन प्रधानाध्यापकलाई अझै जिम्मेवार बनाउने लक्ष्य राखेको छ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्रद्वारा सञ्चालन गरिने विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणले नेपाली र गणित विषयमा विद्यार्थीहरूको उपलब्धि सन्तोषजनक नभएको देखाएको छ भने यस पालिकाको शैक्षिक उपलब्धि पनि धेरै उत्साहजनक रहेको छैन ।

शिक्षकको नियमितता तथा कक्षाकोठामा बिताउने समय वृद्धि गर्न सकिएको छैन । शिक्षक व्यवस्थापन तथा विकासको चुनौतीपूर्ण कुरा भनेको शिक्षणलाई आकर्षक पेसाका रूपमा विकास गर्न नसक्नु हो। हाल प्रतिभावान व्यक्तिहरूलाई यस पेसामा आकर्षित गर्न तथा टिकाउन सकिएको छैन। विश्वविद्यालयका अधिकांश शिक्षक तयारीका कार्यक्रमहरू पर्याप्त विषयवस्तु तथा शिक्षण सिपयुक्त जनशक्ति उत्पादन गर्न नसक्दा क्षमतावान् शिक्षकहरूको आपूर्ति गर्न सकिएको छैन। विद्यमान सेवाकालीन तालिम तथा पेसागत विकासका कार्यक्रमले पनि शिक्षकहरूमा ज्ञान तथा सिप पूर्ण रूपमा सिकाउन सकेको छैन। सङ्घीयता कार्यान्वयनपश्चात् स्थानीय शिक्षक पेसागत सहयोग प्रणालीको पनि अभाव देखिएको छ। शिक्षा तालिम केन्द्रहरूको सङ्ख्यामा भएको कटौती तथा पर्याप्त क्षमता नहुनुले पनि चुनौती थपेको छ। शिक्षक पदस्थापनामा रहेको भिन्नता तथा विद्यार्थीको सिकाइ र शिक्षकको कार्यसम्पादन तथा वृत्ति विकासबिच सम्बन्ध कायम गर्न नसक्नुका कारण शिक्षकको उत्प्रेरणा, वृत्ति विकास तथा उत्तरदायित्वमा चुनौती छ।

### ४.२.३ अवसर र चुनौतिहरुः

१) शिक्षण पेसामा उच्च शैक्षिक उपलव्धि भएका जनशक्तिलाई आकर्षण गर्नु ।
२) शिक्षण पेशालाई सबैको रोजाइको पेशाका रूपमा विकास गर्नु ।
३) शिक्षक पेशागत सहयोगको सुदृढ प्रणाली स्थापित गर्नु ।
४) विषयगत आधारमा आवश्यक शिक्षक दरबन्दी सुनिश्चित गर्नु ।
५) शिक्षकको पेशागत विकासको अवसर र विस्तार गर्न ।
६) तहगत रुपमा परीक्षा सञ्चालन गरी अग्रिम रुपमा स्वयम्सेवक सूची प्रकाशन गर्नु ।
७) सक्षम शिक्षक आपुर्तिका लागि शिक्षा विषय अध्यापन गर्ने संस्थाहरुमा विद्यार्थी भर्ना र शिक्षण सिकाइ तथा मुल्यांकन प्रक्रिया सुधार गरी व्यवस्थित गराउनु ।
८) पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धी हासिल गर्नु गराउनु, शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउनु तथा शिक्षण क्रियाकलापमा विविधता ल्याउनु ।
९) विद्यार्थीको सिकाइ उपलब्धीलाई शिक्षकको कार्य सम्पादन मुल्यान्कनसंग आबद्धगर्ने कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नु ।

### ४.२.४ उद्देश्यहरू

१) उपयुक्त समीक्षा तथा चुनौतीहरूका आधारमा शिक्षाक्षेत्र योजनामा शिक्षक व्यवस्थापन र विकासका देहायबमोजिमका उद्देश्य निर्धारण गरीएका छन् ।
२) सक्षम जनशक्तिलाई शिक्षक पेसामा आकर्षित गर्ने ।
३) शिक्षकको छनौट, नियुक्ति र पुनर्वितरणलाई सुदृढ बनाउन सहयोग पुऱ्याउनु ।
४) शिक्षक विकास तथा निरन्तर पेशागत सहायता प्रणाली स्थापना गर्नु ।
५) सबै तहमा योग्य, दक्ष तथा क्षमतावान शिक्षकहरूको प्रबन्ध गर्नु ।
६) सबै तहमा शिक्षकहरुको योग्यता पुनरावलोकन गरी विषयवस्तुमा निपुण शिक्षकको सुनिश्चितता गर्नु ।

### ४.२.५ रणनीतिहरू

१. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा व्यवस्थापन गर्ने
२. रिक्त दरबन्दीमा स्थानीय तहद्वारा शिक्षकको व्यवस्थापन गर्ने
३. शिक्षकको निरन्तर पेसागत विकासका लागि सङ्घ तथा प्रदेशसँगको समन्वयमा शिक्षण सिप विकास लगायतका विषयमा सेवाकालीन तालिम सञ्चालन गर्ने

४. शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउने । यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ तथा मेन्टोरिङ पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने
५. शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने
६. शिक्षक तथा प्रधानाध्यापकको बृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने ।

## ४.२.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**(क) उपलब्धि**

१) सबै विद्यालयमा पर्याप्त सङ्ख्यामा योग्य, तालिम प्राप्त, सक्षम, उत्साहित तथा पेसाप्रति प्रतिबद्ध तथा कार्यसम्पादनप्रति जिम्मेवार शिक्षकको व्यवस्था भएको हुने।
२) दरबन्दी मिलान सम्पन्न भई विषयगत र कक्षागत रूपमा शिक्षकको व्यवस्थापन भएको हुने छ ।
३) शिक्षकहरूलाई निरन्तर पेसागत विकासका अवसर प्राप्त भएको हुने छ ।

**(ख) प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक | आधार वर्ष (२०८०/८१) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सङ्ख्या | १० | १० | १५ | १८ | २० | २२ |
| २ | आधारभूत तहमा कार्यरत शिक्षक तालिम प्राप्त शिक्षक सङ्ख्या | १६७ | १७१ | १७५ | १७९ | १८४ | १८८ |
| ३ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत | १५ | १७ | १९ | २१ | २३ | २५ |

| क्रसं | सूचक | आधार वर्ष (२०८०/८१) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| | तालिम प्राप्त शिक्षक सङ्ख्या | | | | | | |
| ४ | सूचना तथा प्रविधि सम्बन्धी न्यूनतम सक्षमता भएका शिक्षक सङ्ख्या | ४० | ८० | १२० | १६० | २०० | २४० |
| ५ | शिक्षक पेसागत सहयोग प्रणाली लागु भएका विद्यालय | ० | १० | १८ | २६ | ३२ | ३६ |

## (ग) प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | तहगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान र पुनर्वितरण। | पटक | १ | | १ | | १ | ३ | ३ | |
| २ | स्थानीय तहमा शिक्षक पेसागत सहयोग सञ्जाल गठन तथा तिनको कार्य प्रक्रिया निर्धारण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ३ | शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा बिताउने समय वृद्धि | निरन्तर | | | | | | | | |
| ४ | विद्यालयमा आधारित शिक्षक पेसागत सहयोग | | | | | | | | | |
| ५ | सूचना तथा सञ्चार प्रविधिमा आधारित सिकाइका लागि अनलाइन/अफलाइन शिक्षक तालिम, | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| | सहयोग तथा पृष्ठपोषणको विकास सञ्चालन। | | | | | | | | | |
| ६ | प्रारम्भिक बालविकासमा कार्यरत शिक्षकका लागि १५ दिने तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ७ | एकीकृत पाठ्यक्रम कार्यान्वयन सम्बन्धी तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ८ | असल अभ्यासको अवलोकन भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ९ | शिक्षकहरुको विषयगत समूह गठन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १० | परीक्षा नतीजा विष्लेषण | पटक | निरन्तर | | | | | | | |
| ११ | इन्टरनेट सेवाको व्यवस्था | विद्यालय | सबै | | | | | | | |

## ४.३ शैक्षिक समता र समावेशीकरण

### ४.३.१ परिचय

नेपाल सामाजिक-सांस्कृतिक रूपमा विविधता भएको मुलुक हो। यहाँ विभिन्न भाषिक , सांस्कृतिक तथा जातीय समुदायहरूको बसोबास छ। नेपाली समाजको यो विविधतालाई एकातिर पहिचान तथा सामर्थ्यका रूपमा लिने गरिन्छ भने अर्कोतिर ऐतिहासिक रूपमा यही भिन्नताका कारणले सामाजिक, आर्थिक तथा राजनीतिक रूपमा विभेद र वञ्चितीकरण परेका समुदायहरू पनि रहेका छन्। उदाहरणका लागि दलित तथा सीमान्तकृत समुदाय ,नेपाली बाहेकका मातृभाषी समुदाय, अल्पसङ् ख्यक सांस्कृतिक समुदायहरू ऐतिहासिक रूपमा वञ्चितीकरणमा पर्न गई अहिलेसम्म पनि यसको असर कुनै न कुनै रूपमा शिक्षाको पहुँच, सहभागिता र उपलब्धिमा देखिने गरेको छ। त्यसैगरी भौगोलिक तथा क्षेत्रगत ,आर्थिक तथा लैङ्गिक भिन्नताको प्रभाव पनि शैक्षिक पहुँच ,सहभागिता र नतिजामा परेको देखिन्छ। विभिन्न किसिका अपाङ्   गता भएका बालबालिकाहरू तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरूको शिक्षामा पहुँच र सहभागिता तुलनात्मक रूपमा कमजोर छ।

सबै बालबालिकाका लागि विभेद रहित वातावरणमा क्षेत्रिय, धार्मिक, भाषिक, जातिय, लैङ्गिक, अपाङ्गता भएका, आर्थिक रुपमा विपन्न लगायतका भिन्नतालाई सम्मान गर्दै आफ्नो समुदायमा शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्ने शैक्षिक प्रक्रियालाई समावेशी शिक्षा भनिन्छ । बालबालिकाका सिकाइ आवश्यकता र क्षमता फरकफरक हुनु प्राकृतिक यथार्थ हो । फरकपनलाई स्वभाविक रुपमा स्वीकार गर्नु सबैका लागि अनुकुल हुने सिकाइ पद्दति विकास गर्नु र सबै बालबालिकालाई सम्मान पूर्वक सिकाइको व्यवस्थापन गर्नु समावेशी शिक्षाको अनिवार्य आवश्यकता हो । समावेशी शिक्षामा बालबालिकालाई उनीहरुको आवश्यकता र चाहना अनुसारको गुणस्तरीय शिक्षा प्रदान गरी सहजतापूर्वक जीवनयापन गर्ने अवस्थाको सिर्जना गर्ने ध्येय राखिएको हुन्छ । शिक्षाको माध्यमबाट उनीहरुलाई राज्यको मुल प्रवाहमा समाहित गर्ने प्रयत्न गरिन्छ । बालबालिकालाई उनीहरुको क्षमता र चाहना अनुसारको शिक्षा प्रदान गर्ने प्रयास हुन्छ । सिकाइलाई सार्थक बनाउन समय सापेक्ष शिक्षण विधि र शैक्षणिक सामग्री प्रयोग गरिन्छ । उनीहरुलाई आत्मनिर्भर, स्वाबलम्बी, विवेकशील बनाउनु र देश तथा समाज प्रति अपन्त्व महसुस गराउनु समावेशी शिक्षाको उद्देश्य हो । यसले सबै बालबालिकाहरु सिक्न सक्छन् भन्ने मान्यतालाई आत्मसाथ गर्दछ ।

विद्यालयमा भर्ना भएका बालबालिकाहरूलाई भयरहित र सुरक्षित वातावरणमा स्वागत गर्दै विद्यालयको सामाजिक तथा शैक्षिक प्रक्रियामा सुरक्षित भावनाका साथ सहभागी बन्ने अवसर सिर्जना गर्नु आवश्यक हुन्छ। विभेदका कारक तत्त्व (लिङ्ग, जाति, स्थान, क्षमता, सामाजिक, आर्थिक अवस्था आदि) लाई सम्बोधन गरी प्रमाणमा आधारित तथा सन्दर्भअनुसारको अनुकूलित विधि अपनाई बालबालिकाहरूले पहुँच, सहभागिता तथा सिकाइमा भोग्नुपरेका बाधा हटाउनुपर्छ। एकीकृत समता रणनीति २०१४ ले शैक्षिक उपलब्धिमा हुने विभेद हटाउन स्थानीय तहमा विद्यमान असमानता र यसको तीव्रताको मापन गर्नका लागि समता सूचकाङ्कसहित अवधारणात्मक कार्यढाँचा प्रदान गरेको छ ।

विविधताको सम्मान र समता तथा समावेशिता अभिवृद्धि गरी शिक्षामा सबैको सहज पहुँच, सहभागिता तथा सिकाइका लागि नेपालको विद्यालय शिक्षा पद्धतिमा हाल सम्मका कार्य तथा प्रगतिको सङ्क्षिप्त समीक्षा गरिएको छ। यसमा जातीगत तथा भाषिक, लैङ्गिक, अपाङ्गता, विपन्नता, भौगोलिक, सङ्कटापन परिस्थितिमा रहेका तथा अन्य कारणले शिक्षामा पछि परेका बालबालिका तथा समुदायलाई समेटिएको छ।

## ४.३.२ वर्तमान अवस्था

यस पालिकामा अध्ययनरत विद्यार्थी मध्ये दलित विद्यार्थीको भर्नादर २५.०१ प्रतिशत, जनजाति विद्यार्थीको भर्नादर ६८.४९ प्रतिशत, अन्य ६.५ प्रतिशत र अपाङ्गता भएका विद्यार्थीको संख्या ३६ रहेको छ । कूल विद्यार्थीमध्ये छात्राको भर्नादर ४८.९२ प्रतिशत र छात्रको ५१.०८ प्रतिशत रहेको छ । विभिन्न प्रकारका छात्रवृत्ति तथा विद्यार्थी प्रोत्साहनमूलक कार्यक्रम जस्तै दिवा

खाजा, निःशुल्क शिक्षाको प्रावधान कार्यान्वयन गरिएको छ ।

सामाजिक सचेतनासँगै विद्यालय सङ्ख्यामा भएको विस्तार ,माध्यमिक तहसम्म निःशुल्क शिक्षा तथा निःशुल्क पाठ्यपुस्तकको प्रबन्ध प्रारम्भिक प्रारम्‍भिक बाल शिक्षा तथा विकासदेखि कक्षा ५ सम्म विद्यालय खाजा कार्यक्रम विस्तार जस्ता विभिन्न लक्षित कार्यक्रमहरूका कारण भर्नादरमा यो उत्साहजनक प्रगति सम्भव भएको हो।

नेपालको संविधानले नेपाललाई समावेशी बनाउने दृष्टिकोणलाई मार्गनिर्देश गरेको छ। संविधानले आधारभूत तहको शिक्षालाई नागरिकको मौलिक हकका रूपमा लिँदै आधारभूत तहको शिक्षा अनिवार्य र निस्शुल्क हुने सबै भाषिक समुदायलाई आफ्नो मातृभाषामा शिक्षा पाउने हक हुने व्यवस्था गरेको छ। राष्ट्रिय शिक्षा नीति, २०७६ ले पनि शिक्षामा समता र समावेशिता अभिवृद्धिका लागि विभिन्न नीतिहरू तय गरेको छ। अनिवार्य तथा निस्शुल्क शिक्षा ऐन २०७५, अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ र अनिवार्य तथा निस्शुल्क शिक्षा नियमावली, २०७७ ले अपाङ्गता भएका व्यक्ति तथा आर्थिक सामाजिक रूपले पछाडि परेका समुदायलाई छात्रवृत्ति तथा नेपाल सरकारले निर्धारण गरेबमोजिम शैक्षिक संस्थाद्वारा निःशुल्क रूपमा विद्यालय शिक्षा, उच्च शिक्षा र प्राविधिक तथा व्यावसायिक शिक्षा उपलब्ध गराउने प्रावधान राखेको छ।

आर्थिक रूपले विपन्न तथा दुर्गम हिमाली क्षेत्रमा आवासीय विद्यालय सञ्चालन तथा घुम्ती विद्यालयसमेत सञ्चालनमा ल्याइएको छ । पहुँचमा वृद्धि भएतापनि विभिन्न सामाजिक समूह तथा क्षेत्रमा अझै पनि असमानता घटाउने कार्य चुनौतिपूर्ण रहेको छ।

## ४.३.३ उद्देश्य

१. लक्षित समूहका बालबालिकाको शिक्षामा समावेशी रूपमा समतामूलक पहुँच सुनिश्चित गर्नु
२. लक्षित समूहका बालबालिकाको सिकाइ सहभागिता वृद्धि तथा सिकाइ उपलब्धि सुधार गर्नु
३. विद्यालयमा कुनै पनि प्रकारको विभेद तथा दुर्व्यवहार नहुने सुनिश्चितता गरी बालबालिकाको नियमित उपस्थिति, सहभागिता र सिकाइ सहज हुने वातावरण सिर्जना गर्नु

## ४.३.४ रणनीति

१. विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक तथा शैक्षिक अवस्था पूरा गरी अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री बनाउने । यसका लागि बालमैत्री विद्यालय प्रारूप (CFSF) तथा निर्धारित सिकाइका लागि आवश्यक पूर्वाधार पूरा गर्ने
२. अपाङ्गताको प्रारम्भिक लेखाजोखा (Disability Screening) गर्दै अपाङ्गताका किसिम तथा स्वरूप पहिचान गरी विशेष कार्यक्रमको माध्यमबाट उपयुक्त समावेशी शिक्षाको व्यवस्थाका साथै आवश्यकतानुसार विशेष विद्यालयको प्रबन्ध गर्ने

३. छात्रवृत्तिका लागि विपन्न लक्षित गरी आर्थिक रूपले विपन्न, सुविधाविहीन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिका सहभागी हुने व्यवस्था गर्ने ।

४. कार्यविधि तयार गरी आवश्यकताअनुसार थप विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न सक्ने व्यवस्था गर्ने ।

५. विद्यालयमा सरसफाई तथा स्वच्छतासम्बन्धी सेवा तथा शिक्षाको प्रबन्ध तथा किशोरीलक्षित महिनावारी स्वच्छतासम्बन्धी सेवा तथा शिक्षा प्रदान गर्ने

६. आाधारभूत तहमा मातृभाषास्थानीय भाषा वा बहुभाषा प्रयोग गरी सि ,काइको अवसर प्रदान गर्न प्राथमिकता दिने

७. पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, भूगोल, वातावरण ,इतिहास तथा नागरिक ज्ञान तथा सिपका साथै बृहत यौनिकता शिक्षा तथा प्रजनन स्वास्थ्यसम्बन्धी विषयवस्तु समावेश गरी सिकाइलाई जीवनोपयोगी सिपसँग आबद्ध गर्ने

८. सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकता सम्बोधन गर्ने गरी विविधता कायम तथा विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, बहिष्करण र हेपाइ नहुने सुनिश्चिततासहित बालमैत्री वातावरण सिर्जना गर्ने

## ४.३.५ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप र लक्ष्य

### (क) उपलब्धि

लैङ्गिकता ,सामाजिक-आर्थिक अवस्था ,अपाङ्गता ,जातीय ,प्रादेशिक, क्षेत्रीय ,भाषिक पृष्ठभूमि आदिका आधारमा विद्यार्थी भर्ना ,कक्षा सहभागिता तथा सिकाइ उपलब्धिजस्ता शैक्षिक सूचकमा हुने विद्यमान असमानताहरू घटेको हुने।

### (ख) प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

| | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तहमा विद्यालय बाहिर रहेका बालबालिकाको % | २.० | २.० | १.५ | १.० | ० | ० |
| २ | आधारभूत तहमा लैङ्गिक समता सूचक | ०.९४ | ०.९५ | ०.९६ | ०.९८ | ०.९९ | १.० |
| ३ | माध्यमिक तहमा लैङ्गिक समता सूचक | १.०१ | १.० | १.० | १.० | १.० | १.० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | अपाङ्गता भएका विद्यार्थीको संख्या | ३६ | ३२ | | | | |
| ५ | विशेष विद्यालय/स्रोत कक्षा संख्या | ० | ० | १ | १ | १ | १ |
| ६ | लैङ्गिक फोकल शिक्षक र गुनासो सुन्ने अधिकारीको व्यवस्था र अभिमुखिकरण | ० | १ | १ | १ | १ | १ |

## (ग) प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | बालबालिकाको अपाङ्गताको लेखाजोखा गरी सो का आधारमा वर्गीकरण र अभिलेखीकरण गरी उपयुक्त शिक्षाको प्रबन्ध | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाई नहुने सुनिश्चित गर्न संयन्त्र स्थापना | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | लैङ्गिक सञ्जाललाई स्थानीय तहहरूमा विस्तार गरी बालविवाह, लैङ्गिक हिंसा, हानिकारक लैङ्गिक अभ्यास तथा सकारात्मक पुरुषत्वका विषयमा सचेतनामूलक कार्यक्रम सञ्चालनमा परिचालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | पाठ्यक्रम तथा सिकाइ सामग्रीलाई अपाङ्गमैत्री तथा लैङ्गिक उत्तरदायी | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | शिक्षा मातृभाषा/ बहुभाषामा पाउने व्यवस्था गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | मातृभाषाका पाठ्यपुस्तक विकास तथा निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | दुर्गम क्षेत्रका तथा अन्य लक्षित समूहका लागि | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | १० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | आवासीय सुविधाको व्यवस्था । | | | | | | | | | |
| ८ | समावेशी तथा समतामूलक शिक्षा तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ परिचय

बालबालिकाको विकास तथा सिकाइसँग उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्थाको प्रत्यक्ष सम्बन्ध हुन्छ । स्वास्थ्य तथा पोषणको राम्रो अवस्थाले बालवालिकालाइ सिकाइ सहभागिता बढाइ उपलब्धि सुधार गर्न प्रोत्साहित गर्छ। सरसफाइ तथा स्वच्छता सम्बन्धी अभ्यासका अतिरिक्त महिनावारी सम्बन्धि सरसफाइ तथा स्वच्छता सम्बन्धि सहयोग तथा शिक्षा पनि उत्तिकै अवश्यकता छ । विद्यालयमा अधारित स्वास्थ्य तथा पोषण सम्बन्धी यस्ता कार्यक्रमहरूले विद्यार्थीको भर्ना तथा टिकाउदर बढाउन र अनुपस्थित हुने तथा बीचैमा विद्यालय छोड्ने दर घटाउन योगदान गरी सिकाइ उपलब्धि सुधार गर्न सहयोग गर्दछ। नेपालमा सन् १९७४ देखि छानिएका जिल्लाका प्राथमिक विद्यालयमा विश्व खाद्य कार्यक्रमको खाद्यान्न अनुदानमा अधारित दिवा खाजा प्रारम्भ भएकोमा अर्थिक वर्ष २०७७/०७८ देखि सामुदायिक विद्यालयहरूमा पुर्व प्राथमिक देखि कक्षा ५ सम्मका सवै विद्यार्थीलाइ प्रति विद्यार्थी रू १५ बरावरको खाजा खुवाउन थालिएको छ।

यस घिरिङ गाँउपालिका का पुर्व प्राथमिक देखि कक्षा ५ सम्मका करिव बालवालिकाहरूलाइ एक शैक्षिक सत्रमा बढीमा १८० दिनका लागि दैनिक रू १५ का दरले निकासा भएर कार्यक्रम कार्यान्वयन निर्देशिका र सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा व्यवस्थापन कार्यविधि २०७६ बमोजिम दिवा खाजा व्यवस्थापनको पाटो अगाडी बढाइएको अवस्था छ। गाँउपालिकाको सवै माध्यमिक र केही अधारभुत विद्यालयहरूमा छात्र र छात्राका लागि अलग अलग शैचालय निर्माण गरिएको र निर्माण गर्ने प्रक्रियामा छन। प्राथमिक विद्यालयको हकमा नगन्य रूपमा छात्रा शुलभ शैचालय रहेको अवस्था छ। कक्षा ६ देखि १२ सम्म अध्ययनरत छात्राकका लागि महिनावारी स्वच्छता व्यवस्थापनका लागी गत २०७६ सालदेखि सुरू गरीएको नि शुल्क सेनेटरी प्याड वितरण कार्यक्रम प्रभावकारी बनाउनका लागी सेनेटरी प्याड डिस्पेन्जर मेसिन समेत वितरण गरिएको छ। कक्षा ६-१० का बालिकाहरूका लागी अइरन चक्की समेत प्रदान गरिदै यसलाइ प्रभावकारी वनाउने प्रयास गरिएको छ।

## ४.४.२ वर्तमान अवस्था

सामुदायिक विद्यालयको प्रारम्भिक कक्षादेखि कक्षा ५ सम्मका विद्यार्थीका लागि संघीय सरकारको सशर्त अनुदानबाट दिवाखाजाका लागि बजेट प्राप्त हुँदै आएको छ । स्थानीय उत्पादनलाई प्रोत्साहन हुने गरी खाद्य सामग्रीको व्यवस्थाका लागि हाल स्थानीय तहले सशर्त अनुदानबाट आएको बजेटमा थप ।। रुपैया उपलब्ध गराउदै आएको छ ।

विद्यार्थीको स्वास्थ्य तथा सरसफाईका लागि सबै विद्यालयमा स्वच्छ पिउने पानी, शौचालय तथा स्वच्छताका कार्यक्रम सञ्चालनमा ल्याइएको छ ।

सरकारले प्रारम्भिक बालविकास तथा शिक्षादेखि कक्षा ५ सम्मका सार्वजनिक विद्यालयमा अध्यनरत सबै विद्यार्थीका लागि दिवा खाजाको प्रबन्धका लागि बजेट छुट्याएर महत्त्वपूर्ण उपलब्धि हासिल गरेको भए तापनि नीति तथा कानुनी व्यवस्था, वित्तीय पर्याप्तता तथा दिगोपन, कार्यक्रमका लागि उपयुक्त सङ्गठनात्मक व्यवस्था, उपयुक्त कार्यक्रम विकास र कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका क्षेत्रमा विभिन्न चुनौती देखिएका छन्। अझै पनि सबै विद्यालयमा स्वच्छ पिउने पानी तथा सरसफाईयुक्त शौचालयको व्यवस्था हुन सकेको छैन ।

**चुनौति र अवसरहरूः**

सवै आधारभूत तथा माध्यमिक विद्यालयमा अनमी र स्टाफ नर्सको व्यवस्था गर्ने, दिवा खाजा स्वास्थ्य र सरसफाइ तथा स्वच्छताका कार्यक्रमहरूका लागी पर्याप्त तथा दिगो वित्तिय प्रवन्ध सुनिश्चित गर्ने, उपयुक्त स्वरूप निर्धारण गरी पैष्टिक तथा स्वस्थकर विद्यालय खाजा सुनिश्चित गर्ने, दिवा खाजाका लागी खाना टोकरी तथा मेनु विकास लगायत पोषण तथा स्वास्थ्यको अधारभुत गुणस्तरका लागी विद्यालयको प्राविधिक क्षमता विकास गर्ने, विद्यालय खाजा कार्यक्रमलाइ स्थानीय कृषि तथा व्यपारसँग जोड्ने विद्यालय खाजालाइ सवै कक्षाका विद्यार्थीले प्राप्त गर्ने गरी कानुनी प्रवन्ध गर्ने विद्यालय खाजा, विद्यालय स्वास्थ्य, पोषण तथा सरसफाइ तथा स्वच्छता सम्बन्धी कार्यलाइ एकीकृत गर्ने तथा सवै विद्यालयमा Wash सुविधा सहितको शुलभ शैचालय निर्माण एवम् सञ्चालन गर्ने विषय चुनैतीपुर्ण रहेको छ ।

नेपालको पन्ध्र योजनाले दिवा खाजा कार्यक्रमलाई रणनितिक दस्तावेजमा राखी बालवालिकाहरूको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार ल्याइ उनीहरूलाई विद्यालयमा टिकाउने जस्ता शैक्षिक उपलब्धिहरू हाँसिल गर्न दिवा खाजा सहितको स्वास्थ्य र पोषण कार्यक्रमलाइ अन्तरसम्बन्धित अवधारणाको रूपमा अघि सार्नु सोही योजनाले एक विद्यालय एक स्वास्थ्य कार्यकर्ताको व्यवस्था गर्नु, विद्यालयहरूमा खानेपानी, सरसफाइ तथा स्वच्छता सम्वन्धी कार्यविधि २०७४ ले उल्लेख गरेअनुसार सवै विद्यालयहरूमा हुनुपर्ने खानेपानी, सरसफाइ तथा स्वच्छता सुविधाहरूमा स्वच्छ पिउने पानी सहित पर्याप्त पानी विद्यार्थी संख्या अनुसार अलगअलग सफा र

सुरक्षित स्थानमा बाल, लैङ्गिक, अपाङ्गता र वातावरणमैत्री शैचालय वातावरणीय सरसफाइ, हरियाली वातावरण र स्वच्छता सुविधा, विद्यालयमा महिनावारी स्वच्छता व्यवस्थापन सपफा र स्वच्छ खाद्यपदार्थसहितको भान्छा/खाजाघर, विपद जोखिम व्यवस्थापन, सरसफाइ तथा स्वच्छता प्रवर्धन र दिगोपनका लागी संस्थागत व्यवस्थाहरू गरिदै गएका छन्। बालवालिकाहरूको विद्यालयमा पहुँच भर्नादर तथा लैङ्गिक समानता सुचक जस्ता संख्यात्मक शैक्षिक उपलब्धिहरूमा सुधार गरी विद्यार्थीहरूको टिकाउ दर बढाउन सकिने उल्लिखित कार्यकलापले अवसर समेत प्रदान गरेको छ।

### ४.४.३ उद्देश्य

१) विद्यालय खाजासँग सम्बन्धित सेवाहरू सुधार गरी प्रत्येक विद्यलयमा बालवालिकालाइ स्वस्थ्यकर तथा पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु।

२) विद्यालयमा बालवालिकाको स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छताका सेवामा सुधार गर्नु।

३) विद्यालयमा अध्ययन गर्ने बालवालिकाहरूको स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धि व्यवहारलाई प्रोत्साहन गर्नु र सिकाइ उपलब्धिमा सुधार गर्नु।

## ४.४.४ रणनीति

१) बालवालिकाहरूको लागी विद्यालयमा नै पोषिलो र ताजा खाजा तयार गर्नाका साथै खाजा, भान्छा तथा भण्डार भान्छामा प्रयोग हुने अवश्यक भाँडावर्तन र अन्य सामग्रीहरू तथा समुहमा हात धुने लगायतका सुविधा विस्तार गरिनेछ ।

२) दिवा खाजा कार्यक्रमलाइ क्रमशः विस्तार गर्दै अभिभावकको संलग्नतामा माध्यमिक तहसम्मका विद्यार्थीका लागि खाजाको प्रबन्ध गरिनेछ।

३) विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा पर्याप्त पानी, सावुन तथा सरसफाइ सामग्रीसहित आवश्यक संख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय तथा युरीनल, किशोरीहरूका लागि चेन्ज रूम, स्यानिटरी प्याड व्यवस्थापन, हात धुने ठाँउ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेरावारको व्यवस्था गरीनेछ ।

४) विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण, वालवालिकाहरूको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधी तथा शुक्ष्मपेषक तत्व प्रदायक ट्यावलेटहरू (भिटामिन ए र आइरन फोलिक एसिड अदि) को वितरण र किशोरीहरूको महिनावारी स्वच्छताको लागी स्थानीटरी प्याड वितरणलाइ स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाइनेछ ।

५) विद्यालयमा स्वास्थ्य खाद्य सुरक्षा, सफाइ तथा स्वच्छता, किशोरीहरूका लागी महिनावारी स्वच्छता र पोषणसम्बन्धि शिक्षा प्रदान गर्न स्वास्थ्य र कृषिक्षेत्रसँग समन्वय र सहयोगमा संयुक्त कार्य योजना निर्माण गरी कार्यान्वयन गरीनेछ।

६) दिवा खाजा लगायत स्वास्थ्य पोषण तथा सरसफाइ र स्वच्छतासम्बन्धी कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी प्रभावकारी बनाइनेछ।

## ४.४.५ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप र लक्ष्य

### (क) उपलब्धि

विद्यालयमा अध्ययन गर्ने सवै बालवालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार मनोसामाजिक कुशलतामा अभिवृद्दि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो सिकाइ वातावरणामा पुर्ण पहुँच तथा सहभागिता हुने।

### (ख) प्रमुख नतिजाहरुः

१) विद्यालय खाजालाइ विद्यार्थीको अधिकारको रूपमा स्थापित गर्न कानुनी प्रबन्ध हुने।

२) दिवाखाजा लगायत स्वास्थ्य तथा पोषण तीनै तह र अन्य क्षेत्र समेतको लागत साझेदारीमा व्यवस्थापन हुने गरी कानुनी मान्यता सहितको नियामक ढाँचा र कार्यान्वयनका लागी अवश्यक मापदण्ड र कार्यविधि तयार हुने।

३) प्रारम्भिक बालविकास तथा शिक्षादेखि अधारभुत तह कक्षा ८ सम्मका सामुदायिक विद्यालयका सवै बालवालिकाहरूले स्वास्थ्यकर पौष्टिक र स्थानीय उत्पादनमा अधारित दिवा खाजा स्थानीय तहमार्फत विद्यालयवाट प्राप्त हुने।

४) सामुदायिक माध्यमिक विद्यालय र संस्थागत विद्यालयका सवै कक्षाका विद्यार्थीहरूले अभिभावकको सहभागितामा दिवा खाजा वा खाना प्राप्त हुने।

५) विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा पर्याप्त पानी सावुन तथा सरसफाइ सामग्रीसहित आवश्यक संख्यामा छात्र र छात्राका लागि अलग अलग शैचालय तथा युरीनल किशोरीहरूका लागि चेन्ज रूम, प्रयोग भइसकेको सामग्री व्यवस्थापन, हात धुने ठाँउ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेरावारको व्यवस्था हुने।

६) विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण, वालवालिकाहरूको आवधिक स्वास्थ्य जाँच, जुकाको ओसधी तथा शुक्ष्मपेषक तत्व प्रदायक ट्यावलेटहरू (भिटामिन ए र आइरन फोलिक

एसिड अदि) को वितरण र किशोरीहरूको महिनावारी स्वच्छताको लागी स्थानीटरी प्याड वितरण हुने।

७) विद्यालयमा स्वास्थ्य खाद्य सुरक्षा सफाइ तथा स्वच्छता, किशोरीहरूका लागी महिनावारी स्वच्छता र पोषणरम्बन्धि शिक्षा प्राप्त हुने ।

## (ग) प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य १० वर्ष | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | दिवा खाजाका लागि भान्सा तथा भण्डार, भाँडावर्तन तथा आवश्यक सामग्रीको प्रबन्ध | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| २ | स्वस्थकर तथा पौष्टिक दिवा खाजाको प्रबन्ध | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ३ | दिवा खाजाका लागि चाहिने खाद्य सामग्री आपूर्तिमा भाग लिने स्थानीय कृषि सहकारी, किसान समूहलाई तालिम तथा सहयोग | स्थानीय तह | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ५ | कक्षा ६ देखि १२ सम्मका छात्राहरूलाई महिनावारी स्वच्छताका लागि स्यानिटरी प्याडको व्यवस्था | विद्यार्थी | सबै | सबै | सबै | सबै | सबै | | | |
| ६ | आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि र सूक्ष्मपोषक तत्त्व प्रदायक ट्याबलेटहरू (भिटामिन ए | विद्यार्थी | | सबै | सबै | सबै | सबै | | | |

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य १० वर्ष | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| | र आइरन, फोलिक एसिड आदि प्रदान) | | | | | | | | | |
| ७ | विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान तथा प्रतिस्थापन | विद्यालय | सबै | | | | ५ | १०० | | |
| ८ | आधारभूत तहको कक्षा ६,७ र ८ मा खाजा व्यवस्था | | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | | | १०० | | |
| ९ | वर्षको २ पटक बालबालिकाको स्वास्थ्य परिक्षण | विद्यार्थी | | सबै | सबै | सबै | सबै | १०० | | |

## ४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता

### ४.५.१ परिचय

नेपाल सरकारले युद्ध, द्वन्द्व, महामारी वा प्राकृतिक प्रकोपजस्ता आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थामा पनि बालबालिकाहरूको शिक्षा प्राप्त गर्ने हक सुरक्षित गर्ने प्रतिबद्धता व्यक्त गरेको छ। आपतकालीन अवस्थामा दिइने शिक्षाको मुख्य लक्ष्य विभिन्न कारणले उत्पन्न सङ्कटकालीन अवस्थामा बालबालिकालगायत परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित सङ्कटको व्यवस्थापन, सामाजिक द्वन्द्व तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रूपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो। भूकम्प, बाढीपहिरो, हावाहुरी, हिमपात, हिमपहिरो, आगलागी, चट्याङ, खडेरी, अति चिसो र तातो वातावरणमा सुरक्षा तथा सिकाइको निरन्तरता।

यस अवधारणा अन्तर्गत सम्भावित जोखिमको पूर्व तयारी, आपतकालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको प्रतिकार्य गर्ने र आपत्काल पश्चात् क्षतिको पुनर्लाभ गर्ने कार्यढाँचा समेटिने गरिन्छ।

### ४.५.२ वर्तमान अवस्था

राष्ट्रिय शिक्षा नीति, २०७६ ले विपद्को पूर्वतयारी, प्रतिकार्य, न्यूनीकरण र पुनर्लाभसम्बन्धी कार्यक्रमलाई विद्यालय सुधार कार्यक्रममा राख्ने कुरा उल्लेख गरेको छ। सुरक्षित सिकाइ वातावरणका लागि भौतिक तथा मानवीय प्रतिकार्यको व्यवस्थापन एवम् कार्यान्वयनका मापदण्ड तयार गर्ने, सरोकारवालाहरूलाई विपद् व्यवस्थापनसम्बन्धी सैद्धान्तिक एवम् व्यवहारिक ज्ञान दिई विद्यालयमा हुन सक्ने हेपाइ, हिंसा, असुरक्षा, भय, त्रास, गाली-बेइज्जती, विभेदलागयतका गैरसंरचनात्मक विपद् तथा जोखिमहरूको न्यूनीकरणका लागि विद्यार्थी, शिक्षक र समुदायका सदस्यहरूको सहकार्यमा कार्यक्रमहरू सञ्चालन गर्दै विद्यालयहरूलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री तथा सुरक्षित, हिंसारहित र भयरहित सिकाइ केन्द्रका रूपमा विकास गरिने उल्लेख गरिएको छ।

कोभिड-१९ का कारण विद्यालय शिक्षामा सिर्जना भएका चुनौतीहरूमा बालबालिकाको सिकाइ क्षतिलाई कम गर्ने, शिक्षकहरूको अभिप्रेरणा र प्रतिबद्धतालाई कायम राख्ने, विभिन्न समूहका लागि उपयुक्त वैकल्पिक सिकाइका माध्यमहरू प्रयोग गरी सिकाइलाई निरन्तरता दिने र सबै तहमा विभिन्न शैक्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक क्षमता विकास गर्ने प्रमुख रहेका छन् । कोभिड-१९ बाट भएको क्षतिलाई कम गर्न, क्षतिको आपूरण गर्न र शिक्षण सिकाइलाई निरन्तरता दिन शिक्षा क्षेत्रमा कोभिड-१९ को प्रभाव तथा यसबाट भएको सिकाइ क्षतिको लेखाजोखा गरी आपूरणको योजना निर्माण तथा कार्यान्वयन आवश्यक छ।

यस पालिकामा प्रमुखरूपमा बाढी पहिरो लगायतका विषयहरु बढी जोखिमपूर्ण रहेको छ।

यसमा देखिएका प्रमुख चुनौतिहरूमा आपत्कालीन अवस्थामा दिइने शिक्षालाई अन्तर सम्बन्धित विषयका रूपमा वा छुट्टै विधाका रूपमा सम्बोधन गर्ने यसका लागि ,छुट्टै योजना बनाउने वा योजनाको हरेक अवयवमा समावेश गर्ने यस योजनामा ,प्राकृतिक प्रकोप मात्र सीमित हुने वा महामारी तथा सामाजिक तथा राजनीतिक द्वन्द्वले सिर्जना गर्ने अवरोधको समेत सावधानी अपनाउने, योजनालाई अल्पकालीन बनाउने वा दीर्घकालीन बनाउने भन्ने विषय रहेका छन्। शिक्षा क्षेत्रमा कोभिड-१९ ले पारेको प्रभाव कम गर्न, क्षतिको आपूरण गर्न र सोका लागि योजनाको निर्माण गर्ने विषय चुनौती रहेको छ।

### ४.५.३ उद्देश्य

१. विपत् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्नु
२. सम्भावित विपत्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्नु ।
३. आपतकालीन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चित गर्नु

### ४.५.४ रणनीति

१. विपद्को समयमा शिक्षा निरन्तरता गर्न पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पुनर्स्थापनासम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधि तयार गर्ने
२. सम्भावित प्रकोप तथा विपत्सम्बन्धी पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी गराउने
३. कोभिड- १९ लगायतका महामारीबाट बच्न पूर्वसावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी गर्ने ।
४. महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपायहरूको तयारी गर्ने
५. शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपत् वा सङ्कटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गर्ने
६. विद्यालयस्तरीय प्रतिकार्य योजना तयार गर्ने
७. स्थानीय स्तरमा शिक्षा समूह (Education Cluster) निर्माण तथा परिचालन गर्ने
८. शैक्षिक सेवा निरन्तरताका लागि आवश्यक हुने यन्त्र उपकरण, खाद्यान्न, पोसाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने
९. विपत् व्यवस्थापनका लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गर्ने
१०. हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्ने

### ४.५.५ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप र लक्ष्य

**(क) उपलब्धि**

१. विपत् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास भएको हुने छ।
२. सम्भावित विपत्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुने छ ।
३. आपतकालिन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चित भएको हुने छ ।

**(ख) प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र सं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभूत जीवन-सिपसहित कोभिड जस्ता महामारी तथा विपत् जोखिम न्यूनीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने माध्यमिक विद्यालय सङ्ख्या | ० | १० | १५ | २५ | ३० | ३६ |
| २ | हरित विद्यालय सङ्ख्या | ५ | १० | १५ | २५ | ३० | ३६ |
| ३ | जलवायु परिवर्तन तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्ने विद्यालय सङ्ख्या | ० | १० | १५ | २५ | ३० | ३६ |

## (ग) प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | विपत् तथा प्रकोप व्यवस्थापन नीति पुनरवलोकन तथा निर्माण | पटक | ० | १ | १ | १ | १ | ४ | ४ | |
| २ | स्थानीय तह र विद्यालयको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ३ | विपत् पूर्वतयारी, प्रतिकार्य, | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| | पुनर्स्थापना तथा उत्थानशीलताका लागि सचेतना कार्यक्रम | | | | | | | | | |
| ४ | शिक्षक तथा वि.व्य.स. पदाधिकारीलाई तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ५ | विपत् प्रतिरोधी विद्यालय सङ्ख्या | सङ्ख्या | ० | १० | १५ | २५ | ३० | ३६ | ३६ | |
| ६ | विद्यालयको भौगोलिक अवस्था र परिस्थिति अनुसार वैकल्पिक सिकाइको व्यवस्थापन | अवाश्यकता अनुसार | | | | | | | | |
| ७ | विद्यार्थीका लागि स्वास्थ्य तथा मनोवैज्ञानिक परामर्श सेवा उपलब्धता। | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय

शिक्षण सिकाइको लागि सुरक्षित विद्यालय भवन र कक्षाकोठा सहित, खेलमैदान, शौचालय तथा सुरक्षित पानी तथा स्वच्छताको सुनिश्चितताको आवश्यकता पर्दछ। शिक्षा नियमावली, २०५९ ले एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी हुनका लागि प्रारम्भिक बाल शिक्षा तथा विकास र आधारभूत तहका प्रारम्भिक कक्षा (१-५) का लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्ग मिटर बराबरको क्षेत्रफलको मापदण्ड तोकेको छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवन लगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद् जोखिममुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयका साथै विपद् जोखिममा उत्थानशील बनाउने नीतिगत व्यवस्था गरिएको छ। राष्ट्रिय शिक्षा नीतिले आत्मसात् गरेका सबैका लागि सुरक्षित भौतिक पूर्वाधार विकास एवं विस्तारको नीति र हालसम्मको अभ्यास र सिकाइ अनुभवका आधारमा शिक्षा क्षेत्रको यस योजनामा भौतिक पूर्वाधार विकासको कार्यक्रम तर्जुमा गरिएको छ।

### ४.६.२ वर्तमान अवस्था

यस पालिकामा सञ्चालित ३६ विद्यालयहरुमध्ये ९ विद्यालयमा पर्याप्त भौतिक सुविधा पुगेका विद्यालय छन् । उक्त विद्यालयमा कक्षाकोठा, कार्यालय कक्ष, पुस्तकालय, प्रयोगशाला कक्ष लगायतका भौतिक सुधिवधा उपलब्ध छन् । अझैपनि २७ विद्यालयमा आवश्यकता अनुसार विद्यालय भवनरकक्षाकोठा पुगेको छैन । विगतमा बाढी तथा पहिरोबाट केही विद्यालय क्षति भएका छन् । सबै विद्यालयका भवन भूकम्प प्रतिरोधि प्रविधिमा निर्माण भएका छैनन् । आगामी ५ वर्षमा २७ विद्यालयमा ५४ कक्षाकोठा थप गर्नु पर्ने अवस्था रहेको छ ।

राष्ट्रिय शिक्षा नीति, २०७६ ले गरेको नीतिगत प्रावधान कार्यान्वयन गर्दा विद्यालयमा तहगत एवम् विद्यार्थी सङ्ख्याका आधारमा बन्नुपर्ने भौतिक पूर्वाधार (शिक्षण सिकाइ कक्ष, कार्यशाला/प्रयोगशाला, पुस्तकालय, अतिरिक्त क्रियाकलाप एवम् खेलकक्ष, विद्यालय सभा हल, मञ्च, बगैंचा, कम्प्युटर कक्ष, शिक्षक कक्ष, प्रधानाध्यापक कक्ष) को आवश्यकता पहिचान गरी पूर्वाधार निर्माणको लागि तहगत सरकारको जिम्मेवारी स्पष्ट पार्नु अर्को चुनौती रहेको छ।

भवन संहिता अनुरूप विद्यालय भवनहरू निर्माण हुने विषय अर्को चुनौतीको रूपमा रहेको छ। विद्यालयको निर्माण पूर्णताको अवधारणाअनुरूप हुन नसक्दा कतिपय विद्यालयहरूका कक्षाकोठा नै आंशिक मात्र बनेका छन् भने कतिपयमा प्रयोगशाला नबनेका, शौचालय नबनेका वा पर्याप्त

नबनेका, खानेपानी तथा सरसफाइका लागि संरचना नबनेका वा उपयुक्त नभएका, घेराबारा तथा खेल मैदान नबनेका, संरचनाहरू समावेशी तथा अपाङ्ता मैत्री नभएका देखिन्छन्।

## ४.६.३ उद्देश्य

१. विद्यालय शिक्षा पूर्वाधारका लागि आवश्यक मापदण्ड विकास तथा कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु।
२. सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधाहरू सुनिश्चित गर्न पूर्वाधार विकास, मर्मत सम्भार तथा सबलीकरण गर्नु।

## ४.६.४ रणनीति

१. भौतिक पूर्वाधार विकासका लागि सञ्चालित विद्यालयको तहविद्यार्थी सङ्ख्याको प्रक्षेपण , र भौगोलिक क्षेत्रको आधारमा मापदण्ड विकास गर्ने
२. एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकै पटक गर्ने गरी पूर्ण विद्यालय निर्माणको अवधारणा कार्यान्वयन गर्ने
३. विद्यालय पूर्वाधार विकासका लागि सङ्घ, प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरी सरोकारवालाको सहभागितामा कार्यान्वयन हुने प्रबन्ध गर्ने
४. विद्यालयलाई सुरक्षित बनाउन आवश्यकतानुसार सबलीकरण तथा पुनर्निर्माण एवम् मर्मत सम्भार गर्ने
५. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने
६. भौतिक निर्माणको स्रोत परिचालनमा तीन तहका सरकारबिच समन्वय कायम गरी एकद्वार प्रणालीको अपनाउने
७. विद्यालय भौतिक पूर्वाधार विकासमा स्थानीय समुदाय, सरकारी एवम् गैरसरकारी तथा समुदायमा आधारित सङ्घसंस्थाको परिचालन गरी साझेदारीमा निर्माण कार्य गर्ने

## ४.६.५ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप र लक्ष्य

### (क) उपलब्धि

१. सबै विद्यालयहरूमा बालमैत्री प्रकोप उत्थानशील तथा सुरक्षित वातावरणसहित ,अपाङ्गतामैत्री , भौतिक पूर्वाधार भएको हुने।

### (ख) प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र सं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | भूकम्प प्रतिरोधी विद्यालय | ९ | ९ | ९ | ९ | ९ | ९ |
| २ | नयाँ निर्माण भएका कक्षाकोठा सङ्ख्या | ४ | ४ | ४ | ४ | ४ | ४ |
| ३ | सबलीकरण भएका कक्षाकोठा सङ्ख्या | २० | २० | २० | २० | २० | २० |
| ४ | नयाँ निर्माण भएका शौचालय सङ्ख्या | १ | ४ | ४ | ४ | ४ | ४ |
| ५ | बाढी पहिरो लगायतका प्रकोप न्यूनीकरण का लागि कार्य भएका विद्यालय सङ्ख्या | ४ | ४ | १० | १० | १० | १० |

### (ग) प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | विद्यालय भवन निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| २ | विद्यालयको सबलीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ३ | विद्यालयमा बनेका संरचनाको सम्बर्धन तथा मर्मत सम्भार र फर्निचर व्यवस्थापन समेत | विद्यालय सङ्ख्या | ७ | ७ | ७ | ७ | ८ | ३६ | ३६ | |
| ४ | छात्रा र छात्रलाई अलग्गै शौचालय तथा पानी तथा सरसफाइको प्रबन्ध | विद्यालय सङ्ख्या | ९ | ९ | ७ | ७ | ८ | ३६ | ३६ | |
| ५ | प्रारम्भिक बालविकास का लागि पानी तथा सरसफाइका साथै अलग्गै शौचालय | विद्यालय | ९ | ४ | ३ | ३ | ३ | २२ | २२ | |

| क्र सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| ६ | अपाङ्ता मैत्री संरचना निर्माण | विद्यालय | ९ | ९ | ७ | ७ | ८ | ३६ | ३६ | |
| ७ | विद्यालय भौतिक निर्माणमा वातावरणीय र सामाजिक सुरक्षासम्बन्धी रुजुसूची भर्ने | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ परिचय

सूचना तथा सञ्चार प्रविधिको कुशल र प्रभावकारी प्रयोगले सिकाइ सुधार गर्न, सिकाइलाई सान्दर्भिक बनाउन, सिकाइप्रति विद्यार्थीलाई अभिप्रेरित गर्न र शैक्षिक व्यवस्थापनमा सुधार गरी सुशासन कायम गर्न सहयोग पुग्दछ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुऱ्याई यसको प्रयोगमा भएको विभेद (डिजिटल डिभाइड) कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइमा सुधार गर्ने, सबैका लागि शिक्षामा समतामूलक पहुँच पुऱ्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सहयोग पुऱ्याउँदछ (शिक्षा मन्त्रालय, २०१३)। शिक्षामा सूचना तथा सञ्चार प्रविधि गुरु योजना, २०१३ ले चार ओटा प्राथमिकताका क्षेत्रहरू (क) सूचना तथा सञ्चारका लागि संरचना (जडान, सामग्री, तथ्याङ्क, निर्माण) (ख) मानव संशाधनको विकास (ग) डिजिटल सामग्रीको विकास र (घ) शिक्षण विधि र व्यवस्थापनको सुधार, पहिचान गरेको छ । उक्त गुरु योजनाले यी चार ओटा क्षेत्रका रणनीति, क्रियाकलाप र लक्ष्यहरू निर्धारण गरेको छ ।यी क्षेत्रहरू

हालको परिस्थितिमा पनि उत्तिकै सान्दर्भिक रहेकाले वर्तमानको आवश्यकता अनुकूल रणनीति, क्रियाकलाप तथा लक्ष्यहरू अद्यावधिक तथा परिमार्जन गरी यस योजनामा समावेश गरिएको छ ।

कोभिड-१९ को महामारीले विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगको आवश्यकतालाई थप पुष्टि गरेको छ। सूचना तथा सञ्चार प्रविधिले विभिन्न प्रकारका विपद् तथा महामारीमा पनि शिक्षण सिकाइलाई निरन्तरता दिने कार्यमा महत्त्वपूर्ण सहयोग गर्न सक्दछ। सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी सिकाइ (अनलाईन र अफलाइनसमेत) लाई निरन्तरता दिने प्रयत्नहरू गरिए तापनि पर्याप्त क्षमता तथा संरचनाको अभावले सबैलाई समेट्न सकिएको छैन। यस्तो अवस्थामा सबैका लागि सहज पहुँच पुग्ने गरी शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास गर्नु आवश्यक भएको छ।

### ४.७.२ वर्तमान अवस्था

शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगसम्बन्धी कतिपय नीति तथा कार्यक्रमहरू सञ्चालन गरिएका छन्। विद्युत र कम्प्युटरमा पहुँच, इन्टरनेट जडान, डिजिटल सिकाइ सामग्रीको विकास तथा ती सामग्रीमा पहुँच, शिक्षकको क्षमता समेतका मानव संशाधनको विकास र शिक्षण सिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिसहित सूचना तथा सञ्चार प्रविधिको संरचनामा केही प्रगति भएको भए तापनि सुधारहरू आवश्यक छन्।

विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधारको विकासमा वर्षैपिच्छे सुधार हुँदै गएको र धेरैजसो माध्यमिक विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार भए तापनि यी सुविधाहरू पर्याप्त छैनन् र ज्यादै कम विद्यालयले मात्र शिक्षण सिकाइमा प्रयोग गर्ने गरेका छन्। कतिपय विद्यालयहरूले विभिन्न व्यक्ति तथा सङ्घसंस्थाबाट पनि यस्ता सूचना तथा सञ्चार प्रविधिसम्बन्धी उपकरण प्राप्त गर्ने गरेका छन्।

शैक्षिक तथ्याङ्क २०८० को प्रतिवेदन अनुसार यस पालिकामा सञ्चालित ३६ विद्यालय मध्ये ३२ विद्यालयमा विद्युत सुविधा पुगेको छ । ८ विद्यालयमा कम्प्युटर ल्याबको व्यवस्था रहेको छ भने १५ विद्यालयमा इन्टरनेट जडान गरिएको छ । इन्टरनेट जडान सहित कम्प्युटर ल्याव स्थापना भएका विद्यालयमा डिजिटल सिकाइ सामग्रीको व्यवस्था, कम्प्युटर सम्बन्धी ज्ञान भएका शिक्षकहरुको कमी तथा शिक्षण सिकाइमा प्रविधिको प्रयोगको अवस्था कमजोर रहेको छ । सबै शिक्षकहरुलाई कम्प्युटरसम्बन्धी ज्ञान, सीप प्रदान गर्नु, नियमित विद्युत आपूर्ति तथा कक्षाकोठामा प्रविधिको प्रयोगलाई प्रभावकारी बनाउने कार्य चुनौतीपूर्ण रहेको छ ।

### ४.७.३ उद्देश्य

यस योजनाले शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी कार्यक्रमका निम्नलिखित उद्देश्यहरू लिएको छ :

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँच पुऱ्याउनु
२. सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु

## ४.७.४ रणनीति

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गर्ने
२. सूचना तथा सञ्चार प्रविधिको प्रयोगको सम्बन्धमा सबै शिक्षकको क्षमता अभिवृद्धि गर्ने
३. विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग गर्ने
४. शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने
५. शैक्षिक स्रोत सामग्रीमा इन्टरनेटको सुविधामार्फत विद्यालय, शिक्षक र विद्यार्थीको पहुँच विस्तार गर्ने
६. कम्प्युटर लाइब्रेरी तथा डिजिटल पुस्तकालयको माध्यमबाट दृष्टिविहीन तथा सुनाइ क्षमता कमजोर भएका बालबालिकालाई लक्षित गरी दृश्य तथा श्रव्य सामग्रीको उचित प्रबन्ध र प्रयोग गर्ने

## ४.७.५ उपलब्धि, प्रमुख क्रियाकलाप, नतिजा र लक्ष्य

### (क) उपलब्धि

१. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास र विस्तारले प्रभावकारी ढङ्गबाट सिकाइमा सहजीकरण भएको हुने छ ।
२. सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुने छ ।

### (ख) प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | इन्टरनेट जडान भएका विद्यालयको सङ्ख्या | १५ | २० | ३६ | ३६ | ३६ | ३६ |
| २ | शिक्षण-सिकाइ क्रियाकलापमा | ९ | ९ | १८ | २६ | ३० | ३६ |

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| | कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय सङ्ख्या | | | | | | |
| ३ | मुख्य विषयमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | ७ | ९ | १८ | २६ | ३० | ३६ |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय सङ्ख्या | ३२ | ३२ | ३६ | ३६ | ३६ | ३६ |
| ५ | विद्युत्को पहुँच पुगेका विद्यालय सङ्ख्या | ३२ | ३२ | ३६ | ३६ | ३६ | ३६ |
| ६ | पुस्तकालय व्यवस्थापन | ७ | ७ | ८ | ९ | १० | १० |

## (ग) प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | विद्यालयमा ICT संरचना विस्तार गरी इ-लाइब्रेरी स्थापना | विद्यालय | ० | ७ | १० | १० | ७ | ३६ | ३६ | |
| २ | प्रत्येक विद्यालयमा Internet | विद्यालय | १५ | २० | २५ | ३० | ३६ | ३६ | ३६ | |

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| | Connectivity को व्यवस्था | | | | | | | | | |
| ३ | शिक्षकको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ४ | प्रत्येक विद्यालमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलब्धता | विद्यालय | ७ | ७ | १० | १० | ७ | ३६ | ३६ | |
| ५ | IEMIS व्यवस्थापन | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| ६ | पुस्तकालय व्यवस्थापन | विद्यालय | ७ | ७ | ८ | ९ | १० | १० | १० | |

## परिच्छेद पाँचः
## सुशासन तथा व्यवस्थापन

शिक्षा जस्तो महत्त्वपूर्ण सार्वजनिक सेवालाई सबल, चुस्त, सेवाउन्मुख तथा परिणाममुखी बनाउनका लागि सुशासन र व्यवस्थापनको भूमिका ज्यादै महत्त्वपूर्ण रहन्छ । सामान्यतया सुशासन तथा व्यवस्थापनले उत्तरदायित्वजिम्मेवारी ,पारदर्शिता , बोध वा जवाफदेहीपन, विधिको शासन , समता तथा समावेशिता र व्यापक सहभागिता सुनिश्चित गरी योजनाका उद्देश्य प्राप्तिमा सहयोग पुऱ्याउन तयार गरिएका संरचना तथा प्रकियाहरू जनाउँछ । सुशासनको प्रत्याभूतिका लागि सहभागिता तथा सहमतिमा निर्णय तथा कार्यान्वयन गर्न, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित भई कार्य गर्न, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायित्व वहन गर्न, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्न, विद्यार्थीको सिकाइप्रति जवाफदेही बन्न र पारदर्शिता तथा विधिको सर्वोच्चता कायम गर्न सहयोग पुग्ने गरी संरचना तथा कार्य प्रक्रिया व्यवस्थित गरिनुपर्छ । शिक्षामा तीनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारको भूमिका रहने भएकाले आआफ्नो भूमिका अनुसार सुशासन कायम गर्न यी सबैको योगदान आवश्यक हुन्छ । नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूचीसहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था छ । विद्यालय शिक्षाको यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको व्यबस्थापकीय प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु आवश्यक हुन्छ ।

यस परिच्छेदमा सुशासन तथा व्यवस्थापनअन्तर्गत संस्थागत क्षमता विकास, स्थानीय शिक्षा योजनाको कार्यान्वयनको प्रबन्ध र अनुमगन तथा मूल्याकंन जस्ता क्षेत्र समावेश गरिएको छ । यस परिच्छेदमा समावेश गरिएका क्षेत्रलाई पनि अरु परिच्छेदमा जस्तैः परिचय, वर्तमान अवस्था, उद्देश्य, रणनीति, उपलब्धि, नतिजा र मुख्य क्रियाकलाप र लक्ष्य निर्धारण गरि सातओटा उपशीर्षकहरूमा विभाजन गरी विश्लेषण गरिएको छ ।

### ५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता

#### ५.१.१ परिचय

नेपालको शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचना सङघीय स्वरूपमा तीनै तहमा प्रवाह गरी शैक्षिक सेवालाई निरन्तर गर्ने तत्कालीन समस्या समाधानकालागि कर्मचारीको व्यवस्थापन र सँगठनात्मक स्वरूपमा केही परिवर्तन गरी व्यवस्थापन गरिएको छ । बदलिदो परिवेशअनुसार शासकीय संरचना, प्रक्रिया र क्षमता सुधार गरिएमामात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन

कायम हुने भएकाले सङ्घीय संरचनाअनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व शिक्षामा भएको सङ्ख्यात्मक विस्तार विज्ञान प्रविधि र सञ्चारमा ठट भएको विकास, सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ । यस योजनामा प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार र समता तथा समावेशिताको प्रवर्धनसहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ भने त्यसकालागि आवश्यक पर्ने क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ । यस खण्डमा सुशासन प्रवर्धन गरी शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनकालागि विद्यमान पद्धतिको समीक्षा गरी यस विद्यालय क्षेत्रको योजनाको प्रभावकारी र कुशल कार्यान्वयनकालागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरिएको छ । पहिचान गरिएका चुनौतीहरू सामना गरी सुशासन प्रवर्धन गर्नकालागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको प्रस्ताव पनि गरिएको छ ।

### ५.१.२ वर्तमान अवस्था

स्थानीय सरकार सञ्चालन ऐन २०७५ ले शिक्षासम्बन्धी २३ वटा अधिकारहरु तोकेको छ। यी कार्यबाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय एकाइ राखिएको छ। प्रदेश सरकारले प्रदेश स्तरका सेवा प्रवाह गर्न जिल्लास्तरमा कार्यालय स्थापना गर्ने क्रम सुरु गरेका छन्। विद्यालय निरीक्षक र स्रोत व्यक्तिले प्रदान गर्दै आएका सेवा निरन्तर हुन नसकेकोले विद्यालयहरूमा सुपरिवेक्षण र शिक्षक पेसागत सहयोग पद्धतिको अभाव भएको अवस्था छ। यसका लागि यस विद्यालय शिक्षा क्षेत्र योजनाले वैकल्पिक शिक्षक पेसागत सहयोग तथा सुपरिवेक्षणका लागि अल्पकालीन तथा दीर्घकालीन संयन्त्र बनाउने प्रस्ताव गरेको छ।

सरकारका तीनै तहहरूबिच सहजीकरण र समन्वयका पक्षमा सुधार गरी विद्यार्थीको नतिजा प्रतिको जवाफदेहितामा सुधार गर्नु आवश्यक छ। प्रत्येक तहका सरकारले साझा लक्ष्य हासिल गर्न आ-आफ्ना भिन्न-भिन्न विशेषता र क्षमतालाई सम्बोधन गर्ने किसिमको संस्थागत व्यवस्था, क्षमता विकास र सोअनुसार कार्यान्वयन गर्ने परिपाटी र संस्कृतिको विकास गर्नु आवश्यक छ।

साबिकका जिल्ला शिक्षा कार्यालयहरू शिक्षा विकास तथा समन्वय एकाइमा रुपान्तरण भएका छन् । यिनले सङ्घीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय मातहत काम गर्छन्। स्थानीय तहमा शिक्षा शाखा रहने व्यवस्था छ। स्थानीय तहको शिक्षा शाखामा शिक्षा सेवाको कर्मचारीको दरबन्दी निर्धारण गरी पदस्थापन गरिएको छ। सङ्घीयताका सन्दर्भमा शिक्षा प्रशासन तथा व्यवस्थापनलाई प्रभावकारी, सक्षम तथा नतिजामुखी बनाउनका लागि वर्तमान संरचना, कार्य विभाजन तथा क्षमताको पुनरावलोकन गर्न आवश्यक छ।

### ५.१.३ उद्देश्य

१. स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु
२. जनशक्तिका लागि संस्थागत क्षमता अभिवृद्धि गर्नु
३. आवश्यक स्रोत साधनको व्यवस्थापन गर्नु
४. समग्र शैक्षिक नतिजाप्रति जबाफदेही बनाउन विद्यालय व्यवस्थापनलाई सक्षम बनाउनु।

### ५.१.४ रणनीति

१. स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने
२. संस्थागत संरचनाअनुसार जनशक्तिको व्यवस्था गर्ने
३. कार्यरत जनशक्तिको क्षमता विकास गर्ने
४. स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गर्ने
५. प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्षलाई थप जिम्मेवार बनाई क्षमता विकास गर्ने
६. कार्यक्रमको प्रभावकारी ढङ्गबाट कार्यसम्पादन गर्न आवश्यक स्रोत साधनहरूको व्यवस्थापन गर्ने

### ५.१.५ उपलब्धि, प्रमुख क्रियाकलाप, नतिजा र लक्ष्य

### (क) उपलब्धि

१. स्थानीय तहमा आवश्यक पर्ने जनशक्तितको व्यवस्थापन भएको हुने छ ।
२. संस्थागत क्षमता अभिवृद्धि भई उत्तरदायित्व तथा जिम्मेवारीमा वृद्धि भएको हुने छ।
३. आवश्यक स्रोत साधनको व्यवस्थापन भई प्रभावकारी रूपमा कार्यसम्पादन भएको हुने छ ।

### (ख) प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र सं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | ३ | ३ | ५ | ६ | ७ | ७ |
| २ | आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापन सम्बन्धी | ३ | ८ | १५ | २२ | २५ | २८ |

| क सं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| | तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | | | | | | |
| ३ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय सङ्ख्या | ३७ | ३७ | ३७ | ३७ | ३७ | ३७ |
| ४ | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय सङ्ख्या | ३७ | ३७ | ३७ | ३७ | ३७ | ३७ |
| ५ | प्रचलित कानुनमा व्यवस्था भए बमोजिम प्रधानाध्यापक तथा प्राचार्य नियुक्त गर्ने माध्यमिक विद्यालय सङ्ख्या | ० | ७ | ७ | ७ | ७ | ७ |
| ६ | विद्यालय व्यवस्थापन समिति गठन भएका विद्यालय संख्या | ३७ | ३७ | ३७ | ३७ | ३७ | ३७ |
| ७ | समयमै शैक्षिक तथ्याङ्क भर्ने विद्यालय संख्या | ३७ | ३७ | ३७ | ३७ | ३७ | ३७ |
| ८ | नियमितरूपमा लेखापरीक्षण तथा सामाजिक परीक्षण गर्ने विद्यालय संख्या | ३७ | ३७ | ३७ | ३७ | ३७ | ३७ |

## (ग) प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | आवश्यक कानूनी प्रबन्ध तथा मापदण्ड विकास | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| २ | संस्थागत संरचना निर्माण तथा क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ३ | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ४ | कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार बनाउने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ५ | विद्यालय कार्यसम्पादन एवम् स्वमूल्याङ्कन गर्ने, गराउने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ६ | जनशक्तिको क्षमता अभिवृद्धि | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ७ | विद्यालय सुधार योजना निर्माण एवं अद्यावधिक र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ८ | शैक्षिक गुणस्तर सुधार सम्बन्धी अन्तर्क्रिया | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ९ | योजना कार्यान्वयनका | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| | लागि वार्षिक बजेट तथा कार्यक्रम निर्माण | | | | | | | | | |
| १० | अनौपचारिक शिक्षा र जीवन पर्यन्त सिकाइ सम्बन्धी संयन्त्र विकास गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ११ | विद्यालय स्वास्थ्य तथा पोषण, सरसफाइ तथा स्वच्छता, विपत् तथा महामारी सम्बन्धि सेवा तथा समन्वयका लागि संयन्त्र विकास गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

## ५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ५.२.१ परिचय

यस योजनाले प्रस्ताव गरेका उद्देश्य तथा लक्ष्यहरूलाई नतिजा र उपलब्धिमा रूपान्तरण गर्न कार्यान्वयनको उपयुक्त र सबल संरचनात्मक प्रबन्ध आवश्यक हुन्छ। योजनाको कार्यान्वयन प्रबन्धअन्तर्गत आवश्यक सङ्गठन तथा संरचना, जनशक्ति, नीति, कानुन तथा मापदण्ड र जिम्मेवारी

सहितको उत्तरदायित्त्वको संरचना पर्दछन। यसअन्तर्गत बार्षिक योजना तथा बजेट तर्जुमाको संयन्त्र, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कन पर्दछन् ।

### ५.२.२ वर्तमान अवस्था

स्थानीय तहमा शिक्षा विभाग, महाशाखा वा शाखामार्फत शिक्षासम्बन्धी कार्यहरू भईरहेका छन्। स्थानीय तहका शिक्षा शाखाहरूले सम्बन्धित तहअन्तर्गत विद्यालयस्तरीय शिक्षा योजना निर्माण, कार्यक्रम कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन गर्दछन्। प्रत्येक विद्यालयमा विद्यालय व्यवस्थापन समिति रहनुका साथै शिक्षकमध्ये एक जनालाई प्रधानाध्यापक नियुक्त गरी विद्यालय सञ्चालनको जिम्मेवारी दिइएको छ । स्थानीय तहलाई विद्यालय शिक्षाका सवालहरूमा प्राविधिक सहायता र सहयोग उपलब्ध गराउने र प्रादेशिक तथा सङ्घीय सरकारहरूले स्थानीय तहहरूसँग शिक्षाका विभिन्न विषयहरूमा साझेदारी तथा समन्वय गर्ने विषयमा स्पष्ट गर्नु जरुरी रहेको छ ।

स्थानीय तहले शिक्षा क्षेत्र विकासका लागि आवधिक योजना तयार गर्ने, सङ्घीय तथा प्रदेश तहबाट प्राप्त ससर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने, योजना कार्यान्वयनका लागि आवश्यकतानुसार कानुन, मापदण्ड तथा निर्देशिका विकास गर्ने, शिक्षा शाखाको क्षमता सुदृढ गरी कार्यक्रम कार्यान्वयनका लागि सरोकारवालाहरू संलग्न रहेको समन्वय समिति आवश्यकतानुसार अन्य समितिहरू निर्माण गर्ने कार्यहरु भैरहेका छन्। साथै शिक्षण सिकाइमा आवश्यक सहयोग आदान प्रदानका लागि स्थानीयस्तरमा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास तथा सञ्चालन गर्ने, विद्यालयमा विद्यालय व्यवस्थापन समिति र अभिभावक शिक्षक सङ्घ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने कार्य हुँदै आएको छ ।

विद्यालय सुधार योजना बनाई वार्षिक रूपमा अद्यावधिक गर्ने, स्थानीय तहबाट प्राप्त बजेट तथा आफ्नै स्रोतका बजेट प्रयोग गरी विद्यालय व्यवस्थापन समितिले वार्षिक कार्यक्रम तथा बजेट निर्माण गर्ने र कार्यान्वयन गर्ने, विद्यालय सुधारसँग सम्बन्धित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापक जिम्मेवार बनाउने, विद्यालय व्यवस्थापनका लागि प्रधानाध्यापकहरूको सशक्तीकरण तथा क्षमता अभिवृद्धि गर्ने, वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षाकोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने, अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र विद्यालयको कार्यसम्पादनका सम्बन्धमा सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने, स्थानीय तहका सम्बन्धित शाखाहरू, स्थानीय सामुदायिक तथा गैरसरकारी संस्था तथा स्रोतव्यक्ति समेतको सहकार्यमा विद्यार्थीका लागि पोषण, स्वास्थ्य, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा तथा विपद्को अवस्थामा समेत शिक्षाको निरन्तरताका लागि आवश्यक समिति वा संरचना तयार गर्ने जस्ता कार्यहरु विद्यालयस्तरबाट हुँदै आएको छ ।

### ५.२.३ उद्देश्य

१) स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु
२) जनशक्तिका लागि संस्थागत क्षमता अभिवृद्धि गर्नु
३) आवश्यक स्रोत साधनको व्यवस्थापन गर्नु

### ५.२.४ रणनीति

१) स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने
२) संस्थागत संरचनाअनुसार जनशक्तिको व्यवस्था गर्ने
३) कार्यरत जनशक्तिको क्षमता विकास गर्ने
४) स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गर्ने
५) प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्षलाई थप जिम्मेवार बनाई क्षमता विकास गर्ने
६) कार्यक्रमको प्रभावकारी ढङ्गबाट कार्यसम्पादन गर्न आवश्यक स्रोत साधनहरूको व्यवस्थापन गर्ने

### ५.२.५ उपलब्धि, प्रमुख क्रियाकलाप, नतिजा र लक्ष्य

#### (क) उपलब्धि

स्थानीय शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ ।

#### (ख) प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय सङ्ख्या | ३७ | ३७ | ३४ | ३४ | ३४ | ३४ |
| २ | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय सङ्ख्या | ३७ | ३७ | ३४ | ३४ | ३४ | ३४ |

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| ३ | प्रचलित कानुनमा व्यवस्था भएबमोजिम प्रधानाध्यापक तथा प्राचार्य नियुक्त गर्ने माध्यमिक विद्यालय सङ्ख्या | ० | ० | ३४ | ३४ | ३४ | ३४ |
| ४ | विद्यालय सुधार योजना निर्माण एवं अद्यावधिक गर्ने विद्यालय सङ्ख्या | ३७ | ३७ | ३४ | ३४ | ३४ | ३४ |
| ५ | सामाजिक परीक्षण गर्ने विद्यालय सङ्ख्या | ३७ | ३७ | ३४ | ३४ | ३४ | ३४ |
| ६ | | | | | | | |

## (ग) प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | आवश्यक कानूनी प्रबन्ध तथा मापदण्ड विकास तथा प्रबोधीकरण | आवश्यकता अनुसार | | | | | | | | |
| २ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| ३ | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ४ | एकीकृत शैक्षिक सूचना प्रणाली सुदृढिकरण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ५ | विद्यालय सुधार योजना निर्माण एवं अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ६ | सामाजिक परीक्षणको प्रतिवेदनको आधारमा विद्यालयहरुलाई थप सहजीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ७ | शैक्षिक गुणस्तर सुधार सम्बन्धी अन्तर्क्रिया | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ८ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ सम्बन्धी कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

## परिच्छेद छः
## लगानी र स्रोत व्यवस्थापन

### ६.१ परिचय

देश विकासको लागि "शिक्षा पूर्वाधारको पनि पूर्वाधार हो" भनिन्छ । दिगो विकासका लागि राष्ट्रले प्राथमिकताका साथ शिक्षामा लगानी गर्नुपर्दछ । नेपालले विभिन्न कालखण्डमा शिक्षासम्बन्धी नीति तथा कार्यक्रम तय गर्दा शिक्षामा लगानी वृद्धि गर्ने लक्ष्य लिएको छ ।

नेपालमा बजेट निर्माणका चरणमा शिक्षा क्षेत्रको बजेट प्रमुख छलफलको विषय बन्ने गर्दछ । शिक्षामा राष्ट्रिय बजेटको २०% सम्म पुऱ्याउने लक्ष्य लिएको भए तापनि उक्त लक्ष्य पूरा भएको पाइदैंन ।अहिलेको विद्यालय क्षेत्र विकास योजनाको अन्त्यसम्म लगानी गर्न संविधानले आधारभूत शिक्षालाई निःशुल्क र अनिवार्य गराउने, माध्यमिक तहको शिक्षा निःशुल्क गर्ने र अपाङ्गता, महिला, जात तथा वर्ग विभेद नहुने गरी शिक्षालाई मौलिक हकका रूपमा प्राप्त गर्ने अवसर प्रदान गर्न राज्यको दायित्व हुने कुरा प्रस्ट पारेको छ । शिक्षा ऐन, नियम, रष्ट्रिय शिक्ष ऐन, शिक्षा नीति-२०७६ र विद्यालय क्षेत्र विकास योजना २०७३ ले पनि यसै कुरालाई पछ्याएको छ ।

विद्यालय शिक्षामा लगानी गर्नु संघ, प्रदेश र स्थानीय तहको साझा दायित्व भएकोले यस विषयमा विशेष ध्यान पुऱ्याउनुपर्दछ। तहगत सरकारबाट तोकिएको क्रियालापमा आधारित लगानी नगरी पुरक लगानीको उत्तरदायित्व सयन्त्र विकास गरी कार्यान्वयन गर्नु पर्दछ। परिमाणस्वरुप विद्यालयका शिक्षक तथा कर्मचारीको पारिश्रमिक र भौतिक निर्माण लगायतका कार्यमा सङ्घीय तहबाट वित्तीय हस्तान्तरण मार्फत उपलव्ध हुने सशर्त अनुदानका अतिरिक्त स्थानीय सरकारले आफ्नै स्रोतबाट समेत बजेट विनियोजन गर्ने अपेक्षा गरिएको छ।

### ६.२ वर्तमान अवस्था

शिक्षामा लगानी बढाउनु पर्छ भन्ने विषयमा सैद्धान्तिक रूपमा राजनीतिक तहमा र नेपालका नीतिगत दस्तावेजहरूमा सहमति देखिन्छ । सबैको धारणा लगानी बढाउने कुरामा एकै हुनुलाई लगानी वृद्धि गर्ने प्रयासको महत्वपूर्ण आधार मान्न सकिन्छ । नेपालका सबैजसो राजनीतिक दलको राष्ट्रिय तहको चुनावी घोषणापत्रमा कुल राष्ट्रिय बजेटको कम्तीमा २० प्रतिशत शिक्षामा लगानी गरिने कुरा उल्लेख छ । पूर्व प्राथमिक र बालविकास र शिक्षाबाहेक अन्यतहहरूमा सार्वजनिक लगानीको तुलनामा निजी लागानी करिब दोब्बर भएको देखिन्छ भने पूर्व प्राथमिक र बालविकास र शिक्षामाभने निजीलगानी सार्वजनिक लगानीको झण्डै पाँच गुणा बढी देखिन्छ । निःशुल्क विद्यालय शिक्षालाई राज्यको दायित्वका रूपमा कार्यान्वयन गर्नकालागि अहिलेकै अवस्थामा पनि सरकारको लगानी बढाउनु जरुरी देखिन्छ भने समग्रमा शिक्षा प्रवाह सुधार गरी बालबालिका मैत्री वातावरमा सबैकालागि गुणस्तरीय शिक्षाको प्रबन्धकालागि नगरपालिकालाई थप लगानी आवश्यक देखिन्छ ।

